# सप्तरी जिल्लाको मलेठमा २०७३।११।२३ मा सुरक्षाकर्मीको गोली लागी ५ जना व्यक्तिहरुको मृत्यु भएको र कयौं व्यक्तिहरु घाइते भएको भन्ने घटनाको छानविन प्रतिवेदन

## राष्ट्रिय मानव अधिकार आयोग

हरिहर भवन, ललितपुर

## उच्चस्तरीय छानविन समिति

ताहिर अली अन्सारी – संयोजक (पूर्व न्यायाधीश)
डा. हरिहर वस्ती – सदस्य (फरेन्सिक विशेषज्ञ)
मञ्जु खतिवडा – सदस्य (मानव अधिकार अधिकृत)
जीवन न्यौपाने – सदस्य (मानव अधिकार अधिकृत)

## प्रतिवेदन संयोजन

जीवन न्यौपाने–मानव अधिकार अधिकृत

## प्रतिवेदन बुझाएको मितिः २०७४।२।२९
## छानविनमा खटिएको मितिः २०७४।२।८ देखि ऐ.१३ गते सम्म

**प्रकाशकीयः** यो प्रतिवेदन मलेठ घटनाका सम्बन्धमा आयोगद्वारा गठित उच्चस्तरीय छानविन समितिले पेश गरेको प्रतिवेदन हो । आयोगको मिति २०७५।३।८ को निर्णय बमोजिम यो प्रतिवेदन सार्वजनिक गरिएको हो । प्रतिवेदनमा भाषागत शुद्धतामा केही संशोधन भएको छ । "कसैलाई हानी नगर्ने सिद्धान्त" र गोपनियता कायम राख्न प्रत्यक्षदर्शीहरु, टोली समक्ष बयान दिने व्यक्तिहरुको वास्तविक नामको सट्टा छद्म नाम प्रयोग गरिएको छ ।

**©सर्वाधिकार राष्ट्रिय मानव अधिकार आयोग**
**हरिहर भवन, ललितपुर, नेपाल ।**

आयोगको पूर्व स्वीकृतिविना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा  शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिनेछ ।

**लाईः** श्रीमान् सचिवज्यू मार्फत

राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन

पुल्चोक, ललितपुर ।

**प्रतिवेदनको शीर्षकः** सप्तरी जिल्लाको मलेठमा २०७३।११।२३ मा सुरक्षाकर्मीको गोली लागी ५ जना व्यक्तिहरुको मृत्यु भएको र कयौं व्यक्तिहरु घाइते भएको भन्ने घटनाको छानविन प्रतिवेदन ।

# विषय-सूची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| | **भाग १** | (१–४) |
| १. | प्रतिवेदनको सारांश | १–३ |
| २. | उच्चस्तरीय छानविन समितिको गठन तथा कार्यादेश | ३ |
| ३. | घटनाको पृष्ठभूमी र अवस्था | ३–४ |
| ४. | छानविनको पद्धती | ४ |
| | **भाग २** | (५–५२) |
| ५. | तथ्यहरु | ५–३६ |
| ६. | विश्लेषण | ३७–५२ |
| | **भाग ३** | (५३–६५) |
| ७. | निष्कर्ष | ५९–६४ |
| ८. | सुझाव | ५९–६४ |

# भाग–१

## १. प्रतिवेदनको सारांश

नेपालको संविधान, २०७२ ले तराई मधेशका जनताहरुको मानव अधिकारका विभिन्न विषयवस्तुहरुलाई संबोधन नगरेकोले संशोधन गर्नुपर्छ भन्ने माग राख्दै तराई मधेश केन्द्रित केही दलहरुले संविधानको मस्यौदा जारी भएदेखि नै आन्दोलन गर्दै आइरहेका छन् । नेपाली कांग्रेस र ने.क.पा. (माओवादी केन्द्र) समेतको समर्थनमा गठित तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) नेतृत्वको सरकारले २०७४।१।३१ र २०७४।२।३१ मा गरी २ चरणमा स्थानीय तहको निर्वाचन गर्ने घोषणा गर्‍यो । तराई मधेश केन्द्रित आन्दोलनकारी दलहरुले संविधानमा भाषा र सिमांकन लगायतका विषयहरु संशोधन नभई निर्वाचनामा भाग नलिने अडान लिँदै आएका छन् । यसै समयमा ने.क.पा. (एमाले) ले निर्वाचन लक्षित मेची महाकाली चुनावी अभियानको थालनी गर्‍यो ।

### १.१. मलेठ घटना

मलेठ घटना भन्नाले २०७३।११।२३ गते सप्तरी जिल्लाको मलेठ गाउँ नजिकै रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र भित्र भएको ने.क.पा. (एमाले) को सभाको विरोधमा भएको लोकतान्त्रीक मधेशी मोर्चाका प्रदर्शनकारीहरु माथि त्यहाँ तैनाथ सुरक्षा प्रहरीले चलाएको गोलीबाट केही प्रदर्शनकारीको मृत्यु र अनेक प्रदर्शनकारी एवम् प्रहरी घाइते भएको घटनालाई सम्झनु पर्दछ ।

ने.क.पा. एमालेको मेची महाकाली अभियान अन्तर्गत २०७३।११।२३ मा सप्तरी जिल्लामा आमसभाको आयोजना गरेको थियो । शुरुमा सदरमुकाम राजविराजमा आयोजना गर्ने भनिएको कार्यक्रम मधेश केन्द्रित दलहरुले तिब्र विरोध गरेका कारण राजबिराजबाट ३ कि.मी. उत्तरतर्फ मलेठ गाउँ नजिकै गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रभित्र आयोजना गरियो । उच्च सुरक्षा शतर्कताका बिच चुनौतीपूर्ण अवस्थामा गरिएको उक्त कार्यक्रम करिव २ घण्टा सञ्चालन भयो । स्थानीय सुरक्षा निकायले ने.क.पा. (एमाले) का नेताहरुलाई त्यहाँपनि कार्यक्रम नगर्न र राजमार्ग केन्द्रित कार्यक्रम गर्न सुझाव दिँदै सम्भावित जोखिम व्यवस्थापन गर्न उच्चतम प्रयास गरेको थियो । एमालेले शान्तिपूर्वक सभा सम्मेलन गर्न पाउने संवैधानिक हक अधिकार भएको भनी औद्योगिक क्षेत्रमा कार्यक्रम गरेरै छाड्ने अडान लिएपछी कार्यक्रमको विरोध गर्दै आएका मधेश केन्द्रित दलका संयोजक र नेताहरुलाई कार्यक्रम नबिथोल्न र विरोधका कार्यक्रमलाई शान्तिपूर्ण बनाउन स्थानीय प्रशासनले आग्रह गरेको जनाइयो । दुवैतर्फका कार्यक्रमहरु शान्तिपूर्ण रुपमा सञ्चालन गर्ने मौखिक प्रतिवद्धता जाहेर भएपनि २३ गते विहानैदेखि सप्तरी सदरमुकाम राजविराज लगायतका स्थानहरुमा तनाव सृजना भएको थियो । एमालेका कार्यकर्ताहरुलाई मोर्चाका कार्यकर्ताहरुले कार्यक्रमस्थलसम्म आउन गौंडा गौंडामा बसी रोक लगाएका थिए । सम्भावित सुरक्षा चुनौतीलाई मध्यनजरगरी उल्लेख्य संख्यामा सुरक्षाकर्मीहरु परिचालन गरिएको थियो । एमालेको सभास्थल वरिपरी मोर्चाका कार्यकर्ता र प्रहरी बिच लगभग दिनभरी नै पटक पटक झडपहरु भए ।

एमालेका कार्यकर्ताहरु दिनको करिव ४ बजेतिर गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र भित्र प्रवेश गर्न लाग्दासम्म मोर्चाका कार्यकर्ताहरुको भीड बढ्दै गएको थियो । यस अघि सप्तरीको भारदह, रुपनी लगायतका स्थानहरुमा मोर्चाका कार्यकर्ताहरुले एमालेका नेता कार्यकर्ताहरुलाई कार्यक्रम स्थलसम्म आउन नदिन प्रयाश गरेका थिए । यसै बिचमा उच्च सुरक्षा घेरामा एमालेका अध्यक्ष केपी ओली समेतका नेता कार्यकर्ताहरु गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रभित्र आइपुगे ।

कार्यक्रम स्थलभन्दा करिव ४।५ किलोमिटर पर नै मोर्चाका कार्यकर्ताहरुलाई रोक्ने प्रहरीको प्रयाश असफल भयो । तसर्थ कार्यक्रमस्थल भन्दा करिव ५०० मिटर दूरीमा प्रहरीले मोर्चाका कार्यकर्ताहरुलाई कार्यक्रम स्थलतर्फ प्रवेश गर्न रोक लगाएको थियो ।

आमसभा शुरु भएपछी बढ्दै गएको मोर्चाका कार्यकर्ताहरुले हातमा लाठी, भाला लिएर कार्यक्रम स्थलभित्र प्रवेश गर्न प्रयास गर्‍यो । प्रहरीले धेरै राउण्ड अश्रुग्याँस प्रहार गर्‍यो । भीड नियन्त्रणका लागि भिकाइएको पानीको फोहोरा गाडीमा मोर्चाका कार्यकर्ताहरुले केही तोडफोड गरेका कारण र गाडीमा प्राविधिक गडबडी भएका कारण फोहोरा प्रयोग भएन । अश्रु ग्याँसले मोर्चातर्फका प्रदर्शनकारी नहटेपछि करिव १० राउण्ड हवाई फायर भयो । के.पी. शर्मा ओलीले बोल्दै गर्दा मोर्चाका कार्यकर्ताहरु अत्यधिक आक्रोसित भई पर्खाल नाघी कार्यक्रम स्थलमै प्रवेश गर्न खोज्दा त्यहाँ तैनाथ सशस्त्र प्रहरीले गोली चलायो । प्रहरीले चलाएको गोली लागि ३ जनाको घटनास्थलमै र २ जनाको उपचारको क्रममा मृत्यु भयो । कयौं व्यक्तिहरु घाइते भए ।

उक्त घटनामा प्रहरीले अनावश्यक बल प्रयोग गरेको र घुँडाभन्दा माथि गोली चलाएकोले मानव अधिकारको उल्लंघन भएको भन्ने आरोपको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले समेत २ पटक उक्त घटनाको अनुगमन गर्‍यो । अनुगमन प्रतिवेदनले घटनाको सम्बन्धमा थप अनुसन्धान गर्नुपर्ने भन्ने सुझाव दिए अनुरुप आयोगले २०७३।१२।३१ मा एक उच्च स्तरीय समिति गठन गरी छानविन गर्ने निर्णय गरेको थियो । यसै अनुसार सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री ताहिर अली अन्सारीको संयोजकत्वमा डा. श्री हरीहर वस्ती, मानव अधिकार अधिकृतद्वय मन्जु खतिवडा र जीवन न्यौपाने सम्मिलित समिति गठन गरिएको थियो । सो समितिले २०७४।२।८ देखि २०७४।२।१३ सम्म स्थलगत छानविन गरी प्रस्तुत प्रतिवेदन तयार गरेको छ ।

छानविनका क्रममा प्राप्त भएका तथ्यहरुको आधारमा कार्यक्रम नगरी नछोड्ने ने.क.पा.( एमाले) को अडान, कार्यक्रम हुनै नदिने मधेशी मोर्चाको हठका कारण ५ जना निर्दोष व्यक्तिहरुको ज्यान गयो । उनीहरुको बाँच्न पाउने अधिकारलाई संरक्षित गरेको विभिन्न अन्तर्राष्ट्रिय कानून र नेपालको संबिधानले प्रत्याभूत गरेकोमा ति हकहरुको सुरक्षा हुन सकेन । कयौं सर्वसाधारण, प्रदर्शनकारीहरु, प्रहरीहरु लगायतका व्यक्तिहरु घाइते भए । केही घाइतेहरुको शरीरमा यद्यपी गोली रहेकै छ ।

घटनामा प्रहरीले लामो समयसम्म संयमता अपनाएकै देखियो । अन्तिम अवस्थामा गोली चलाउनुपर्ने परिस्थिती सृजना भएकै अवस्थामा गोली चलाउँदा मानवीय क्षति भएको पाइएको छ । प्रहरीले केही व्यक्तिहरुलाई नियन्त्रणमा लिएपछि पनि निर्घात कुटपीट गरेको देखिएको छ । तर उक्त घटनामा प्रहरीले गोली नचलाएको भए थप धनजनको क्षतिहुने प्रवल सम्भावनालाई नकार्न नसकिने आधारहरु देखिएका छन् ।

५ जना व्यक्तिहरुको ज्यान जानेगरी भएको उक्त दुःखद घटनामा ने.क.पा. (एमाले) र संयुक्त मधेशी मोर्चा नै जिम्मेवार रहेको प्रस्तुत छानविन प्रतिवेदनको निष्कर्ष रहेको छ । त्यसपछि कानूनी प्रावधानको उल्लघंन हुनेगरी गोली प्रहारगर्ने प्रहरी पनि आंशिक रुपमा दोषी देखिएको छ । मृतक परिवारलाई राहतको व्यवस्था गरिएको भएपनि घाइतेहरुको वर्गीकरणगरी लामो समयसम्म उपचार गर्नुपर्ने घाइतेहरुलाई निःशुल्क उपचार एवम् राहतको व्यवस्था गर्न नेपाल सरकारलाई सुझाव दिनुपर्ने, शान्ति सुरक्षा, मानिसहरुको जीवन नै जोखिम हुने, सामाजिक सद्भाव र साम्प्रदायिकतामा उच्च चुनौती देखिएमा स्थानीय सुरक्षा निकायले कुनै हालतमा पनि कोही कसैलाई कुनै सभा सम्मेलन गर्न नदिनको लागि स्थानीय प्रशासन ऐन, २०२८ मा आवश्यक संशोधन गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई लेखी पठाउने समेतका सुझाव र सिफारिसहरु प्रतिवेदनमा उल्लेख भएका छन् ।

## २. उच्चस्तरीय छानविन समितिको गठन तथा कार्यादेश

### २.१. गठन

राष्ट्रिय मानव अधिकार आयोगले २०७३।१२।३१ मा मलेठ घटनाका सम्बन्धमा अनुसन्धान गर्न एक उच्च स्तरीय समिति गठन गरी छानविन गर्ने निर्णय गरेको थियो । समितिको गठन देहाय अनुसार छः

१. सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री ताहिर अली अन्सारी – संयोजक

२. फरेन्सीक विशेषज्ञ डा. श्री हरीहर वस्ती – सदस्य

३. राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत श्री मन्जु खतिवडा – सदस्य

४. राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत श्री जीवन न्यौपाने – सदस्य

### २.२. कार्यादेश

घटनाको सत्य तथ्य पत्ता लगाई सुझाव एवम् सिफारिस सहितको प्रतिवेदन पेश गर्ने मुख्य कार्यादेश भएको उक्त समितिले २०७४।२।८ देखि २०७४।२।१३ सम्म स्थलगत छानविन र २०७४।२।२९ गते सम्म काठमाण्डौ मा नै बसी छानविन सम्बन्धी अन्य कार्य एवम् यो प्रतिवेदन लेखनको कार्य सम्पन्न गरेको हो ।

## ३. घटनाको पृष्ठभूमी र अवस्था

सप्तरी जिल्लाको साविक मलेठ गा.वि.स. वडा नं. ५ स्थित गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रभित्र ने.क.पा. (एमाले) ले २०७३।११।२३ मा आयोजना गरेको आमसभालाई विथोल्न खोज्ने संयुक्त मधेशी मोर्चाका कार्यकर्ताहरु र एमालेद्वारा आयोजित शीर्ष नेतृत्व सहभागी आमसभाका सहभागीहरु बिचको प्रत्यक्ष भिडन्त रोक्ने उद्देश्यका साथ व्यापक मात्रामा सुरक्षाकर्मीहरुको परिचालन गरिएको थियो । किनभने उक्त दिन पूर्व निर्धारित सभाको कार्यक्रम गरीछाड्ने र कुनै हालतमा पनि सो गर्ननदिने भनी दुवै पक्षले पहिला देखि नै तयारी गरिराखेको थियो । सभा हुने दिन भन्दा अघिल्लो साँझ मधेशी मोर्चाका तर्फबाट मशाल जुलुश निस्केको थियो भने सो अगावै एमाले कार्यकर्ता र मोर्चा कार्यकर्ता बिच स-साना झडपहरु हुँदै गरेका थिए ।

मलेठ घटना पश्चात जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला स्थित सशस्त्र प्रहरी बलका प्रमुखहरुको घटना भएको भोलिपल्टै काठमाडौ झिकाईएको थियो ।

तत्पश्चात् जिल्लाका तत् तत् निकायमा जिम्मेवारी सम्हाल्न अन्य अधिकारीहरु खटाइएको छ ।

केही घाइतेहरुको शरीरमा हालसम्म पनि गोली रहेको छ । उनीहरुलाई गोलीकै कारण भविष्यमा के हुने हो भन्ने चिन्ता लागिरहेको पाइएको छ । मृतकका परिवारले रु. १० लाख राहत प्राप्त गरेका छन् भने घाइतेहरुले तत्काल निःशुल्क उपचार प्राप्त गरेको भएपनि दीर्घकालीन रुपमा निजहरुलाई लाभ हुनेगरी कुनै क्षतिपूर्ति दिइएको छैन र त्यस्तो कार्यक्रम तय भएको छैन । हाल जिल्लाको अवस्था शान्तिपुर्ण नै देखिएपनि सुरक्षा चुनौतीहरु कायमै छन् ।

## ४. छानविनको पद्धती

प्रस्तुत घटनाको छानविनकालागि यस समितिले छानविनका निम्न बमोजिमका पद्धती अवलम्वन गरेको छः

- यो समिति गठन हुनु भन्दा अगाडीका मानव अधिकार अनुगमन सम्बन्धि प्रतिवेदन एवम् सो घटना सम्बन्धमा प्रकाशित पत्र पत्रिकाहरुको सामाग्रीहरु लगायतका अभिलेखहरुको अध्ययन गरिएको,
- घटनास्थलको अवलोकन र स्केचीङ गरिएको,
- घाइते व्यक्तिहरुसँग भेटघाट, घाउखतको अवलोकन, नापजाँच र बयान लिइएको,
- मृतक परिवारका सदस्यसँग भेटघाट र भनाई संकलन गरिएको,
- जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल कार्यालयमा भेटघाट, विवरण संकलन गरिएको,
- घाइते भएका प्रहरीहरुको घाउ खतको अवलोकन, नापजाँच र बयान लिइएको,
- घटनाका प्रत्यक्षदर्शीहरुसँग बयान लिइएको,
- विभिन्न माद्यमहरुबाट प्राप्त भएका श्रव्य दृष्यलाई अवलोकन गरिएको,
- घटनास्थल प्रकृती मुचुल्का, घाउजाँच फारम, प्रहरी प्रतिवेदन, शव परिक्षण प्रतिवेदनको अध्ययन गरिएको,
- तत्कालीन प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी र सशस्त्र प्रहरी प्रमुखहरुसँग सोधपुछ गरिएको,
- नेपालको संविधान, २०७२, को मौलीक हक खण्ड, घटनासँग सरोकार राख्ने प्रचलित नेपाल कानूनहरु र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता, सिद्धान्तका प्रावधानहरुको अध्ययनगरी तथ्यहरुको विवेचना गरिएको ।

# भाग–२

## २. तथ्यहरु

### २.१. सञ्चार माध्यममा प्रकाशन भएका समाचारहरु

१. घटना पछि सप्तरी जिल्लामा मोर्चाद्वारा अनिश्चितकालीन बन्दको आह्वान गरेको जसले लामो तथा छोटो दुरीमा चल्ने सवारी साधन नचल्नुका साथै जनजीवन प्रभावीत भएको ।

२. एमालेको मेची महाकाली अभियान बिरुद्ध मधेशी मोर्चा सप्तरीले १८ फागुनमै आन्दोलन घोषणा गर्यो । मोर्चाले लाठी जुलुश र जिल्ला बन्द आव्हान गर्दा सप्तरी प्रमुख जिल्ला अधिकारी विहिन थियो । सहायक प्र.जि.अ. पनि थिएनन् । १८ फागुनमा आएका प्र.जि.अ.**सप्तरी ४** ले दुवै पक्षले हठ नछाडेको र झडप भए बल प्रयोग हुन सक्ने २२ फागुन साँझ बताएका थिए । एमालेको अभियानका सहभागी र नेताहरु भारदह र हनुमान नगरहुँदै राजबिराज पस्ने कार्यक्रम थियो । तर मोर्चाले अवरोध गर्ने कार्यक्रम ल्याएपछि एमालेले त्यो रुट र कार्यक्रमस्थल पनि परिवर्तन गर्यो । एमालेले राजबिराजको राज रंगशालामा तय भएको सभा तीन किलोमिटर उत्तर मलेठ स्थित औद्योगिक क्षेत्रमा सार्ने निर्णय २२ फागुन बिहान गर्यो । शुरुमा सभास्थल भन्दा पनि सप्तरी प्रवेश गर्ने भारदहमा घटना हुने आशंका थियो । त्यही कारण प्रहरी नायव उपरिक्षक **प्रहरी १०** को कमाण्डमा पाँचसय भन्दा बढी प्रहरी भारदहमै परिचालित थिए । तर एमालेको कार्यक्रम शान्तिपुर्ण भारदह क्रस भयो । मोर्चा कार्यकर्ताले कालोझण्डा देखाउनु बाहेक केही गरेनन् । अभियानको कञ्चनपुर रुपनी रुटमा पनि केही भएन । एमाले अभियान मलेठको औद्योगिक क्षेत्र भित्र बिना रोकटोक प्रवेश गरेको थियो । सभास्थल सुरक्षाको कमाण्ड नेपाल प्रहरीका प्रहरी उपरिक्षक र शसस्त्र प्रहरी उपरिक्षकले गरेका थिए । सुरक्षाकर्मीको संख्या बढी भएकाले पनि प्रदर्शनकारीहरु कार्यक्रमस्थल छिर्न सक्ने अवस्था थिएन ।केहि दिन अगाडी आएका सगरमाथा अञ्चल प्रहरी प्रमुख एसएसपी शर्मा भन्छन् परे हातखुट्टा भाँचिने गरी लाठी हान्नु तर गोली नचलाउनु भनिएको थियो । **(श्रोतः साप्ताहिक खबर पत्रिका, प्रकाशन मितिः २९ फागुन - ५ चैत्र,२०७३)**

३. “हिंसामा मोर्चा नै दोषी” शिर्षकमा एमालेले सप्तरी घटनामा सुरक्षाकर्मी तथा जिल्ला प्रशासनले अधिकतम संयम अपनाएकै कारण सप्तरीमा एमालेका पार्टी अध्यक्ष लगायत वरिष्ठ नेता जोगिएको कुटनितिज्ञहरुलाई अवगत् गराएको छ । ब्रिफिङ्गको सुरुमा एमालेउपाध्यक्ष भीम रावलले सप्तरी घटनापछि उत्पन्न परिस्थितीबारे पार्टीको लिखित मन्तव्य सुनाएका थिए । जिल्लाका सुरक्षाकर्मी र जिल्ला प्रशासनले अधिकतम संयम अपनाएर ठूलो दुर्घटना हुनबाट बचाएका हुन् । अन्यथा सभामा सहभागी एमाले शिर्ष नेतामाथि आक्रमण हुन सक्थ्यो । एमाले बिदेश बिभाग प्रमुख माधव कुमार नेपालले भने सुरक्षाकर्मीको प्रशंसा गरिनुपर्थ्यो तर गृह मन्त्रालयले फिर्ता बोलाएर हतोत्साही

बनाउने काम गरेको छ । गृहमन्त्री बिमलेन्द्र निधिले सुरक्षानिकाय र प्रमुख जिल्ला अधिकारीलाई फिर्ता गर्नुबाट उक्त घटना उच्च सरकारी तहबाट नियतवश नै गराउन खोजिएको थियो की भन्ने आशंका देखिएको उनले बताए भनी प्रकाशन भएको पाईयो । (**श्रोत अन्नपुर्ण पोष्ट, प्रकाशन मितिः २०७३।११।२७)**

४. प्रहरीको गोली लागि मलेठमा मृत्यु भएका चारैजनाको शव धरानस्थित बिपी स्वास्थ्य बिज्ञान प्रतिष्ठानबाट शुक्रबार सप्तरी ल्याईने भएको छ । एमालेको मेची महाकाली अभियान अवरोध गर्ने क्रममा चार दिन अघि सप्तरीको मलेठमा उनीहरुको मृत्यु भएको थियो । राजबिराजमा विहीबार भएको सर्वपक्षीय सर्वदलीय बैठकले मधेशी मोर्चाको माग पुरा गर्न गृह मन्त्रालयमा सिफारिश गरी पठाईएको भन्दै शव ल्याउने निर्णय गरेको हो । र मोर्चा आवद्ध समाजबादी फोरमका केन्द्रिय सदस्य शैलेन्द्र प्रसाद साहका अनुसार शव शुक्रबार सप्तरी ल्याइ जनकपुर सम्म शवयात्रा गरिने तय भएको छ र शनिबार सामुहिक अन्त्येष्टी गरिने भएको छ भनी समाचार प्रकाशित भएको पाईयो । (**श्रोतः नयाँ पत्रिका, प्रकाशित मितिः शुक्रबार २७ फागुन २०७३**)

५. अहिले नेपालमा राष्ट्रिय र क्षेत्रिय दलबिच निषेधको राजनीति चलेको छ एउटा ७० वर्ष अघि जन्मेको पार्टी एमाले र अर्को ५ देखि १० वर्षको ईतिहास बनाएका पार्टीहरु । एउटा जेठो दाई र अर्को कान्छो भाई । वास्तवमा कान्छो छोरो उद्दण्ड भयो भने जेठो सुझबुझ सहित संयमित हुनुपर्छ । तर उ बाठो हुँ भन्छ । वास्तवमा निषेधको राजनीतिको शुरुवात्कर्ता नै उही हो । बि.सं. २०७२ मंसीर ११ गते संयुक्त लोकतान्त्रीक मधेशी मोर्चाले सुनसरीको ईटहरीमा आयोजना गरेको सभा स्थानीय बासिन्दाको भेषमा युवासंघ मार्फत् बिथोल्न लगाउने उही जेठो हो । फेरी अहिले त्यसैको बदला स्वरुप जेठोको सभा कान्छाहरुद्वारा बिथोलिएको छ । फेरी यी दुई दाजुभाईहरु बिच अहंकार र घमण्ड सृजना भएको देखिन्छ । सप्तरीको हिंसा र मानवीय क्षति कुनै पनि हालतमा आकस्मिक होईन र मान्नु पनि हुदैन । पूर्वानुमान थियो नै, जेठोको मेची महाकाली अभियानले मधेशमा तनाव बढाउँछ र तनावले हिंसाको रुप लिन्छ । यति जान्दा जान्दै पनि न जेठो, न कान्छो नै गंभीर देखिए । एउटाले कार्यक्रम कुनै पनि हालतमा जसरी पनि गर्न लागि प्रतिष्ठा बिषय ठान्छ, अर्को अवरोध गर्न प्रतिष्ठाको बिषय ठान्छ । वास्तवमा यी दुई बालहठले सप्तरीमा हिंसाको रुप लिएको छ र अनाहकमा ४ जना नेपाली नागरिकले ज्यान गुमाउनु पर्यो । आज जुन अराजक अवस्था पैदा भएको छ । त्यसको मुख्य असली ठेकेदार जेठो नै हो । कान्छो पनि यसमा अछुत चाहिं छैन । द्वन्द्वको सृजना हुने कुरा थाहा हुँदा हुँदै कुनै पनि हालतमा आफ्नो शक्ति प्रदर्शन नरोक्दा उसको कमजोरी देखिएको छ । (**श्रोतः अनलाईन खबर, प्रकाशित मितिः २०७३ फागुन २७**)

६. सुरक्षाकर्मीको बचाउगर्दै गृह मन्त्री बिमलेन्द्र निधिले २७ फागुनमा संसदलाई सप्तरी घटनाबारे जानकारी दिँदै “सुरक्षाकर्मीले ठूलो क्षति रोक्न वाध्यात्मक परिस्थितीमा गोली चलाएको” बताएका थिए । गृहमन्त्री निधिले, “एमालेको कार्यक्रम भइरहेका बेला अनियन्त्रित भीड घरेलु हतियार र पेट्रोल बम सहित कार्यक्रम स्थलतर्फ बढ्दा रोक्न खोज्दा स्थिती नियन्त्रण बाहिर गई ठूलो क्षति हुने अवस्था आएपछी स्थानीय सुरक्षा अधिकारीको आदेशमा गोली चलेको” बताएका थिए भन्ने समेत एक अनलाईन खबरमा समाचार प्रकाशित भएको पाइयो । (**श्रोतः** center for investigative journalism (cijnepal.org.np) 3/21/2017)

## २.२. छानविन टोलीको स्थलगत अवलोकन तथा छानविनबाट प्राप्त तथ्यहरु

७. ने.क.पा. (एमाले) ले २०७३।११।२३ मा सप्तरीको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र भित्र आयोजना गरेको आमसभालाई विरोध गर्दै विहानै देखि लामा लामा बाँसका भाटा, लाठी बोकी उत्तेजक नाराहरु लगाउँदै बाटो, चोकहरुमा आगोबाल्दै प्रदर्शनकारीहरु हिँडेको । जिल्लाको बिभिन्न स्थानमा समूह समूहमा बसेका मोर्चाका कार्यकर्ताहरुले एमालेका कार्यकर्तालाई कार्यक्रम स्थल प्रवेशमा रोक लगाईरहेका थिए भन्ने सूचना तथा विवरणहरु टोलीलाई प्राप्त भएको ।

८. उल्लेखित भीडहरुलाई नियन्त्रण गर्न तथा शान्ति सुरक्षा कायम गर्न खटिएका नेपाल प्रहरी र सशस्त्र प्रहरीका प्रमुखहरुकै उपस्थितीमा विरोधकर्ताहरुलाई मुख्य कार्यक्रम स्थलमा प्रवेश गर्ने ढोकाभन्दा करिव ३०० मिटर टाढा नै रोकिएको थियो । रोक्ने क्रममा प्रदर्शनकारीहरुबाट प्रसस्त ढुंगा, ईंटाहरु प्रहरी माथि प्रहार गरेको देखिन्छ । यस्तै प्रहरीले पनि प्रदर्शनकारीहरुतर्फ ढुंगा ईंटा हानेको देखिन्छ । यसैक्रममा प्रहरीले भीड हटाउन पटक पटक अश्रुग्यास हानेको देखिन्छ । प्रहरीले प्रहार गरेको अश्रु ग्याँस फुट्न नपाउँदै प्रदर्शनकारीहरुले प्रहरीहरु तर्फ नै प्रहार गरेको समेत स्पष्ट देखिन्छ ।

९. साँझ करिव ५ बजेको समयमा प्रदर्शनकारीहरुको भीड केही बढी नै उत्तेजीत भै औद्योगिक क्षेत्रका दक्षिण पूर्वतर्फको पर्खाल नाघ्न खोजेको अवस्थामा सुरक्षाकर्मीबाट गोली चलाएको पाइयो । प्रहरीले चलाएको गोली लागी करिव आधा दर्जन भन्दा बढी व्यक्तिहरु जमिनमा ढल्न पुगेपछि प्रदर्शनकारीहरु तितरवितर भएर स्थिती नियन्त्रणमा आएको र सबै गम्भीर घाइतेहरुलाई अस्पताल तर्फ लगेको देखिन्छ । यस क्रममा बर्ष २६ का सन्जन कुमार मेहताको टाउकोमा गोली लागी तत्काल मृत्यु भएको घटना स्थलमा आधारित तथ्य र अस्पतालको कागजात (Post mortum report)द्वारा पुष्टि भएको । प्रहरीले चलाएको गोली लागी बर्ष ५० का पिताम्बर मण्डल र बर्ष ३८ का आनन्द कुमार साहको मृत्यु कतिखेर भएको भन्ने स्पष्ट खुल्दैन । शव परिक्षण प्रतिवेदनमा देखिएका चोटका लक्षणहरु हेर्दा चोटपछि तुरुन्तै मृत्यु हुन सक्ने देखिन्छ ।

१०. प्रहरीको गोली लागी बर्ष ३७ का वीरेन्द्र कुमार मेहतालाई उपचारार्थ वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (धरान अस्पताल) मा लगिएकोमा तत्काल शल्यक्रिया भएपनि उपचारका क्रममा निजको मृत्यु भएको पाइयो । यस्तै, गोली लागी घाइते भएका बर्ष ५७ का इनर यादवको २०७३।११।२७ मा उपचारका क्रममा मृत्यु भएको पाइयो ।

११. शव परिक्षण प्रतिवेदन अनुसार सञ्जनकुमार मेहताको टाउकोमा गोली लागी गिदी समेत बाहिर निस्केको, पिताम्बर मण्डलको दाहीनेतर्फ अगाडी छातीमा गोली लागी दाहीने पटी छातीबाटै पछाडी गोली निस्केको र उक्त गोलीले दाहीने पटीको फोक्सो र कलोजोमा चोट परेको देखिन्छ । आनन्द कुमार साहको दाहीने पटी छातीको पछाडी गोली लागि, छातीको दाहीने पटी अगाडीबाट निस्केको देखिन्छ र सो क्रममा दाहीने फोक्सोमा चोट परेको देखिन्छ । त्यसैगरी वीरेन्द्रकुमार मेहताको दाहीने पटी छातीमा गोली लागी देव्रेपटी पेटबाट निस्केको देखिन्छ । उक्त गोलीबाट पेटमा रहेका अंगहरुमा चोट परी उपचारको क्रममा सोही दिन मृत्यु भएको देखिन्छ ।

१२. उक्त घटनाबाट घाइते भई तत्काल अस्पताल लगी उपचार पश्चात निको हुने क्रममा रहेका केही घाइतेहरुको समेत भनाई सुनियो । निजहरुको शरिरमा भएका खतहरुको अवलोकन पनि गरियो । यस क्रममा बर्ष ४२ पेशा गर्ने अधिवक्ता दिगम्बर यादवको घाउखत जाँच गर्दा निजले घटना घट्दाको समयमा लगाएको कालो कोटको पछाडी बिच भागमा ३.५ से.मि. * १.५ से.मि. को प्वाल र सोही आकारको निको भएको खत छालामा देखिन्छ ।  धरान अस्पताल, सर्जरी विभागमा २०७३।११।२४ मा भर्ना भई २०७३।१२।१ मा कलेजो र दाहीने मृगौलामा परेको चोटको उपचार गरी हाल निको भएको अवस्था देखियो । चिकित्सकको भनाई अनुसार निजको शरीरमा गोली यद्यपी बाँकी रहेको, तर त्यसले हाललाई भने कुनै पीडा दिएको देखिएन । गोली शरीर भित्रै रहेको कारण भविष्यमा कुनै असर पर्ने होकी भन्ने मानसिक त्रास निजमा रहेको देखियो ।



प्रहरीको गोली लागि घाइते भएका दिगम्वर यादवको घाउखत जाँच गर्दै डा. वस्ती (पहिलो), निजको कोटमा लागेको गोलीको प्वाल (दोश्रो) र निजसँग जानकारी लिँदै संयोजक श्री ताहीर अली अन्सारी । तस्वीर: जीवन न्यौपाने ।

१३. अर्का घाइते बर्ष २२ का दिलीप यादव पनि २०७३।११।२४ मा धरान अस्पतालमा भर्ना भई उपचार पश्चात २०७३।११।२९ मा उपचार पश्चात घर फर्केको । निजको छातीमा देव्रे पटी तल्लो भागमा गोली लागी फियोमा चोट परेको र शल्यक्रृयाद्वारा सफल उपचार भएको पाइयो । अवलोकन गर्दा देव्रेपटी छातीको तल्लो भागमा ४ से.मि. * १.५ से.मि. को खत देखिन्छ । उपचारको क्रममा पेटमा शल्यकृया गर्दा भएका घाउका खतहरु समेत देखिए । निजको छातीको पछाडी पटी गोलीको टुक्रा भएको र तत्काल निकाल्न नसकिएको चिकित्सकले बताएको निजको बयानमा उल्लेख भएको पाइयो ।




गोली लागी घाइते भएका दिलीप यादवको घाउखत निरिक्षण गर्दै डा. वस्ती । तस्वीर: जीवन न्यौपाने ।

१४. गोली लागी घाइते भएका बर्ष ३५ का जितेन्द्र प्रसाद साह घर फर्कने क्रममा अचानक पाखुरामा गोली लाग्ने बित्तिकै घाइते भई भूईंमा लडेको, अस्पतालमा केही दिन उपचार पश्चात घर फर्केको । हाल निजलाई चिकित्सकले Arm support लगाउन दिएको सुझाव बमोजिम Arm support लगाइ रहेको पाइयो । हातले सामान्य काम गर्न सक्ने भएपनि पूर्ण रुपमा काम गर्न नसक्ने अवस्था देखियो । गोली लागी उपचार गरिएको हात पूर्ण रुपमा चल्न नसक्ने पाइयो । निजको शरीररको जाँच गरी हेर्दा दायाँ हातको माथिल्लो पाखुराको पाता पट्टीको भागमा टाँका लगाई निको भएको घाउको खत, सोही पाखुराको भित्र पट्टी बाहिरी भन्दा ठूलो घाउको निको भएको खत र दाहीने कोखामा लम्बाकार आकारको खत देखियो ।



गोली लागी घाइते भएका जितेन्द्र प्रसाद साहको घाउ खत नापजाँच गर्दै डा. वस्ती । तस्वीर: जीवन न्यौपाने

१५. प्रहरीको लाठी चार्जबाट घाइते भएका पेशाले डकर्मीको काम गर्ने निरज यादवलाई छानविन टोलीले भेटी आवश्यक जानकारी लिएको थियो । कार्यक्रम हेर्न जाँदा प्रहरीको कुटाईबाट टाउकोमा चोट लागेको र निजको ५ से.मी. को घाउको दाग हाल पनि

देखिएको थियो । निजलाई सगरमाथा अन्चल अस्पतालमा उपचार उपचार गर्दा घाउमा टाँका लगाउनु परेको थियो । निजको शरीरमा हाल कुनै समस्या रहेको पाइएन ।



निरज यादवलाई लागेको टाउकोको चोट निरिक्षण गर्दै समितिका सदस्य डा. हरीहर वस्ती । तस्वीरः जीवन न्यौपाने

१६. प्रहरीको प्रतिवेदन अनुसार घटनामा परी १९ जना प्रदर्शनकारीहरु, ३१ जना नेपाल प्रहरी र १७ जना सशस्त्र प्रहरीका सुरक्षाकर्मीहरु घाइते भएको पाइयो ।

१७. झडपका क्रममा घाइते भएका तत्काल उपलब्ध भएका केही प्रहरी कर्मचारीहरुसँग छानविन टोलीले भेटी निजहरुको घाउखतको जाँच र परिक्षण गरेको थियो । घाइते भएका प्रहरीहरुका अनुसार प्रदर्शनकारीहरुले ढुंगा, ईंटा, बोतल तथा आगो लगाएका प्लाष्टिकका बोतलबाट प्रहार गरेका थिए । घाइते भएका मध्ये २० जना प्रहरीहरुले सगरमाथा अन्चल अस्पतालमा चेकजाँच गराएको पाइयो । हाल निजहरुलाई लागेको घाउखत देखिएपनि निको भईसकेको अवस्थामा पाइयो । केही घाइतेहरुका शरीरका विभिन्न भागका X-Ray समेत गराएको पाइयो । तर कुनै पनि सुरक्षाकर्मी अंगभंग भएको वा चोटको कारणले असक्त भएको भने पाइएन ।





घाइते प्रहरीहरुको घाउखत जाँच गर्दै डा. वस्ती । तस्वीर जीवन न्यौपाने ।

१८. प्रहरीको गोली लागि मृत्यु भएका तीनजना व्यक्तिहरुको लाश स्थानीयबासीले औद्योगिक क्षेत्रकै पर्खालको छेउमा गाडेको देखिएको ।

१९. मृतकका परिवारले रु. १० लाख राहत/क्षतिपूर्ति पाएको तथा घाइतेहरुको निःशुल्क उपचार गराईएको भएता पनि टोलीले भेटेका केही घाइतेहरुको हालसम्म पनि शरीरमा नै गोली रहिरहेको पाईयो । गोली लागी घाइते भएकाहरु मध्ये केहिले आफ्नो दैनिक व्यबसायमा फर्किन नसकेको भन्ने बुझिएका घाइते व्यक्तिहरुको भनाई रहेको ।

२०. घटना पश्चात् २४ गते नै जिल्लाका प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरीका प्रहरी उपरिक्षक, सशस्त्र प्रहरी बलका प्रहरी उपरिक्षकको काठमाण्डौ झिकाईको भन्ने जानकारी प्राप्त भएको ।

२१. एमालेका केहि जिल्ला स्तरका कार्यकर्ताहरु घटनापछि राजबिराजमा बस्न नसकी अन्यत्र बस्नु परेको र केहि दिन पछि मात्र सदरमुकाम आउन सकेको भन्ने जानकारी प्राप्त भएको ।

२२. जिल्ला स्तरका एमालेका कार्यकर्ताहरु र मधेशी मोर्चाका कार्यकर्ताहरुबिच व्यापक रुपमा मनमुटाव बढेकोले गर्दा सर्वदलिय तथा सुरक्षा समितिको बैठकमा बिवाद तथा निर्णय पुस्तिका (माईन्युट) च्याताचात समेत भएको भन्ने जानकारी समितिले पाएको ।

२३. तत्कालीन प्रमुख जिल्ला अधिकारी र नेपाल प्रहरीका प्रहरी उपरिक्षकको प्रयासले राजबिराज रङ्गशालाबाट गजेन्द्र नारायण औद्योगिक क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने सहमती गराउन सफल भएको भन्ने रहेको र उक्त कार्यक्रममा प्रजातान्त्रिक तथा शान्तिपुर्ण ढङ्गले बिरोध गर्ने भनी सहमती गराईएको भएता पनि उक्त निर्णय कार्यान्वयन नभएको ।

२४. प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालयबाट मिति २०७४।२।२६, च.नं. १०६८ मार्फत प्राप्त भएको पत्रमा मलेठ घटनामा परिचालित प्रहरीको संख्या, प्रयोग भएका गोली समेतको कूल विवरण उल्लेख भएको पाइयो । यस अनुसार उक्त घटनामा सुरक्षार्थ परिचालित भएको नेपाल प्रहरीको संख्या १०८७ जना, प्रयोग भएको अश्रु ग्याँस १२७, रबर बुलेट ९ राउण्ड र डमी बुलेट २ राउण्ड रहेको पाइयो ।

२५. यस्तै, सशस्त्र प्रहरीबल सप्तरीले दिएको विवरण अनुसार उक्त मितिमा विहान ९ बजेको समयमा सद्भावना पार्टीका **सप्तरी १** को नेतृत्वमा करिव ७० जनाको संख्यामा विरोध र्‍याली निकाली करिव १०:२० बजे औद्योगिक चोकमा टायर बालेको , राजविराज रुपनी भित्री सडक खण्डमा रातो कपडाले बरिएको शंकास्पद बस्तु फेला परेकोमा नेपाली सेना कृष्णदल गणको टोलीले डिष्पोज गरेको । यस्तै प्रिप्रहरी मा.वि. अगाडी फेला परेको शंकास्पद प्रेषर कुकर बम डिष्पोज गरेको । सशस्त्र प्रहरी बलको दैनिक चेकपोष्ट मोर्चाका कार्यकर्ताहरुले भत्काई आगो लगाई जलाएको, सडकमा टायर

बाली पूर्व पश्चिम लोकमार्ग बन्द गरेको, पातो बजारमा पसल बन्द गर्दै हिँडेको भन्ने समेतको सूचना समितिलाई प्राप्त भएको ।

२६. घटना भएको भोलीपल्ट अर्थात् २४ गते पनि मोर्चाका कार्यकर्ताहरुले राष्ट्रिय मानव अधिकार आयोगको बा. ७ च ७४७३ नम्बरको गाडीको अगाडीको सिसा फुटाएको, नेपाल टलिकमको कार्यालयको झ्यालको सिसा फुटाएको, शान्ति समितिको कार्यालयमा आगजनी गरेको, जिल्ला बन कार्यालयमा पेट्रोल बम समेत प्रहार गरी आगजनी गरेको भन्ने समेत सशस्त्र प्रहरीबल जिल्ला स्थित कार्यालयबाट प्राप्त भएको विवरणमा उल्लेख भएको पाइयो ।

२७. घटना भएको भोलीपल्ट मलेठमा आयोगका मा. सदस्य श्री मोहना अन्सारी सहित्को उच्चस्तरिय अनुगमन टोली पुग्दा आयोगको गाडी तोडफोड भएकोमा सुरक्षा निकायसँग समन्वय नगरी घटनास्थलमा गएको, उक्त स्थानमा सुरक्षा स्थितीको संवेदनशीलतालाई पूर्वानुमान नगरी जाँदा आयोगको सवारी साधन र स्वयम् अनुगमन सदस्यहरुले सुरक्षा चुनौतीको सामना गर्नुपरेको भन्ने समेत सुरक्षा र प्रशासनले समितिलाई जानकारी दिएको ।

२८. घटना पश्चात २६ गते जिल्ला प्रशासन कार्यालय सप्तरीका निमित्त प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर कटवालको अध्यक्षतामा बसेको सर्वदलीय बैठकमा मृतकहरुलाई शहीद घोषणा र यथाशीघ्र क्षतिपूर्ति उपलब्ध गराउने प्रकृया अघि बढाउन, घाइते व्यक्तिहरुको उपचार खर्च, मृतक परिवारका १ जना व्यक्तिलाई रोजगारीको आवश्यक व्यवस्था गर्नको लागि गृह मन्त्रालयमा लेखी पठाउने र घाइतेहरुको विवरण संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबाट लिई गृह मन्त्रालयमा पठाउने निर्णय गरेको पाइयो ।

## २.३. विभिन्न व्यक्तिहरुको भनाइ तथा बयान

२९. २०७३।११।२३ गते विहानैदेखि मोर्चाका कार्यकर्ताहरुले औद्योगिक क्षेत्रलाई घेरेको , प्रदर्शनकारीहरुले प्रहरीलाई ढुंगा मुढा गर्दै केही स्थानमा आगजनी गरी रहेको । केही स्थानहरुमा बम फेला परेको, स्थितीलाई नियन्त्रणमा लिन कयौं राउन्ड अश्रुग्यास प्रहार गरेकोमा कार्यक्रम सकिन लाग्दा स्थितीलाई नियन्त्रणमा लिन गोली चलाउनु परेको भन्ने समेत घाइते समेत रहेका प्रहरी जवान **प्रहरी १** को बयानमा उल्लेख भएको पाइयो ।

३०. घाइते सुरक्षाकर्मीहरुको घा.जाँच गराईएको, कोही कसैबाट घटनाको किटानी जाहेरी दर्ता नभएको, तत्कालीन गृहमन्त्री जिल्लामा गई मृतकका परिवारलाई शहीद घोषणा र रु १० लाख प्रदान गरिसकिएको साथै घटना भएको दिन फिल्डमा जिल्ला प्रहरी कार्यालयका एस.पी. आफैं खटी सुरक्षाकर्मीलाई संयमीत हुन र धैर्यतापुर्वक सुरक्षाका

कार्य गर्न निर्देशन दिईरहेको भन्ने जिल्ला प्रहरी कार्यालयका हालका प्रमुख **प्रहरी २** को बयानमा उल्लेख भएको पाईयो ।

३१. नेपाल प्रहरीले प्रदर्शनकारीहरुलाई रोक्न कयौं सेल अश्रुग्याँस प्रहार गरेकोमा हावाको बहाव र प्रदर्शनकारीहरुले अश्रुग्याँस प्रहरीतर्फ नै हानेकोले अश्रुग्याँसबाट प्रहरीलाई असर पुगेको । तत्पश्चात नेपाल प्रहरी पछी हटेकोमा प्रदर्शनकारीहरु निषेधित क्षेत्रभित्र प्रवेश गर्नलाग्दा सशस्त्र प्रहरी अगाडी बढेको । आन्दोलनकारीहरुले प्रहरीको सञ्चार सेट समेत खोसेर अवस्था नियन्त्रण बाहिर जानलाग्दा हवाई फायर गरेको । रक्षात्मक अवस्थामा रहेको प्रहरीको अश्रुग्याँस र हवाई फायरबाट भीड नियन्त्रण हुन नसेकोले ठूलो क्षति हुने सम्भावनाबाट रोक्नको लागि गोली चलाउनु पर्ने परिस्थिती आएको । पानीको फोहोराको गाडी समेत प्रदर्शनकारीहरुले केही तोडफोड गरेकोले र केही प्राविधिक कठिनाईले फोहोरा चलाउन नसकिएको भन्ने समेत बर्तमान प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर कटुवालको भनाइ रहेको पाइयो ।



**प्रमुख जिल्ला अधिकारी श्री कृष्णबहादुर कटुवालसँग समितिले घटनाका बारेमा आवश्यक जानकारी लिँदै**

३२. एमालेको मेची महाकाली अभियानमा सुरक्षा चुनौतीको विश्लेषण र पूर्वानुमान गरी सशस्त्र प्रहरीको झापा देखि धनकुटा सम्मका प्रहरी कर्मचारी परिचालित भएको । प्रदर्शनकारीहरुले भाला, भाटा, पेट्रोल बम बोकेका थिए । दिनभर प्रहरी र प्रदर्शनकारी बिच धकेलाधकेल भईरहेको थियो । प्रदर्शनकारीहरुले प्रहरीहरुलाई लखेटी रहेका थिए । प्रहरीले हानेको अश्रुग्याँस प्रदर्शनकारीहरुले प्रहरी तर्फ नै फालेकोले त्यसबाट प्रहरीहरु उल्टै प्रभावित बनेको । तत्पश्चात प्रदर्शनकारीहरु निषेधित स्थानतर्फ अगाडी बढ्दा नेपाल प्रहरी पछाडी हटेको । जिल्लाका सशस्त्र प्रहरीहरु सवारी साधन सुरक्षाको लागि खटेको । कार्यक्रम सकिने समयमा गोलीको आवाज सुनिएको तर कहाँ र कस्ले

चलाएको भन्ने जानकारी नभएको । जिल्ला स्थित शसस्त्र प्रहरी वलको कार्यालयका प्रहरी कर्मचारीहरु बजार एरियामा परिचालन गरिएको र कार्यक्रमस्थलमा अन्यत्रबाट आएका सशस्त्र प्रहरी कर्मचारीहरु खटिएको । गोली चलाउनुपर्ने परिस्थिती सृजना भएमा प्रमुख जिल्ला अधिकारीको आदेश प्राप्त गर्नुपर्दछ । आत्मरक्षा गर्नुपर्ने भएमा गोली चलाउन सकिने र प्रहरीको हतियार तथा सञ्चार सेट खोस्न खोजेमा पनि गोली हान्न सकिने । सुन्सरीबाट खटिएको एक सशस्त्र प्रहरी कर्मचारीको सेट खोसिएकोमा हालसम्म फेला पर्न नसकेको भन्ने समेत सप्तरी जिल्लाका वर्तमान सशस्त्र प्रहरीबलका प्रमुख एस.पी. **प्रहरी ३** लगायत प्रहरी अधिकारीहरुको भनाई रहेको पाईयो ।



प्रहरीले फेला पारी निस्कृय बनाएको भनिएको शंकास्पद बस्तु (बम) । श्रोत: नेपाल प्रहरी

एमाले मेची महाकाली अभियानमा सशस्त्र प्रहरीको झापा देखि धनकुटा सम्मका प्रहरी कर्मचारी परिचालित थिए । प्रदर्शनकारीहरुले भाला,भाटा, पेट्रोल बम बोकेका थिए । सुरक्षाकर्मीहरु घाइते भएका थिए । प्रदर्शनकारीहरुले हामीलाई लखेटी रहेका थिए । नेपाल प्रहरी पछाडी हट्यो । हामी सवारी साधन सुरक्षाको लागि खटेका थियौं । त्यही समयमा गोलीको आवाज सुनिएको थियो तर काहाँ र को बाट गोली चलेको थियो भन्न सकिएन । जिल्ला स्थित शसस्त्र प्रहरी वलको कार्यालयका प्रहरी कर्मचारीहरु बजार एरियामा परिचालन गरिएको र कार्यक्रमस्थलमा अन्यत्रबाट आएका प्रहरी कर्मचारीहरु खटिएका थिए । गोली चलाउनु परिस्थिती सृजना भएमा प्रमुख जिल्ला अधिकारीको आदेश प्राप्त गर्नुपर्दछ । आत्मरक्षा गर्नुपर्ने भएमा गोली चलाउन सकिने र प्रहरीको हतियार तथा सञ्चार सेट खोस्न खोजेमा पनि गोली हान्न सकिन्छ । सुन्सरीबाट खटिएको प्रहरीको सेट खोसिएकोमा हाल सम्म फेला पर्न नसकेको । दिनभर प्रहरी र प्रदर्शनकारी बिच धकेलाधकेल भईरहेको थियो । करीब ४,००० को संख्यामा मोटरसाईकल हरु थिए । एमालेका ३ वटा बाईक प्रदर्शनकारीले जलाईदिएका थिए । तोकिएको निषेधित क्षेत्र पनि प्रदर्शनकारीले नाघीसकेका थिए । प्रहरी कर्मचारीबाट माईकिङ्ग तथा चेतावनी दिने कार्य भएको थियो । ३,४ हजार जतिको संख्यमा भीड रहेको थियो । कार्यक्रमको अन्त्य तिर झन भीड बढेको थियो । अन्त्य तिर एमालेका नेताहरु मथि नै आक्रमण गर्ने संभावना देखेर सुरक्षार्थ गोली चलाउनु पर्यो । दोहोरो झडपको क्रममा भुईमा ढलेको अवस्थामा छाती र टाउकोमा गोली लागेको हुनसक्छ ।

हरेक १३ जनाको प्रहरी बटालियनमा दुई जना संग हतियार रहन्छ भने अन्यसंग लाठी मात्र रहेको हुन्छ । त्यो बेलाको समय र परिस्थितीमा गोली नचलेको भए बिगतका गौर र टीकापुर घटना दोहोरिन सक्ने संभावना थियो । प्रहरीले उक्त दिन ठुलो क्षति हुनबाट जोगाएको हो । **सशस्त्र प्रहरी उपरिक्षक प्रहरी ३ तथा प्र.ना.उ.प्रहरी ४, प्रहरी हवल्दार प्रहरी ५, प्रहरी ६ लगायतको भनाई ।**

३३. घटनामा नेपाल प्रहरीका जिल्ला प्रमुखले खटिएका प्रहरीहरुलाई संयमित हुने र बल प्रयोग नगर्ने भनी निर्देशन भएको । विहानैदेखि झडप भइरहेको । प्रदर्शनकारीले लाठी, गुलेली, भाटा, ढुङ्गा मुढाले प्रहरीतर्फ प्रहार गरिरहेका । प्रहरीले चेतावनी दिनुका साथै माईकिङ्ग पनि गरिराखेको थियो भन्ने समेत प्रहरी सहायक निरिक्षक **प्रहरी ७** को भनाई रहेको पाईयो ।



प्रदर्शनकारीको प्रहारबाट घाइते सशस्त्र प्रहरीहरु (बायाँ) र भाला, लाठी बोकेका प्रदर्शनकारीहरु । तस्वीर: सशस्त्र प्रहरी बल

३४. कार्यक्रम सकिने समयमा गाडीहरु गेटबाट बाहिर निस्कन थालेपछि गोली चलेको । मलाई कोखामा गोली लागेको । उपचारको लागि राजविराज स्थित अन्चल अस्पतालमा लगिएकोमा उपचार सम्भव नभएकोले धरान स्थित वि.पी. मेमोरियल स्वास्थ्य प्रतिष्ठानमा लगिएको । चिकित्सकले गोली काललाई (तत्काल) निकाल्न नपर्ने सुझाव दिएको । मेरो शरीरमा लागेको गोली हालसम्म पनि शरीर भित्रै रहेको भन्ने दिलिप कुमार यादवको बयानमा उल्लेख भएको पाइयो ।

३५. म अदालतबाट कामसकी फर्कदै थिएँ । के.पि. शर्मा वली समेतका नेताहरुको उपस्थितीमा करिव ३ बजे देखि औद्योगिक क्षेत्रभित्र कार्यक्रम शुरु भएको थियो । बिहान अदालत जाँदा बाटो, चोकमा मोर्चाका कार्यकर्तालाई देखेको थिएँ । उनीहरुले "हामीले एमालेलाई कार्यक्रम गर्न नदिने भनेका थियौं, जाऔं" भन्दै संगठित हुँदै थिए । म औद्योगिक क्षेत्रमा आइपुग्दा करिब १०,००० (दशहजार) को संख्यामा जनता, कार्यकर्ता थिए । प्रहरीहरु करिब २।३ हजार थिए । म त्यहाँ पुग्दा दुबैतर्फबाट ढुङ्गामुढा भइरहेको थियो । एमालेको कार्यक्रम सकिएर नेताहरु बाहिर निस्कन लागेको अवस्थामा अश्रुग्याँस

चल्यो । करिव यसको ५ मिनेट पछि गोली चल्यो । गोली चलेपछि मेरो नजिकै मानिस ढल्यो । मानिस ढलेको देखे पछि म "गोली चल्यो " भनी केहि साथी सहित राजबिराज तिरै फर्कन लागेका थियौं । उल्लेखित मानिस ढलेको करिव २ मिनेट पछि मलाई ढाडबाट गोली लाग्यो । म घटनास्थल मै ढलें । तत्कालै मोटरसाइकलबाट सगरमाथा अञ्चल अस्पताल लगी प्राथमिक उपचार गरेपश्चात करिव ५ बजेतिर धरान बि.पि. मेमोरियल अस्पतालमा रिफर गऱ्यो । त्यस अस्पतालमा १३ दिन उपचार गरी घर फर्कें । हालसम्म ५ पटक अस्पताल गएँ । मेरो ढाडमा गोली लागेकोमा त्यो गोली किड्नीको छेउमा अड्किएको छ र गोली निकाल्न मिल्दैन भनी चिकित्सकले भनेका छन् । मैले उक्त दिन वकीलले लगाउने पोशाक लगाएको थिएँ । हाल आएर पछि मरिने होकि भन्ने मनोबैज्ञानिक डर छ । ३ महिना सम्म आर्थिक आय आर्जनमा भएको क्षतिपूर्ति र निःशुल्क (भविश्यमा ) उपचारको व्यवस्था सरकारले गर्नु पर्छ भन्ने समेत घाइते दिगम्बर यादवको बयानमा उल्लेख भएको पाइयो ।

३६. तराई मधेश केन्द्रित दलहरुले बिगत २ वर्षदेखि बिभिन्न माग राखी आन्दोलनरत रहेको । बेलाबखत् आन्दोलनका स्वरुपहरुमा परिवर्तन गरिएको । त्यही बिचमा एमालेको मेची महाकाली अभियान अन्तर्गत राजबिराजमा कार्यक्रम तय भएको । सप्तरी जिल्लाका जनताहरु के.पी. ओलीको नामै सुन्न नचाहने । २०७३ फाल्गुन २३ गते राजविराजमा आयोजना गरेको एमालेको कार्यक्रम कुनै पनि हालतमा बिथोल्ने भन्ने मोर्चाको रणनीति रहेको । तथापी यसको कुनै लिखित निर्णय नभएको । उक्त दिन मोर्चाले चक्का जामको कार्यक्रम पहिले देखि नै घोषित गरेको थियो । यस्तो परिस्थितीमा जिल्लामा कार्यक्रम नगर्नको लागि एमालेका जिल्लास्तरका नेताहरुलाई अनुरोध गरिएकोमा जवरजस्ती कार्यक्रम गऱ्यो । ठुलो संख्यामा प्रहरी परिचालन गरिएकोमा अनाहकमा गोली चलाईएको भन्ने समेत संयुक्त लोकतान्त्रीक मधेशी मोर्चा सप्तरीको **सप्तरी १** को बयानमा उल्लेख भएको पाईयो ।

हाम्रो २९ दलको गठबन्धले बिगत २ वर्ष देखि बिभिन्न माग राखी आन्दोलनरत थियौं । बेलाबखत् आन्दोलनका स्वरुपहरु परिवर्तन हुँदै गर्थे । त्यही बिचमा एमालेको मेची महाकाली अभियान अन्तर्गत राजबिराजमा कार्यक्रम तय भयो । सप्तरीका जनताहरु के.पी. ओलीको नाम सुन्न चाहदैनथे । कुनै पनि हालतमा के.पी. ओलीको कार्यक्रम बिथोल्ने भन्ने थियो । तर यसको कुनै लिखित निर्णय थिएन । हाम्रो चक्का जामको कार्यक्रम पहिले देखि नै घोषित थियो । यस्तो परिस्थितीमा जिल्लामा कार्यक्रम नगर्नको लागि एमालेका जिल्लास्तरका नेताहरुलाई अनुरोध गरिएको हो । हामी आन्दोलनमा छौं स्थिती सहज नभएकाले कार्यक्रम नगर्नका लागि सप्तरी ६ र प्रशासन समक्षमा भनेका थियौं । जिल्लामा १५०० प्रहरी रहेका थिए । २–३ हजार जना बाहिरबाट ल्याइयो । २०–२५ हजार जनता विरोधमा आएका थिए । के.पी. ओलीको भाषण शुरु हुनासाथ तनाव बढ्दै गयो । एक्कासी गोली चल्यो । सञ्जन मेहतालाई पक्राउ गरेर गोली हानेको हो । ईनर यादवलाई गोली लागेर उठाउन खोज्दा आनन्द साहलाई पनि गोली लागेको हो । म प्रदर्शनकारी तर्फको नेतृत्वकर्ता थिएँ । एमालेको यस कार्यक्रममा यदि के.पी. ओली नआएको भए यस्तो घटना घट्ने थिएन । **संयुक्त लोकतान्त्रीक मधेशी मोर्चाका**

**सप्तरी १ को बयान ।**

३७. प्रेस विज्ञप्ति जारी गरेर मोर्चाले एमालेको कार्यक्रम गर्न नदिने भनेको । एमालेकी नेतृ रञ्जु ठाकुरले पनि राजनितिक कार्यक्रम भएकाले कार्यक्रम नबिथोल्न प्रेस मार्फत अपिल गर्नुभएको । मोर्चाले लाठी, भाटा तयार गरेका । गाँउ गाँउबाट मोर्चाका कार्यकर्ताले एमालेका कार्यकर्तालाई राजविराज (कार्यक्रम स्थल) मा आउन रोक लगाएका । कार्यक्रम स्थलको करिव एक कि.मी. आसपासमा प्रदर्शनकारीलाई प्रवेश नदिने भनेर सुरक्षाकर्मीले घेराउ गरेका । मोर्चाका कार्यकर्ताहरुलाई पक्राउ गर्दा भीड नियन्त्रण हुन्छ भन्ने ठानेर प्रहरी उपरिक्षक दिवेश लोहनीले पक्राउ गर्न आदेश दिईरहेका । प्रहरी उपरिक्षकले सम्झाई बुझाई गरिरहेका थिए भन्ने समेत प्रत्यक्षदर्शी तथा पत्रकार **सप्तरी २** को बयानमा उल्लेख भएको पाइयो ।

३८. के.पि. शर्मा ओली मधेश बिद्रोही नेता भएकाले उनको यहाँ विरोध थियो । एमालेले गर्ने भनेको आमसभा नगर्न मोर्चाले भनेकै थियो । फत्तेपुरमा सार्ने पनि कुरा थियो । तर औद्योगिक विकास क्षेत्र भित्र गर्‍यो । सभाको मञ्च रातभर प्रहरीले बनाइदियो । प्रमूख जिल्ला अधिकारी पनि एमाले कै थिए ।कार्यक्रमको विरोध गर्न हामीले रातारात गाउँबाट केटाहरु झिकायौं । हामी करिव ३/४ हजार जना भयौं । हामीले आवत जावत गर्न दिएनौं । भारदहमा लाठी चार्ज भयो । औद्योगिक क्षेत्रमा ८/१० हजार प्रहरीहरु तैनाथ थिए । हामी जुलुस लिएर जान थाल्यौं । हामीले “मधेशी मोर्चा - जिन्दावाद !” “के.पी. ओली - मुर्दाबाद !” भन्ने नारा लगायौं । हामीसंग ढुङ्गा मुडा मात्र थियो । कालो झण्डा थियो । प्रहरीलाई छिचोल्दै नाघेर अघि बढ्यौं । पूर्वबाट भित्र जान थाल्यौं । एस.पी. लाई एमालेका कार्यकर्ताले “यसलाई पक्राउ गर्नु” भन्यो । अनि मलाई एस.पि. ले लखेटे, बुटले हाने । म बेहोश भएँ । रेडक्रसले उद्दार गर्‍यो । अनि अस्पताल लगेपछि होस आयो । भीडन्त भयो । चारैतिर बाट घेराहाले त्यहाँ अश्रु ग्याँस धेरै चल्यो । ओलीको भाषण उत्तेजित थिएन । छोटो समयमा भाषण सकाएका थिए भन्ने समेत मोर्चाका नेता **सप्तरी ३** को बयानमा उल्लेख भएको पाइयो ।



गहुँबारीमा रहेका प्रदर्शनकारीहरु (वायाँ) र प्रहरीलाई लक्षित गरी ढुंगा प्रहार गर्दै गरेका बालक सहितका प्रदर्शनकारीहरु।
तस्वीरः विभिन्न मेडिया

३९. म ४४ जनाको टोली लिएर खटिएको थिएँ । २३ गते बिहान भारदहमा पनि झडप भएको थियो ।पछि म रुपनिमा खटिएको थिएँ । पछी औद्योगिक क्षेत्रमा बोलाइयो । जम्मा ६ वटा राइफल थियो । राइफल बाहेक टियर ग्यास हरु मात्र लिएर जाने आदेश भएको थियो । प्रहरीबाट अश्रु ग्याँस फालेको हो तर आन्दोलनकारीहरुले प्रहरीतिर नै फाले । मलाई पनि लाग्यो । एक छिन बेहोश पनि भएछु ।

हाम्रो टोली कमजोर भइसकेको थियो । पछि सरीरहेका थियौं । लखेट्ने कार्य भइरहेको थियो । प्रदर्शनकारीहरुले ढुङ्गा हानिरहेका थिए । एकजना प्रहरीको टाउकोमा चोट लाग्यो । भूईंमा ढल्यो । त्यसलाई उठाउन निहुरीएको बेलामा पेस्तोलतिर हात ल्याए र मेरो सेट खोसेर लगे । त्यस पछिपनि हानाहान भइरहेको थियो । पेट्रोल बम पनि ढुङ्गा संगै फालिरहन्थे । त्यसले असर गरेका घरको टाटीहरु फुकालेर आगो लाउँथे । बाटोभरी आगै आगो थियो ।

के.पी.ओलीको भाषण शुरुहुँदा हवाइ फायर भएको सुनें । हतियार नचलाउन एस.पि. को आदेश थियो । हतियार एक जनालाई र गोली अर्को जनालाई दिइएको थियो । हामीसँग लिथल विपन थिएन । नेपाल प्रहरीसँग १२ टिगर ग्याँस थियो र हानेको पनि थियो । मास बढि थियो । नियन्त्रण बाहिर थियो । हामी कन्ट्रोल गरेर बसिरहेका थियौं । गोली हान्ने आदेश पनि आएको थिएन । हाम्रो टोलीले फायरीङ पनि गरेको होइन । १०।१५ मिनेट गोली नचलेको भए मानिसहरुको ज्यान जाने थिएन । कार्यक्रम स्थलबाट करिव डेडसय मिटरमा मानिसहरु ढलेको भएपनि मास धेरै भएकाले ढलेको देखिएन । सशस्त्रको टोलीबाट फाइरिङ भएपनि हामीले देखेनौं । त्यस ठाउँमा जान सक्ने अवस्था थिएन । लास अस्पताल ल्याएपछि सबै कुरा थाहा भयो । हवाइ फायरले त्यो भिडलाई असर नै पर्दैन थियो । सबै घर भित्र लुकेर आक्रमण गर्ने गर्दथे । प्रदर्शनकारीहरुले

चारैतिर घेरेका थिए । नेताहरु कार्यक्रम सकेर जाने बेलामा पनि भीड डिस्पर्स भएको थिएन । यहाँ आउन निषेध भनेर केहि लेखिएको थिएन । माइकको बढि आवाज सुनिरहेको थियो । सशस्त्रले माइक हातमा भिरेको देंखेको हो प्रष्ट आवाज सुनिएको थिएन भन्ने समेत प्रहरी निरिक्षक **प्रहरी ११** को बयानमा उल्लेख भएको पाइयो ।

४०. सुरक्षा निकायसमेतको पहलमा रंगशालामा गर्ने भनिएको एमालेको कार्यक्रम औद्योगिक क्षेत्रमा सारिएको हो । पहिल्यै तयभएको जुलुसको बाटो समेत परिवर्तन गरिएको थियो । संयमता अपनाउन २२ गते जिल्ला प्रहरी कार्यालयमा दुवै पक्षलाई बोलाएर सुझाव दियौं । एमालेलाई राजमार्ग केन्द्रित भएर कार्यक्रम गर्न सुझाव दिइएको थियो । मोर्चा र एमालेका कार्यकर्ताबिच संवाद हिनताको अवस्थामा दुवै पक्षबिच छलफल हुने वातावरण मिलाइयो । दुवैले आफ्नो अडान नछोडेका कारण स्थिती तनावग्रस्त हुने पूर्वानुमान गरी सुरक्षाकर्मीहरुको परिचालन गरिएको । जिल्लाका विभिन्न स्थानहरुबाट घरेलु हातहतियार बोकेका मानिसहरु आएको, बोर्डरतिरबाट केही व्यक्तिहरु आएको, ज्वालासिंह र गोहित समूहका व्यक्तिहरु पनि आएको भन्ने समेतका सूचनाहरु सुरक्षा निकायलाई प्राप्त भएको ।

बल प्रयोगको सिद्धान्त बमोजिम सम्झाई, बुझाई, माईकिङ्ग गर्ने, अश्रुग्याँस हान्ने, हवाईफायर, फोहोरा सबै प्रयोग भएको । थोरै क्षति हुनेगरी स्थानिय प्रशासन ऐन, २०२८ बमोजिक बल प्रयोग भएको । फोहोराको गाडीमा तोडफोड भएपछी फोहोरा चलाउन नसकिएको र गाडीमा समस्या पनि आयो । कम मानवीय क्षति होस् भनेर दुबै एसपीलाई फिल्डमै खटाईएको ।

कार्यक्रम सकिनलाग्दा गोली चलेको । फायर कस्ले गरेको भन्ने पहिचान नभएपनि सशस्त्र प्रहरीले चलायो भन्ने जानकारी प्राप्त भएको । आफूले गोली चलाउने आदेश दिएको होइन भन्ने समेत **सप्तरी ४** ले आयोगमा उपस्थित भई गरेको बयानमा उल्लेख भएको पाइयो ।

म फाल्गुन १८ गते २०७३ मा सप्तरी जिल्लामा प्र.जि.अ.को जिम्मेवारी सम्हाल्न गएको थिएँ । एमालेले राजविराजमा मेची महाकाली कार्यक्रम अन्तर्गत कार्यक्रम आयोजना गर्ने भयो । रंगशालामा गर्ने कार्यक्रम मेरो पहलमा गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा सारियो । यो नितान्त मेरो र सुरक्षा समितिको प्रयाश थियो । मोर्चाले त राजविराजमा कुनै कार्यक्रम गर्न नदिने भनेको थियो । हनुमान नगरको बाटो प्रयोग नगर्नपनि मैले नै सुझाव दिएको थिएँ । सोही बमोजिम बाटोपनि परिवर्तन गरी एमालेले औद्योगिक क्षेत्रभित्र कार्यक्रम तय गर्‍यो । एमाले र मधेशी मोर्चाविच संवादहिनताको अवस्था थियो । कार्यक्रम हुनु अघिल्लो दिनमा जिल्ला प्रहरी कार्यालयमा बोलाई एमाले, सप्तरी १ (मोर्चाका नेता) लाई संयमताम अपनाई कार्यक्रम गर्नुहोस् भनी सम्झाई बुझाई गर्‍यौं । शुरुमा सहमति भएजस्तो थियो । उनीहरु (मोर्चा) विरोध गरेजस्तो गर्ने, एमालेले कार्यक्रम गर्ने कुरा भयो । हामीले दुबैलाई शान्ति सुरक्षा दिने कुरापनि गर्‍यौं । तर २२ गते मोर्चाका नेताले "अब हाम्रो हातबाट गै सक्यो" भनेपछि स्थिति तनावपूर्ण

हुने पुर्वानुमान भयो । एमालेको कार्यक्रम राजमार्गतिर गर्न पनि सुझायौं । सफल भएन । २३ गतेको कार्यक्रममा सशस्त्र र नेपाल प्रहरीको करीव ८/९ सय फौज थियो । मैले विराटनगर समेतका डिआईजीलाई समन्वय गरेको थिएँ । बाहिरबाट पनि प्रहरीहरु आएका थिए । झारखण्डबाट पनि एउटा गाडीमा 'तीर' बोकेका मानिसहरु आएको सुचना आयो । त्यतापनि प्रहरी परिचालन गरियो । अन्यत्र र बोर्डरबाट पनि मानिसहरु हिंडेको खबर आयो । ज्वालासिंह र गोहित समूहका केही व्यक्तिहरु पनि आए भन्ने खबर आयो । सिके राउतका करीब २०० जना व्यक्तिहरु आएका थिए भिन्ने जानकारी थियो । उनीहरुको टाउकोमा सिके आकारमा कपाल काटीएको थियो भन्ने खबर आयो । सिमाबाट पनि केही अदृश्य घटना घटाउन मानिसहरु आउने सुचना थियो । त्यसैले हाईवेमा सार्न एमालेलाई सुझाव दिइयो । यदि राजमार्गमा सारेको भए यो घटना हुँदैनथ्यो । नगरी नहुने र गर्नै नहुने भन्ने दृढताका कारण २३ गते अपृय घटना घट्यो । कानुन बमोजिम लगातार ४ घण्टा सम्म गर्नुपर्ने बल प्रयोग गर्‍यो । पूर्वपटि नहरको ५ सय मिटर परबाट एमालेको कार्यक्रममा आएका कार्यकर्तालाई मोर्चाका कार्यकर्ताले रोके । एमालेका नेताहरुले पनि ट्याक्टर रोकेको कुरा गर्‍यो । मोर्चाले ठाउँठाउँमा मानिसहरु राखेको रहेछ । जब एमालेका कार्यकर्ताहरु कार्यक्रम स्थलमा छिरे त्यसपछि मोर्चाका मानिसहरु ह्वात्तै आए ।

कार्यक्रमको सुरक्षार्थ टीकापुर घटनामा संलग्न (खटिएका) प्रहरी (सशस्त्र) पनि थिए भन्ने जानकारी थियो । उनीहरुको मनमा मार्छन् भन्ने त्रास, मनोविज्ञान थियो । बल प्रयोगको सिद्धान्त बमोजिम सम्झाई, बुझाई, माईकिङ्ग गर्ने, अश्रुग्याँस हान्ने, हवाईफायर, फोहोरा सबै प्रयोग भएको छ । थोरै क्षति हुने गरी स्थानिय प्रशासन ऐन, २०२८ बमोजिम बल प्रयोग भएको छ । माईन्युट (सुरक्षा समितिको निर्णय) भएको छ । तर फोहोराको गाडिमा तोडफोड भएपछि फोहोरा चलाउन सकिएन । समस्या आयो । सकभर कसैको मृत्यु नहोस् भनेर प्रहरीलाई भनेको थिएँ । राष्ट्रिय अनुसन्धान विभागसँग सुचना लिएर आवश्यक विश्लेषण गरी सादा पोशाक समेतका सुरक्षाकर्मी खटिए । एसपी प्रहरी ८ राम्रा मानिस हुन् । डिएसपी प्रहरी १० पनि राम्रा व्यक्ति हुन् । मानव अधिकार जानेकै जानेका थिए । सशस्त्रका एसपी पनि पुराना हुन् । कम क्याजल्टी होस् भनेर दुबै एसपीलाई फिल्डमै खटाईयो । त्यहाँ अन्तबाट पनि प्रहरी परिचालन थिए । आ-आफ्नो समुहको कमाण्डर सोही टोलीमा हुन्थे ।

कार्यक्रम सकिन लाग्दा गोली चल्यो । फायर कस्ले गरेको भन्ने पहिचान नभएपनि सशस्त्र प्रहरीले चलायो भन्ने जानकारी भयो । मैले गोली चलाउने आदेश दिएको होइन । त्यसपछि म शक भएँ । के.पी.ओली बोल्न लाग्दा पेट्रोल भरिएको बोतल बोकेका व्यक्तिहरु हिडेका थिए भन्ने सुचना आयो । प्रहरीको संचारसेट खोसियो । पर्खाल चढी एमालेको कार्यक्रम आयोजना भएको ठाउँमा करीव ७ जना व्यक्तिहरु गए । गोली नचलाएको भए कार्यक्रम स्थलभित्र, प्रदर्शन भैरहेको स्थलमा समेत थुप्रै क्याजल्टी हुन सक्थ्यो । हामीले लामो समयसम्म एउटा दुरीमा मासलाई कन्ट्रोल गरेका थियौं । मर्नेमा केही निर्दोष मानिस पनि परे । तर पत्रिकाहरुले घटनालाई बढाई चढाई पनि गरे । जब म सप्तरीमा गएँ, धेरै शुभचिन्तकहरुले राम्रो पनि माने । कुनै समस्या हुँदैन पनि भने । संसदीय समिति घटनाकाबारे बुझ्न भनी गयो । त्यो टोलीले एकपटक पनि सिडिओ, एसपीलाई भेटेन । त्यो समितिले यसरी छानविन गरी निकालेको प्रतिवेदन कति निष्पक्ष होला? एकपक्षीय रुपमा बुझी 'सरकारको दोष' भन्यो भने कुनैपनि कर्मचारीहरुले काम गर्न सक्तैन । मोर्चा र घाईतेलाई मात्र भेटेर आयो मलाई दुःख लाग्यो । करीव १०/१५ मिनेट गोली चलाउन नपरेको भए मानिस मर्दैनथे । सप्तरी १ (मोर्चाका नेता) लाई हाईवेमा पक्राउ गरिएको थियो । १२ जना मानिस मरिसके, छोडिदे भनेर धम्की दिएको थियो । मैले कार्यक्रम सकियो, सप्तरी १ लाई छोडिदे भने । छोडियो । गृहमन्त्री लाई फोन गर्दा धेरै पटक प्रयास गर्दा मात्र सम्भव भयो । मैले बालकृष्ण पन्थीलार्य रिपोर्टिङ गरें । भोलिपल्ट मलाई रिपोर्टिङका लागि काठमाडौं बोलाईयो । रिपोर्ट बनाउदै थिएँ । राति पनि सुतिएन । डिएसपी प्रहरी १० धेरै सक्रिय व्यक्ति हुन् । उनले सकेसम्म बढी सुचना संकलन गरी टिपोट बनाए । म काठमाडौं आएँ । मलाई मन्त्रीले भेट्न आउनु भनी बोलाएनन् । म कुरेको कुरै भएँ । सुरक्षा निकायको प्रमुख म, तर हाजिर गराएर मात्र राखियो । १०/१५ दिनपछि आफैं मन्त्रीलाई भेट्न गएँ । गोली ठोक्न आदेश दिएको हो? भने, मैले 'होइन' भनें । त्यसपछि फर्किएँ । मलाई सोधिएको कुरा यत्ति हो । म संग विधिवत रिपोर्ट सरकारले मागेको छैन । बुझाउन पनि

पाईनँ । त्यसपछि अर्को प्र.जि.अ. पठाईयो । घटना प्रति दुःखी छु । परिस्थिति हेरी काम गरियो । नियत खराब थिएन । घटना पछि पनि आगजनी तोडफोड भयो । .........**तत्कालीन प्रमुख जिल्ला अधिकारी सप्तरी ४ को बयान ।**

४१. एमालेको सुन्सरीको कार्यक्रम सकिएर राजविराज आउने खबर पश्चात मोर्चाको भीड उदण्ड हुँदै गएको । प्रहरीले मोर्चाका **सप्तरी ५** सँग संयमता र प्रजातान्त्रिक बनाउँन आग्रह गरेको । मोर्चाका कार्यकर्ताहरुले एमालेका कार्यकर्ताहरुलाई बिच बाटोमा नै रोकेको खबर प्राप्त भएको । कार्यक्रम स्थलमा शान्ति सुरक्षार्थ नेपाल प्रहरी र सशस्त्रका प्रमुखहरु स्वयम् उपस्थित भएको । एमालेका कार्यकर्ता आईसकेपछि झन् भीड बढेको । अन्दाजी ७८ हजार मानिस रहेको प्रहरीको अनुमान । ठाउँ ठाउँमा बम राखेको सुचना प्रहरीले प्राप्त गरेको । फेला परेका बमहरु नेपाली सेनाले डिस्पोज गरेको । ढुंगा हान्ने क्रम बढिरहेको । अन्दाजी दिउँसो ४ बजे तिर कार्यक्रम शुरु भएकोमा के.पी ओलीले संवोधन गर्न शुरु भएपछि भीड झन् उदण्ड भएको । मोर्चाको कार्यकर्ताले पर्खालको छेउमा आगो समेत लगाएको । नेपाल प्रहरीका जिल्ला प्रमुखले गोली हान्ने आदेश नदिएको । नेपाल प्रहरीबाट ग्याँस गन १२८, डमी २ वटा, रबर बुलेट ९ वटा प्रहार भएको । नेपाल प्रहरीबाट हावाई फायर नभएको रबर बुलेटले पनि कसैलाई नलागेको । नेपाल प्रहरीको जम्मा ७०६ जना उक्त कार्यक्रम स्थलमा खटिएका । एमालेका कार्यकर्ताहरु कार्यक्रम स्थलमा आउँदा भएको तनाव पश्चात छेउछाउमा खटिएका प्रहरी समेत त्यहीं बोलाइएको भन्ने समेत **प्रहरी ८** ले आयोगमा उपस्थित भई गरेको बयानमा उल्लेख भएको पाइयो ।



निषेधित क्षेत्रमा प्रदर्शनकारीहरुले गरेको आगजनी । तस्वीर: मेडिया

एमालेले पूर्व मेची देखि महाकालीसम्म कार्यक्रम गर्ने हुँदा अन्यत्र हाईवे छेउछाउमा गरिएको थियो र सप्तरीमा मात्र भित्री ठाउँमा कार्यक्रम तय भयो । सुरक्षाको कारण जनाएर त्यहाँ कार्यक्रम नगर्न अनुरोध गरेका थियौं । यस घटनामा हाम्रो गल्ती छैन । हनुमान नगरबाट प्रवेश नगर्नुहोस् र हाईवेमा नै गर्नुहोस् भनेर अनुरोध गरेका थियौं तर

सुनुवाई भएन । कुनै पनि हालतमा राजविराजमा गर्ने उनीहरुको इगो रहेको थियो । मोर्चाका सप्तरी १ र एमालेका सप्तरी ६ को …………बोलचाल रहेनछ र जसरी पनि दुबैको हठ कायम रहेको थियो ।

मोर्चा र एमालेका कार्यकर्तालाई मेरै च्याम्बरमा बोलाएर शान्तिपूर्ण गर्ने भन्ने अनुरोध गरेको थिएँ । त्यस स्थानमा कार्यक्रम गर्न नदिन रोक्नु पर्थ्यो । दुबै पक्षलाई कोठामा रोखर समन्वय गराउने प्रयास गरेको थिएं ।

भन्टाबारी, भारदहबाट भाला, तीर सहित मानिस प्रवेश गरेको समाचार आईरहेको थियो । म प्राय: फिल्डमा खटिरहेको हुन्थे, गस्ती बढाईएको थियो । नयाँ नयाँ मानिसहरुको चहलपहल बढेको थियो । भाला, तीरका साथ मानिस प्रवेश गरेको भन्ने सुचना सबैतिरबाट आईरहेको थियो । प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा बैठक बसेर सशस्त्रको प्रहरी उपरिक्षक र म दुबै फिल्डमा खटिने निर्णय गर्‍यौं । हामी सँग प्रशस्त जनशक्ति थियो । लाईफ राउण्ड नदिने सहमति गर्‍यो । सबै टिमलाई पुग्नेगरी रबर, बुलेट, डमि राउण्ड वितरण गरेका थियौं । भारतबाट हतियार सहित मानिस प्रवेश गरेका छन्, भिआईपीहरुको कार्यक्रम भनेपछि हामीले सजगता अपनाएका थियौं । बुलेट चाहिं कमाण्डरको हातमा र गन अन्य प्रहरीहरुलाई दिइएको थियो ।

एमालेको सुन्सरीको कार्यक्रम सकिएर अव राजविराज आउने भनेपछि भिड उदण्ड हुँदै गएको थियो । मैले मोर्चाका सप्तरी ५ सँग अनुरोध पनि गरेको थिएंकी संयमता र प्रजातान्त्रिक बनाउँ भनेर । वहाँले एमालेका कार्यकर्ता रोक्न थाल्नु भएछ । म र सशस्त्रका एसपी मेन गेटको छेउमा बसेका थियौं । खेतको विचमा सप्तरी १ लाई देखें । मैले वहाँलाई अगाडि आउनुहोस् भनेको थिएँ ताकी भिड नियन्त्रण होस् । एमालेका कार्यकर्ता आईसकेपछि झन् भीड बढेको थियो । अन्दाजी ७,८ हजार मानिस थिए होला । त्यसदिन राजविराज शुन्य थियो । त्यसपछि बम राखेको सुचना आयो । नेपाली सेनाले डिस्पोज गरेको थियो । ढुंगा हान्ने क्रम बढिरहेको थियो । अन्दाजी दिउँसो चार बजेतिर कार्यक्रम शुरु भयो । के.पी ओलीले संवोधन गर्न शुरु भएपछि झन् उदण्ड भयो । पर्खालको छेउमा आगो समेत लगाए । मैले गोली हान्ने आदेश दिएको थिएन । हाम्रोबाट धेरै अश्रुग्याँस प्रहार भएको थियो । साथै रबर बुलेट पनि प्रहार भएको हो । हाम्रोबाट ग्याँस गन १२८, डमी २ वटा, रबर बुलेट ९ वटा प्रहार भएको हो । हाम्रोबाट हवाई फायर भएको छैन । रबर बुलेटले पनि नलागोस् भन्ने हिसावले हानिएको हो । कसैलाई लागेको पनि थिएन । नेपाल प्रहरीको जम्मा ७०६ जना उक्त कार्यक्रम स्थलमा खटिएका थिए । त्यसपछि छेउछाउमा खटिएका प्रहरी समेत त्यहीं बोलाएका थियौं ।

गोलीको आवाज सुनियो । हाम्रोबाट गोली चलेको नै छैन । हामीले मागेजति दमकल छ पानीको फोहरा छ, अश्रुग्याँस पनि छ । अश्रुग्याँसले हामीलाई नराम्रो असर गर्‍यो । सबै हाम्रोतिर फर्काईदिए । हावाको बहावले पनि असर गर्‍यो । गाउँतिर लुकेर पनि बसेका थिए भनेपछि त्यतातिर हान्नु पनि भएन । फेरि नराम्रो असर परिहाल्छ ।

हामीले उक्त स्थानमा सुरक्षाको हिसावले कार्यक्रम नगर्न अनुरोध गरेका थियौं । घटना भन्दा अगाडि डेढ दुई महिना सम्म प्रमुख जिल्ला अधिकारी तथा सहायक जिल्लामा कोही थिएन । सशस्त्रका एसपी विदामा हुनुहुन्थ्यो । नेपाल प्रहरीका एसएसपी पनि थिएन । मैले का.मू चलाएको थिएँ ।

यस्तो परिस्थितिमा त्यो कार्यक्रम हाइवेमा गरेको भए यस्तो हुदैनथियो । हामीले त्यहाँ रहेको नहर छेउमा कर्डेन गरेका थियौं । त्यस स्थानभन्दा भित्र प्रवेश नगर्न मोर्चाका मानिसलाई रोकेका थियौं । पेट्रोल बम व्यापक प्रयोग गरेका थिए । एमाले सभामा आएका व्यक्तिको मोटरसाईकल जलाई दिएका थिए । बाहिर पार्किङ्ग नगर्न भनेका थियौं कसैले टेरेन । केहि प्रदर्शनकारीहरुलाई गिरफ्तार पनि गरिएको थियो सोधपुछ पछि छाडिदिएका थियौं । प्रमुख जिल्ला अधिकारीको व्यक्तिगत प्रयासले रङ्गशालाबाट औद्योगिक क्षेत्रमा सार्न सफल भएको हो । एमालेका नेताहरु उक्त स्थानमा कार्यक्रम सकिएपछि कञ्चनपुरमा नै गएर बास बसेका थिए । कञ्चनपुरमा नै कार्यक्रम गरिएको भए सायद यस्तो अवस्था सृजना आउने थिएन । सशस्त्र र नेपल प्रहरीको कमाण्ड आ-आफ्नै रहन्छ । **प्रहरी ८ को बयान ।**

४२. सुरक्षा निकायले २३ गते अपृय घटना हुनसक्नेतर्फ पूर्वानुमान गरी संवेदनशील अबस्थामा रहेको । २३ गतेभन्दा अगाडी नै एमालेले कार्यक्रम गर्ने योजना गरेकोमा मोर्चाले हुन नदिएको । २३ गतेको कार्यक्रम राजविराज रंगशालामा गर्ने भन्ने योजना रहेकोमा मोर्चाले हुन नदिने भनेकोले २२ गते दुबै पक्षलाई बोलाई छलफल गरेको । मोर्चाले गर्न नदिने, एमालेले नगरी नछाड्ने भनेपछि स्थिती तनावपूर्ण हुने अनुमान गरियो । एमालेलाई त्यस अगाडि पनि कार्यक्रम नगर्न र गरेपनि राजमार्गमा गर्न सुझाव दिएको । झापाबाट २३ गते एमालेको टीम हिंड्यो भन्ने थाहा पाएपछि मोर्चाका कार्यकर्ताहरु विहानै देखि सडकमा उत्रिएको । स्थिति तनावपूर्ण बन्दै गएको । रुपनितिरबाट आउने सडक किनारामा ३ ओटा बम फेला परेको । व्यक्तिका घरमा मोर्चाले आगजनी गरेको । झडपहरु भए । सुरक्षाका दृष्टिकोणबाट प्रदर्शकारीहरुलाई केही दुरीमै राखिएको । करीव ३ हजार ३५ सय जतिको मास थियो । त्यसमध्ये राजविराजतर्फबाट आउने बढी रहेको । खेतमा पनि मोर्चाका मानिसहरु बसेका । कार्यक्रम स्थल लगायत कोशी व्यारेज, रुपनी गरी ५०० जति सशस्त्र प्रहरी परिचालित भएको । कार्यक्रम भएकै स्थलमा १५० जना सशस्त्र प्रहरी परिचालित भएको । मुख्य चोकमा मधेशवादी दलहरुको उपस्थितीमा एमालेका कार्यकर्ताहरुलाई रोकिएको । पेट्रोल बम ठाउँठाउँमा राखिएको । बाटो अवरुद्ध भएको । ३ ओटा बम सेनाले डिष्पोज गरेको । के.पी. ओलीले भाषण गर्दैगर्दा मधेशवादी दलका कार्यकर्ताहरु उत्तेजित भएको । मोटरसाईकल तोडफोड आगजनी गरेको । पर्खाल उक्लेर कार्यक्रम स्थलमा प्रवेश गर्न लागेपछि गोली चलाउनु पर्ने अवस्था आएको । ५१ ओटा अश्रुग्याँस फायर भएको । १५ ओटा गोली फायर भएको । प्रदर्शनकारीसँग लाठी र भाला रहेको । प्रहरीले हानेको अश्रुग्याँस प्रदर्शनकारीहरुले प्रहरीतिरै फालेकोले त्यसको असर प्रहरीलाई परेको । फोहोराको गाडीमा आक्रमण भई ड्राइभर पनि भागेकोले पानी फोहोरा चलाउन सम्भव नभएको । १०/११ राउण्ड हवाई फायर भएको । घुडामुनी ताकी गोली हानिएको । रोड हाईटमा भएको, भीड चलायमान भएको, ढुंगा फालिरहेकोमा गहिरो ठाउँ र चलायमान भएका कारण उनीहरुलाई ताकेको ठाउँमा गोली नलागेको । सशस्त्र प्रहरीको एक सेट संचार सेट खोसिएको । हालसम्म फेला नपरेको, डिएसपीको पेस्तोल खोसिएको तर प्रहरीले नियन्त्रणमा लिएको भन्ने समेत सप्तरी जिल्लाका तत्कालीन सशस्त्र प्रहरी बलका **प्रहरी ९** आयोगमा उपस्थित भई गरेको बयानमा उल्लेख भएको पाइयो ।

एमालले मेची महाकाली अभियान अन्तर्गत राजविराज कार्यक्रम गर्ने योजना रहेको थियो । एमालेको कार्यक्रम हुँदा मोर्चाले विरोध गर्ने कार्यक्रम थियो । शुरुमै हामीले अपृय घटना हुनसक्ने तर्फ संवेदनशील थियौं । २३ गते भन्दा अगाडी नै एमालेले कार्यक्रम गर्ने योजना गरेको थियो । मोर्चाले कार्यक्रम नै हुन

दिएन । २३ गतेको कार्यक्रम राजविराज रंगशालामा गर्ने भन्ने थियो । २२ गते हामीले दुबै पक्षलाई बोलाई छलफल पनि गऱ्यौं । मोर्चाले गर्न नदिने, एमालेले नगरी नछाड्ने भयो । हामीले एमालेलाई त्यस अगाडि पनि कार्यक्रम नगर्न र गरेपनि राजमार्गमा गर्न सुझाव दियौं । एमालेले संबैधानिक अधिकार भनी भन्यो । सहमतिमा आद्योगिक क्षेत्रभित्र कार्यक्रम गर्ने भए । झापाबाट २३ गते एमालेको टीम हिंड्यो भन्ने थाहा पाएपछि मोर्चाका कार्यकर्ताहरु विहानै देखि सडकमा उत्रियो । स्थिति तनावपूर्ण बन्दै गयो । रुपनितिरबाट आउने सडक किनारामा ३ ओटा बम फेला पऱ्यो । व्यक्तिका घरमा आगजनी गरे । झडपहरु भए । हाम्रो काम सुरक्षा दिनु हो । सुरक्षाका दृष्टिकोणबाट प्रदर्शकारीहरुलाई केही दुरीमै राखिएको थियो । करीव ३ हजार ३५ सय जतिको मास थियो । त्यसमध्ये राजविराजतर्फबाट आउने बढी थिए । खेतमा पनि बसेका थिए । कार्यक्रम स्थल लगायत कोशी व्यारेज, रुपनी गरी ५०० जति सशस्त्र प्रहरी थिए । कार्यक्रम भएकै स्थलमा १५० जना थियौं । मुख्य चोकमा मधेशवादी दलहरु थिए । उनीहरुले एमालेका कार्यकर्ताहरुलाई रोकेका थिए । पेट्रोल बम ठाउँठाउँमा राखिएको थियो । बाटो अवरुद्ध थियो । ३ ओटा बम सेनाले डिष्पोज गऱ्यो । भिआईपी (के.पी. ओली) समेतको टोलीलाई अवरुद्ध बाटो खुलाउदै कार्यक्रम स्थलमा स्कर्टिङ गरी ल्याइयो । के.पी. ओलीको भाषण गर्दैगर्दा मधेशवादी दलका कार्यकर्ताहरु उत्तेजित भए । व्यक्तिको घरमा आगो लगाए । मोटरसाईकल तोडफोड आगजनी भयो । पर्खाल उक्लेर कार्यक्रम स्थलमा प्रवेश गर्न लागे । यस अवस्थामा गोली चलाउनु पर्ने भयो ।

हामीसँग अश्रुग्याँस, गोली भरिएका राईफल थिए । करीव १५ देखि २० नाल राईफलमा गोली भरिएको थियो । बाँकी भएकासँग लाठी नै हुने हो । ५१ ओटा अश्रुग्याँस फायर भयो । १५ ओटा गोली फायर भयो । उनीहरु (प्रदर्शनकारी) सँग लाठी र भाला थियो । हामीले हानेको अश्रुग्याँस हामीतिरै फाले । त्यसको असर हामीलाई भयो । हावाको बहाव उत्तर तर्फ थियो । हामी उत्तरतर्फै थियौं । त्यसले हामीलाई प्रभावित बनायो । फोहोराको गाडीबाट पानी फाल्न सकिएन । किनभने गाडीमा आक्रमण भयो । ड्राइभर पनि भाग्यो ।
१०/११ राउण्ड हवाई फायर गऱ्यौं, अरु घुडामुनी ताकी गोली हानियो । रोड हाईटमा थियो । भीड चलायमान थियो । ढुंगा फालिरहेका थिए । गहिरो ठाउँ र चलायमान भएका कारण उनीहरुलाई ताकेको ठाउँमा गोली लागेन । खेतभन्दा सडक करीव ३/४ फिट अग्लो छ । अन्दाजी ४.३० तिर कार्यक्रम सकियो । हाम्रो एक सेट संचार सेट खोसियो । हालसम्म फेला परेको छैन । डिएसपीको पेस्तोल खोसे तर हामीले नियन्त्रणमा लियौं । हाम्रा सबै हतियार एसएलआर थियो । सशस्त्र प्रहरीको संचार सेट खोसिएको थियो । वाल नाघ्ने, हतियार खोस्ने र संचार सेट खोस्ने कार्य भएपछि गोली चलाईयो । भीड नियन्त्रणलाई चाहिने श्रोत साधन थिएन । हामीसँग द्वन्द्वको बेला प्रयोग हुने हतियार मात्र छन् ।
नीतिगत रुपमा नेपाल प्रहरी फ्रन्ट लाईनमा हुनुपर्ने हो । हामी (सशस्त्र) प्रहरी दोश्रोमा हो । नेपाल प्रहरी र हामी सँगै, संयुक्त रुपमा कार्यरत थियौं । हाम्रोभन्दा नेपाल प्रहीको संख्या बढी थियो । नेपाल प्रहरीसँग सटगन र सएसएलआर पनि थियो । हामीसँग ग्याँस गन र एसएलआर थियो । आ-आफ्नो सुरक्षा बलको कमाण्डीङ आ-आफ्नै तरीकाले हुन्छ । समन्वय चाहिं भएको थियो । कमाण्डर कमाण्डरकोवीचमा सल्लाह भै सुरक्षाको अवस्था हेरी विश्लेषण गरी बल प्रयोग भएको हो ।

हामीले ११ बजेदेखि नै अश्रुग्याँस हानेका हौं । जतिबेला मोर्चाका कार्यकर्ताहरुले एमालेका कार्यकर्ताहरुलाई कार्यक्रम स्थलभित्रै छिर्न दिइरहेका थिएनन् । ४.३० तिर हवाई फायर भयो । ५.३० तिर एमालेका कार्यकर्ताहरु निस्किए । ४.३० मा कार्यक्रम शुरुभयो । ३ जना पूर्व प्र.म्र हरुले बोले । कार्यक्रम छोट्याइएको थियो ।

यहाँ कार्यक्रम नगर्दा राम्रो हुन्छ भनी एमालेलाई पूर्व रुपमा सुझाव दिइएकै थियो । जि.सु. समितिले पनि सुरक्षा चुनौति महशुश गरेको थियो । एमाले नेता सप्तरी ६ लाई बोलाएर कार्यक्रम नगर्न सुझायौं । सप्तरी १ मोर्चाका नेतालाई बोलाई एरिया छुट्याइदियौं । बजार एरियामा मोर्चाले विरोध गर्ने र औद्योगिक क्षेत्रभित्र एमालेको कार्यक्रम नविथोल्ने प्रस्ताव राख्यौं । यस विषयमा हेडक्वाटरमा समेत रिपोर्टिङ गऱ्यौं । संवेदनशील परिस्थिति आउनसक्ने कुरामा आ-आफ्नो निकायमा जानकारी पनि गरायौं ।

सुरक्षा समितिले अवस्थाका अनुसार बल प्रयोग गर्ने भन्ने निर्णय भएको थियो । घटना घटेको दिन आदेशको कुरामा मेरो भनाई के हो भने मास अनकन्ट्रोल भई, कार्यक्रम स्थलभित्र प्रवेश गर्न जाँदा गोली चलाउनु पर्ने भयो । सिडीओ सापलाई आदेश लिन फोन सम्पर्क गरियो । तर यो परिस्थितिजन्य कुरा रहेछ, आदेश माग्न सक्ने परिस्थिति पनि नहुँदो रहेछ । "यस्तो यस्तो अवस्थामा गोली चलाउने" भन्ने तालिम हुन्छ । गोली चलाउने परिस्थिति आएपछि गोली चलाइयो । को कसबाट फायर भयो, कतिगोली खर्च भयो भनी रेकर्ड राख्नु पर्छ । राजविराजमा उक्त रेकर्ड हुन्छ । यसरी आदेश माग्दा सिडिओ सापले आवश्यकता अनुसार बल प्रयोग गर्नु भन्ने जानकारी आयो । तत्पश्चात मात्र गोली चलाएको हो ।

नियन्त्रणमा लिएका व्यक्तिहरुलाई सशस्त्रले कुटेको भन्ने जुन विषय उठाउनु भयो । त्यसमा मेरो भनाई के हो भने प्रहरी दिनभरी खटिएका हुन्छन् । तनावमै हुन्छन् । अन्यत्रको रिस पनि हुन्छन् । त्यही परिवेशमा कुटपीट हुने गरेका छन् । तर यसरी नियन्त्रणमा लिएका व्यक्तिलाई कुटपीट गर्नुहुदैन ।

परिस्थितिले गोली चलाउन पर्ने अवस्था आयो तर यस घटनामा टीकापुर घटनाको मनोविज्ञान जोडिएको छैन । भिआईपी निस्केपछि पनि भिआइपीको टिमले प्रयोग गरेका करीव ५०/६० ओटा गाडीहरुको सीसा फोरिएका छन् । जुन स्थानमा गोली चल्यो, त्यहाँमात्र शान्त भयो, अन्य स्थानहरुमा तोडफोडका घटना भइ नै रहे ।

कार्यक्रम सकिएको अवस्थामा गोली चलाउनु पऱ्यो, गोली चल्यो, यसमा कोही कसैको विशेष गरी सशस्त्र प्रहरीको कुनै कमीकमजोरी भएको छ की भनी राखेको जिज्ञासामा मेरो भनाई के हो भने यो घटना ज्यादै दुःखदायी पूर्ण हो । तर थोरै क्षतिमा धैरै क्षति हुनबाट जोगाइयो । नत्र जातिय सद्भाव भड्किने थुप्रै अन्य व्यक्तिको ज्यान जाने, धैरै धनजनको क्षति हुने अवस्था थियो । यो अवस्थाबाट बचाइयो । रोकुन्जेलसम्म, सामर्थ्य छउन्जेल अत्यधिक धैर्यधारण गरी नियन्त्रण गर्ने प्रयास गरियो । अन्तिम अवस्थामा सुरक्षाफौजलाई आपत् परेको थियो । पेट्रोलबम प्रहारले आत्मरक्षा चुनौति बन्यो । भिआईपी को सुरक्षाको चुनौति, कार्यक्रम स्थलमा प्रवेश, मास अत्यधिक एग्रेसिभ भएकोले गोली चलाउनु पऱ्यो । पेट्रोलबम हान्दा हाम्रो प्रहरी घाइते पनि भए । यस्तो अवस्थामा हाम्रो तर्फबाट केही कमजोरी भएका हुन सक्लान् ।
निषेधित क्षेत्रका विषयमा के कस्तो व्यवस्था थियो भनी राखिएको सवालमा मेरो भनाइ के छ भने हामीले बजारबाटै प्रवेशमा रोक लगाएका थियौं । तर संभव भएन । कार्यक्रम स्थलभन्दा दक्षिणतर्फ बाँसघारीनिर पूर्ण रुपमा रोक लगायौं । मासले मादकपदार्थ सेवन गरेका थिए । उनीहरु उत्तेजित थिए । त्यस्ता व्यक्तिले नै प्रहरीको हतियार समेत खोस्ने प्रयास गरे । तथापी भीडले प्रहरीको घेरा तोडी पर्खाल नाघ्यो ।
सुरक्षा चुनौति भएको ठाउँमा कुनै कार्यक्रम किन गर्ने, यहाँ नगर्नोस्, गरेमा हामी उत्तरदायी हुनेछैनौं भनी प्रहरीले हेडक्वाटर मार्फत पनि भन्न नसक्ने? भनी संयोजकज्यूले राखेको सवालमा मेरो भनाई के हो भने दुवै पक्षलाई दुवै कार्यक्रम नगर्न भनेका हौं । तर संभव भएन । टार्ने कोसिस गऱ्यौं तर टरेन । सम्झाउन

सकिएन । दुवैपक्षले यसलाई अधिकारको विषय बनाए । यसको मारमा प्रहरी कर्मचारी पऱ्यो । उनीहरु उत्तरदायी हुनु पर्दछ । जे जस्तो परिस्थिति आएपनि प्रहरीको कर्तव्य सुरक्षा दिनु थियो । खासमा राजनीतिज्ञहरुका कारण दुःखद घटना भयो ।
कुन् सुरक्षा निकायको गोलीबाट मृत्यु भएको भन्ने सावालमा सुरक्षा निकायको गोलीबाट नै मृत्यु भएकोमा विवाद छैन । घटनापछि मलाई काठमाडौं झिकाइयो । हाम्रो रिपोर्टिङ प्रणालीमा फोनबाट जानकारी गराईयो । पछि प्रतिवेदन बुझाएँ । **प्रहरी ९ को बयान ।**

## २.४. प्रहरीले अख्तियार गरेको सुरक्षा रणनीति

- ने.क.पा. (एमाले) को कार्यक्रम हुनु ३-४ दिन अघि देखि नै लोकमार्गका भित्रि सडक तथा कार्यक्रमस्थल (राज रङ्गशाला) वरिपरी प्रहरीको बाक्लो उपस्थिती गराउने ।
- जिल्ला भरी खटिने पिकेट डिउटीले हुन सक्ने संभावीत तोडफोड लगायतका अराजक गतिविधीहरु हुन, गर्न नदिने ।
- ढुङ्गा, ईटा, काठ राखी लोकमार्ग तथा सडकहरुमा अवरोध गर्न नदिने ।
- एम्बुलेन्स,बिरामी बोकेका सवारी साधनहरु, कुटनैतिक नियोगका सवारी साधन तथा अन्य सबारी साधन सञ्चालनमा अवरोध नगर्न व्यबस्था मिलाउने ।
- लाठी, भाला, हतियार सहितको जुलुस गर्न नदिने ।
- कहिंकतै घटना भएमा कमाण्डर आफु पुगी समस्या समाधान गर्ने ।
- आफु खटिएको स्थानमा वा नजिकमा खटिएको सशस्त्र प्रहरी वलको टोलीसंग सम्पर्क र समन्वय गरी काम गर्ने, एक अर्कामा सहयोग आदान प्रदान गर्ने ।
- खटिएको स्थानमा संयमित भई डिउटी गर्ने, उत्तेजित नहुने । एक्लै नहिंड्ने, चनाखो भई बस्ने सुचना संकलन गर्ने । कमाण्डरले भीडको मनोविज्ञान बुझी काम गर्ने ।
- बल प्रयोगगर्दा संयमित भई बल प्रयोगको सिद्दान्त बमोजिम कमाण्डरको आदेश अनुसार काम गर्ने ।
- आफ्नै ज्यानै जाने वा अन्य कसैको ज्यानै जाने वा गम्भीर शारिरीक क्षति हुने अवस्थामा आत्मरक्षाको लागि बाहेक ज्यान जाने जोखिमपुर्ण हातहतियार ीभनबा धभबउयल को प्रयोग नगर्ने ।
- बढी भन्दा बढी पक्राउ गर्ने, पक्राउ गरिएका व्यक्तिलाई कुटपीट दुर्व्यवहार नगर्ने ।




एकजना प्रदर्शनकारीलाई पक्राउ गर्दै नेपाल प्रहरी । तस्वीर : मेडिया

- लाठी हान्दा टाउको र संवेदनशील स्थानमा नहान्ने ।

## २.५.आयोगको अनुगमन प्रतिवेदनहरुबाट प्राप्त तथ्यहरु

४३.मिति २०७३।१२।१ गते राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य मोहना अन्सारी सहितको उच्च स्तरीय अनुगमन टोलीद्वारा मलेठ घटनाको अनुगमनगरी आयोग समक्ष पेश गरेको प्रतिवेदनमा उल्लेख भएका सुझावहरु देहाय बमोजिम रहेको पाइयोः

- घटनाको बिस्तृत अध्ययन तथा अनुसन्धान गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ८ र १९ बमोजिम एक उच्च स्तरिय विज्ञ समेत सम्मिलित एक छानविन तथा अनुसन्धान समिति गठन गरी घटनाको अनुसन्धान गर्नुपर्ने ।
- घटनामा मृत्यु भएका मृतकका आफन्तलाई क्षतिपूर्ति तथा आश्रित छोराछोरीलाई निःशुल्क पठनपाठनको व्यबस्था र एक जनालाई रोजगारीको व्यबस्था गर्न लेखी पठाउनु पर्ने ।
- घटनाको सरकारबाट समेत छानविन अनुसन्धान गरी दोषीलाई कानुनी कारवाही गर्न लेखी पठाउनु पर्ने ।
- सबै राजनितीक दलहरुलाई वार्ता र सम्वादको माध्यमबाट समेत थप यस्ता खाले घटनाहरु दोहोरिन नदिन, शान्ति र सद्भाव कायम राख्न आवश्यक पहल गर्न ध्यानाकर्षण गर्नुपर्ने ।
- आयोग माथिको निरन्तर भौतिक आक्रमण किन र के कारणले भैरहेको छ यसको बिश्लेषण गर्नुपर्ने ।
- आयोगको टोलीको सुरक्षा संवेदनशीलता, सुरक्षा बिमा, औषधी उपचार समेतको बिचार गरी उचित प्रवन्ध गर्नुपर्ने । घाइते भएका टोलीका सदस्यको निःशुल्क उपचारको लागि पहल गर्नुपर्ने ।

## २.६. श्रव्यदृष्य अबलोकनबाट प्राप्त तथ्य

४४. सप्तरी घटनाका सम्बन्धमा खिचिएका बिभिन्न भिडियो क्लिपहरु बिश्लेषण गर्दा प्रदर्शनका क्रममा प्रदर्शनकारीहरुले रड, तथा ७,८ फिट लम्बाई भएका चिरुवा भाटाहरुको व्यापक प्रयोग भएको पाईनुका साथै प्रदर्शनको अगाडी साईडमा बालकहरु ढुङ्गाले सुरक्षाकर्मीतर्फ प्रहार गरिरहेको देखिन्थ्यो ।

४५. प्रदर्शनकारीहरु कार्यक्रम स्थलको चारैतिर जस्तै केरावारी, खेतबारी, व्यक्तिको घर जस्ता ठाउँहरुमा लुकेर सुरक्षाकर्मीतर्फ ईटा ढुङ्गा प्रहार गरिरहेको देखिएको ।

४६. सुरक्षाकर्मीले हाते माईक साथमा बोकेको तथा सुरक्षाकर्मीहरु आक्रामक भन्दा रक्षात्मक रुपमा प्रस्तुत भएको देखिन्थे । प्रदर्शनकारीको ढुङ्गा प्रहारबाट सुरक्षाकर्मीहरु घाइते भएको देखिएको ।

४७. अधिकांश श्रव्यदृष्यमा सुरक्षाकर्मीहरु पछाडी हटेको स्पष्ट देखिन्थ्यो । सुरक्षाकर्मीले निषेध गरेको स्थानमा प्रदर्शनकारीहरुले पराल, टाटी, झाङ्गहरु राखेर आगो लगाईरहेको स्पस्ट देखिएको ।

४८. सुरक्षाकर्मीले अश्रु ग्याँस प्रहारगर्दा प्रदर्शनकारीहरुले सुरक्षाकर्मी तर्फ नै ग्याँस फर्काईदिदा उक्त अश्रुग्याँसको असर सुरक्षाकर्मीलाई परेको देखिन्थ्यो । उक्त दिन हावाको वहाव दक्षिणबाट उत्तरतर्फ गएकाले पनि अश्रुग्याँबाट सुरक्षाकर्मी बढी पीडित देखिन्थे ।

४९. फागुन २३ गते बिहान देखि नै ड्युटिमा खटिएका सुरक्षाकर्मीले कार्यक्रमको करीव करीव अन्त्य सम्म संयमता अपनाएको देखिएता पनि गोली प्रहार भईसकेपछि केही हदसम्म भीड तितरबितर भएको देखिएको ।

५०. केहि श्रव्यदृष्यमा जनपथ प्रहरीद्वारा प्रदर्शनकारीलाई सुरक्षा दिएको र शसस्त्र प्रहरीले हान्दैगर्दा छुट्याएको समेत देखिएको ।

५१. मोर्चाको प्रदर्शन शान्तिपुर्ण देखिएन । लामा बाँसका भाटाहरु, रड तथा लाठीसाथ प्रस्तुत भएको र भीड अत्यन्त उत्तेजित देखिएको । श्रव्यदृष्यमा एक जना व्यक्तिको लाश क्षतविक्षत, टाउको फुटेको अवस्थामा देखिएको । स्थानियबासीहरुसंग बुझ्दा निजको नाम सञ्जन मेहता रहेको र निजलाई समातेर नजिकबाट गोली हानिएको भन्ने जानकारी पाईएको ।

५२. प्रदर्शनकारीले उक्त स्थानमा रहेको कल्भर्ट मुनितिर प्रेसर कुकर बम जस्तो बस्तु राखेको र उक्त बमहरुलाई नेपाली सेनाबाट डिस्पोज गरेको जानकारी प्राप्त भएको ।

५३. बोतलमा पेट्रोल राखी प्रदर्शनकारीले सुरक्षाकर्मीतर्फ प्रहार गरिरहेको प्रस्ट देखिएको ।

## २.७. मृतक र घाइतेको विवरणहरुः (श्रोतः आयोगको अनुगमन प्रतिवेदन)

५४. **मृतकको विवरण**

| **क.स.** | **नाम थर** | **ठेगाना** | **उमेर** | **पेशा** | **लिंग** | **मृत्युको कारण/गोली लागेको ठाउँ** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | पीताम्बर लाल मण्डल | राजविराज | ५० | नखुलेको | पुरुष | पेटमा गोली लागेको । मृत्युको कारण: Excessive Hemorrhage | उपचारको क्रममा मृत्यु भएको । |
| २. | आनन्द साह | राजविराज | ४० | नखुलेको | पुरुष | छातिमा गोली लागेको । मृत्युको कारण: Excessive Hemorrhage | उपचारको क्रममा मृत्यु भएको । |
| ३. | सञ्जन मेहता | सप्तरी | २५ | नखुलेको | पुरुष | टाउकोमा गोली लागेको । मृत्युको कारण: Excessive Hemorrhage | ल्याउँदा ल्याउँदै बाटोमा मृत्यु भएको । |
| ४. | वीरेन्द्र महतो | मलेठ,२, सप्तरी | ३८ | | परुष | पेटमा गाली लागेको | उपचारका क्रममा मिति २०७३।११।२५ गते मृत्यु । |
| ५. | ईन्दर यादव | सप्तरी | ५७ | | पुरुष | छाती, पेटमा गोली लागेको | उपचारका क्रममा मिति २०७३।११।२६ गते |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | मृत्यु |

## ५५. घाइतेहरुको बिवरण :

| क.स. | नाम थर | ठेगाना | उमेर | पेशा | लिंग | घाइतेको अवस्था/कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | जितेन्द्र साह | बोरी ८, सप्तरी | ३५ | नखुलेको | पुरुष | दाईने काखिमा गोलि लागेको । | |
| २. | सुरेन्द्र कुमार साह | राजविराज न.पा. ७, सप्तरी | १५ | नखुलेको | पुरुष | घाँटीको पछाडि गोली लागेको । | |
| ३. | इन्द्र कुमार साह<br>ईनर यादब | जमुनि मध्यपुरा १, सप्तरी | ५७ | नखुलेको | पुरुष | पेटमा गोली लागेको । | |
| ४. | दिगम्बर यादव | राजविराज | ४३ | कानुन ब्यबसायि | पुरुष | ढाडमा गोली लागेको । | |
| ५. | अरुणकुमार यादव | रामपुर मलंगिया | २५ | नखुलेको | पुरुष | पेटको दाहिनेपट्टि सानो चोट | |
| | पशुपति यादव | राजविराज/सप्तरी | २६ | बिधार्थी | पुरुष | दाहिने हात भाँचिएको । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | | | | | | | |
| ७. | विरेन्द्र यादव | झुट्की ४ , सप्तरी | २८ | बिधार्थी<br>फोरम गणतान्त्रिकको बिधार्थी अध्यक्ष | पुरुष | चोट केहि नभएको | |
| ८. | दिनेश साह | राजविराज | ३६ | नखुलेको | पुरुष | चोट केहि नभएको | |
| ९. | लक्ष्मण यादव | राजविराज ८ सप्तरी | ४० | सद्भावना पार्टिको सप्तरी क्षेत्र न. ३ को अध्यक्ष | पुरुष | ढाडमा लाठिको सामान्य चोट लागेको । | |
| १०. | जप्पु साह | राजविराज | ३७ | नखुलेको | पुरुष | टाउकोमा लाठिको सामान्य चोट | |
| ११. | रमेश मग्रांन्ति | धनकुटा | २४ | सुरक्षाकर्मी | पुरुष | निधारमा सामान्य चोट | |
| १२. | रञ्जित सिंह | विराटनगर | १८ | सुरक्षाकर्मि | पुरुष | टाउकोमा सामान्य चोट | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३. | धनपति पाठक | इटहरी | ५१ | एमाले कार्यकर्ता | पुरुष | दाहिने कुट्टामा सामान्य चोट | |

५६. **सुरक्षाकर्मीतर्फ भएका घाइतेहरुको बिवरण** (श्रोतः जिल्ला प्रहरी कार्यालय, सप्तरी)

| क्र.सं. | सुरक्षाकर्मीको नामावली | पद | चोटपटकको अवस्था |
|---|---|---|---|
| १ | विजय श्रेष्ठ | प्रहरी निरिक्षक | आँखा माथि चोट |
| २ | जगरनाथ यादव | प्रहरी नायव निरिक्षक | ढाडमा चोट |
| ३ | नगेश्वर यादव | प्रहरी नायव निरिक्षक | खुट्टामा चोट |
| ४ | जय प्रकाश साह | प्रहरी नायव निरिक्षक | खुट्टामा चोट |
| ५ | अरुण यादव | प्रहरी सहायक निरिक्षक | खुट्टामा चोट |
| ६ | समिर आचार्य | प्रहरी सहायक निरिक्षक | दाहिने आँखामाथि चोट |
| ७ | ह्रिर नारायण खतिवडा | प्रहरी हवल्दार | ह्रतमा चोट |
| ८ | भुपेन्द्र खनाल | प्रहरी हवल्दार | ढाडमा चोट |
| ९ | राजेन्द्र प्रसाद चौधरी | प्रहरी हवल्दार | दाहिने आँखामाथि चोट |
| १० | लक्ष्मण साह | प्रहरी हवल्दार | ढाड र दाहिने खुट्टामा चोट |
| ११ | सदानन्द मेहता | प्रहरी हवल्दार | बायाँ खुट्टामा चोट |
| १२ | निशान चोङ्गवाङ्ग | प्रहरी जवान | ढाडमा चोट |
| १३ | रमेश मग्राती | प्रहरी जवान | निधारमा चोट लागी गंभीर |

| | | | |
|---|---|---|---|
| | | | घाइते भई घोपा क्याम्पमा उपचार |
| १४ | रन्जित सिंह कुर्मी | प्रहरी जवान | निधारमा चोट लागी गंभीर घाइते भई घोपा क्याम्पमा उपचार |
| १५ | अशोक ताजपुरिया | प्रहरी जवान | वायाँ आँखा माथि चोट लागी गंभीर घाइते भई घोपा क्याम्पमा उपचार |
| १६ | प्रमोद कुमार यादव | प्रहरी जवान | खुट्टामा चोट |
| १७ | उत्तम लावती | प्रहरी जवान | द्याहिने हातखुट्टामा चोट |
| १८ | राजेन्द्र प्रसाद चौधरी | प्रहरी जवान | ढाड र निदारमा चोट |
| १९ | प्रदिप बोगटी | प्रहरी जवान | हात र खुट्टामा चोट |
| २० | दिल कुमार चौधरी | प्रहरी जवान | हात र मुखमा चोट |
| २१ | विशाल राई | प्रहरी जवान | दाहिने खुट्टामा चोट |
| २२ | देव नारायण चौधरी | प्रहरी जवान | छाती र खुट्टामा चोट |
| २३ | पप्पु ऋषिदेव | प्रहरी जवान | छातीमा चोट अवस्था समान्य |
| २४ | किरण कठेत | प्रहरी जवान | दाहिने घुँडामा चोट |
| २५ | गोपाल दाहाल | प्रहरी जवान | दाहिने खुट्टामा चोट |
| २६ | पृथ्वी नारायण चौधरी | प्रहरी जवान | दाहिने घुँडा र बायाँ कुममा चोट |
| २७ | क्मलमणी दाहाल | प्रहरी जवान | हातमा चोट |
| २८ | अजय राजवंशी | प्रहरी जवान | दाहिने खुट्टामा चोट |

| | | | |
|---|---|---|---|
| २९ | उमाकान्त कट्टेल | प्रहरी जवान | ह्तमा चोट |
| ३० | भुपेन्द्र खड्का | प्रहरी जवान | हातमा चोट |
| ३१ | अनिल भट्टराई | प्रहरी जवान | हातमा चोट |

# ६. विश्लेषण

## ६.१. कानूनी पक्ष

नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक प्रदान गरेको छ । यो हक कसैले खोस्न पाउने होइन । यो प्रत्येक नेपालीको आधारभूत मानव अधिकार हो । मलेठ घटनाबाट केही मानिसको बाँच्न पाउने हक नै खोसिएको छ । यस्तो स्थिती सबैका लागि गम्भीर चिन्ता र चिन्तनको विषय हो । बाँच्न पाउने हक बाहेक अन्य कुनै हक अधिकार शत प्रतिशत पूर्ण (Absolut) हुँदैनन्, हुन पनि सक्दैनन् । यहाँसम्म कि बाँच्न पाउने हकपनि प्रत्येक व्यक्ति कानूनको सीमा भित्र रहेमा मात्र पूर्ण रुपमा उपभोग गर्न सक्दछ । तर बाँच्न पाउने हकलाई अन्य हक अधिकारको प्रयोग विधिको अधीन बनाउन वा राख्न दिनु हुँदैन । मलेठ घटनाको सन्दर्भमा हेर्दा नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) को अधिकार प्रयोग गर्दा मानिसको बाँच्न पाउने हकलाई समाप्त गर्ने परिस्थितीको सृजना भएको छ ।

संविधानको धारा १७ (२) ले प्रदान गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता (क), बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता (ख) र नेपालको कुनै पनि भागमा आवत जावत गर्ने स्वतन्त्रता (ङ) लाई सोही उपधाराको प्रतिवन्धात्मक खण्ड (१), (२) र (५) को सन्दर्भमा हेर्नु र कानूनको सीमा भित्र रही प्रयोग गर्नुपर्ने हुन्छ । यहाँसम्म कि सोही उपधारा (२) को खण्ड (ग) र (घ) अनुसार राजनीतिक दल, संघसंस्था खोल्न र खोलिएका दल वा संस्थाको संचालन गर्दा पनि संविधानको सोही धाराको प्रतिवन्धात्मक खण्ड (३) र (४) को व्यवस्था र सीमालाई मनन् एवम् अंगीकार गर्नुपर्ने हुन्छ । त्यसो नगर्दा त्यस्ता कुनै पनि हकको सही ढंगले प्रयोग र उपभोग गर्न सम्भव हुँदैन ।

यसको अतिरिक्त संविधानको धारा ४८ को खण्ड (ख) ले निर्दिष्ट गरेको संविधान र कानूनको पालन गर्नु पर्ने आधारभूत कर्तव्यबाट कुनै पनि व्यक्ति विमुख हुन सक्तैन । अर्काको हक माथि आघात हुनेगरी आफ्नो अधिकारको प्रयोग गर्ने छुट वा स्वतन्त्रता कसैलाई पनि छैन ।

संविधानको धारा १७ ले प्रदान गरेको स्वतन्त्रताहरु उपभोग गर्ने सन्दर्भमा स्थानीय प्रशासन ऐन, २०२८ ले शान्ति, व्यवस्था र सुरक्षा कायम गर्ने प्रयोजनले गरेको कानूनी व्यवस्था प्रति पनि सजग रहनु पर्ने हुन्छ । यसरी सर्वसाधारण जनताको जिउ, धन र सार्वजनिक शान्ति, सुव्यवस्था र सुरक्षा कायम राख्ने उद्देश्यले बनेको कानूनको एक अर्काको हकको उपेक्षा र

निरादर गर्दै कसैले आफ्नो अधिकारको प्रयोग मात्र गर्न सक्दैन । त्यस्तो अवस्था व्यक्ति, समाज र राष्ट्रय हितमा हुँदैन । त्यो प्रजातान्त्रिक पद्धतीको विरुद्धमा हुन्छ । छाडातन्त्र र मनपरी तन्त्र मात्र हुन्छ । जस्को छुट कुनै पनि समाज र राष्ट्रले दिन सक्दैन । मलेठ घटनाको विभिन्न पक्षलाई दृष्टिगत गर्दा विद्यमान कानूनी प्रावधानहरुको सम्मान र उचित ढंगले प्रयोग गरिएको पाईदैन । अपितु घटनासँग सम्बन्धित मुख्य पक्षहरुले कानूनी व्यवस्थालाई जानाजान निरादर गरेको स्पष्ट देखिएको छ ।

प्रस्तुत संवैधानिक विवेचना पश्चात मलेठ घटनामा निम्न लिखित सवालहरुमा विवेचना गर्नुपर्ने देखियो:

१. सुरक्षाकर्मीहरुले अत्यधिक बल प्रयोग गरेको हो कि होइन?
२. आयोजक राजनैतिक दलहरुको कुनै दायित्व सृजना हुन्छ कि हुँदैन?
३. घाइते व्यक्तिहरुको सम्बन्धमा नेपाल सरकारले संबोधन गर्नु पर्छ कि पर्दैन?
४. मेडिको लिगल सम्बन्धी प्रश्नहरु विवाद रहित छन् कि छैनन्?

पहिलो सवालको सम्बन्धमा विवेचना गर्दा २०७३ फागुन २३ गते मोर्चाको विरोधको स्वरुप कस्तो रहेको थियो ? सुरक्षाकर्मीद्वारा प्रयोग भएको बल प्रयोग कानून संगत थियो कि थिएन? र सुरक्षाकर्मीहरुले गोली चलाउनै पर्ने परिस्थिती सृजना भएको थियो वा थिएन? भन्ने जस्ता सवालहरुको तथ्यगत आधारहरुको खोजीगर्नुपर्ने जरुरी हुन्छ ।

यि सवालहरुको जवाफ प्राप्त गर्न प्रहरीको काम कर्तव्य, अधिकारका बारेमा प्रचलित केही कानूनी व्यवस्थाहरु, अन्तर्राष्ट्रिय सिद्धान्तहरुको बारेमा चर्चा गर्नु बाञ्छनीय हुने देखियो ।

प्रहरी ऐन, २०१२ को दफा ८ बमोजिम प्रहरी उपर नियन्त्रण सम्बन्धी व्यवस्थाका बारेमा उल्लेख भएको पाइन्छ । यस अनुसार जिल्लास्तरीय प्रहरी कर्मचारीहरू शान्ति सुरक्षा र सो सम्बन्धी प्रशासनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रहनेछन् र सो सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको आदेश तथा निर्देशनको पालना गर्नु प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ । कानुनबमोजिम प्रमुख जिल्ला अधिकारीले गर्नु पर्ने अन्य काममा निजलाई सहयोग गर्नु जिल्ला प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ ।

प्रहरी ऐन, २०१२ को दफा १९ मा सार्वजनिक सभा र जुलुसको व्यवस्था सम्बन्धमा निम्न लिखित व्यवस्था भएको पाइन्छ:

(१) सार्वजनिक बाटो, सडक वा आवत जावत हुने स्थानमा सभा गर्ने वा जुलुस निकाल्ने सम्बन्धमा जन साधारणलाई असुविधा पर्ने वा शान्ति भङ्ग हुने

स्थिति उत्पन्न नहोस् भन्ने उद्देश्यले प्रमुख जिल्ला अधिकारी वा निजबाट त्यस कामका निम्ति अख्तियार पाएका प्रहरी अधिकृतले सभा वा जुलुसका निम्ति ठाउँ, बाटो र समय तोक्न सक्नेछ ।

(२) उपदफा (१) विपरीत कुनै कार्य भए गरेमा प्रमुख जिल्ला अधिकारी वा निजबाट त्यस कामका निम्ति अख्तियार पाएका प्रहरी अधिकृतले त्यस्तो सभा वा जुलुस रोक्न वा भङ्ग गर्न सक्नेछ ।

प्रहरी नियमावली, २०७१ को नियम ५५ मा क्षेत्रीय प्रहरी कार्यालयका प्रमुखको काम कर्तव्यहरु र अधिकारहरु देहाय बमोजिम उल्लेख गरेको पाइन्छ:

क) प्रहरी जनशक्तिको प्रभावकारी परिचालन, रेखदेख, नियन्त्रण गर्ने र आवश्यक निर्देशन दिने । नियमावलीमा उल्लेखित लगायत अन्य व्यवस्थाहरुको अतिरिक्त सुरक्षा प्रतिकूल क्रियाकलाप तथा अपराध रोकथाम तथा नियन्त्रण गर्ने सम्बन्धमा योजना तर्जुमा गरी प्रभावकारी तथा जनमुखी प्रहरी सेवा प्रदान गर्ने वा गराउने, (नियम च) तालुक कार्यालयबाट लागू गरिएको नीति अनुरूप अति विशिष्ट तथा विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्था गर्ने वा गराउने साथै मातहत कार्यालयको सुरक्षा व्यवस्थाको अनुगमन गरी आवश्यक निर्देशन दिने, (नियम ज), क्षेत्रभित्र शान्ति सुरक्षामा उत्पन्न हुन सक्ने असाधारण परिस्थितिलाई मध्यनजर राखी आकस्मिक तथा विशेष सुरक्षा योजना तयार गर्ने वा गराउने (नियम ण) समेतका दायित्वहरु प्रहरीको रहेको पाइन्छ ।

यस्तै सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ६ बमोजिम निम्न लिखित प्रयोजनका लागि नेपाल सरकारले सशस्त्र प्रहरी परिचालन गर्न सक्ने प्रावधान रहेको छ:

(क) नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्न,

(ख) नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्न,

(ग) नेपालको कुनै भागमा भएको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्न,

(घ) नेपालको कुनै भागमा भएको वा हुन सक्ने दङ्गा नियन्त्रण गर्न,

(ङ) नेपालको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउन,

(च) नेपालको कुनै नागरिक वा अरू कसैलाई अपरहण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्न वा अन्य कुनै किसिमको जघन्य तथा गम्भीर अपराध घटेमा वा गम्भीर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण गर्न,

(छ) नेपालको सीमा सुरक्षा गर्न,

(ज) वाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रहीसहयोग गर्न,

(झ) नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्न,
(ञ) नेपाल सरकारले सुरक्षा दिनु पर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्न,
(ट) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएका वा अन्य प्रचलित कानुनबमोजिम तोकिएका कार्यहरू गर्न,
(ठ) नेपाल सरकारले समय समयमा तोकेबमोजिमका अन्य कार्यहरू गर्न ।
अतः उल्लेखित ऐन र नियमावलीका प्रावधानहरुका आधारमा मुलुकको समग्र शान्ति सुरक्षाको दायित्व नेपाल प्रहरी र सशस्त्र प्रहरीको हुनेमा कुनै विवाद देखिँदैन ।

स्थानीय प्रशासन ऐनमा प्रमुख जिल्ला अधिकारीलाई शान्ति सुरक्षा र बल प्रयोग गर्ने दायित्व र विधिहरुको बारेमा उल्लेख भएको पाइन्छ । यस अनुसार कुनै सभा जुलुस वा भीडले हिंसात्मक वा ध्वंसात्मक प्रवृत्ति लिई त्यसको कुनै काम कारवाईबाट शान्ति भङ्ग हुने सम्भावना देखिएमा प्रहरीद्वारा रोक्न लगाउने, वा आफैं गई वा आफू मातहतका अधिकृतलाई पठाई सकेसम्म सम्झाइ शान्ति कायम गराउने, नसकेमा प्रहरीको मद्दतले लाठी चार्ज, अश्रुग्याँस, फोहरा र हवाई फायर समेत आवश्यकता र परिस्थिति अनुसार जो गर्नु पर्ने बल प्रयोग गरी शान्ति कायम गर्ने गराउने, यति गर्दा पनि शान्ति कायम हुन नसकिने देखिएमा र गोली चलाउनु पर्ने आवश्यकता परेमा सो गर्नु भन्दा अगाडि भीडलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग सो भीडले बुझ्ने गरी चेतावनी दिने र त्यति गर्दापनि भीड हटेन र गोली चलाउनु पर्ने नै भयो भने घुँडामुनि पारी गोली चलाउनको निमित्त आदेश लेखी सही गरिदिने भनी उल्लेख छ । यस्तै कुनै ठाउँमा हुलदङ्गा वा अशान्ति भएमा वा हुन सक्ने पर्याप्त आधार भएमा सो परिस्थितिलाई दृष्टिगत गरी प्रमुख जिल्ला अधिकारीले क्षेत्र र समय तोकी सो क्षेत्र र समयमा हुलदङ्गा वा अशान्ति गर्ने उद्देश्यले एकै ठाउँमा पाँच जना भन्दा बढी मानिस जम्मा हुन नपाउने गरी आदेश जारी गर्न सक्ने सक्ने अधिकार प्रदान गरेको देखिन्छ । (स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६)

बल प्रयोगको अन्तिम अवस्थामा प्रयोग गरिने घातक बल (जीवित गोली) प्रयोग गर्नुपूर्व लाठी चार्ज, अश्रु ग्यास प्रयोग, हवाइ फायर, रवर गोलीको प्रयोग गर्नु वल प्रयोग सिद्धान्तको महत्वपूर्ण प्रकृया हो । यसर्थ स्थानिय प्रशासन ऐन, २०२८ को दफा ६(क) को उपदफा ४ बल प्रयोग सम्बन्धी सिद्धान्तको रुपमा पनि लिन सकिन्छ । बल प्रयोग सम्बन्धी यस सिद्धान्तले आवस्यक्ता पुष्टि गर्नु पर्दछ । अर्थात् कम घातक बल प्रयोगबाट भीड नियन्त्रित हुन नसकी धनजनको क्षति हुन सक्ने परिस्थिती श्रृजना भएको बल प्रयोग गर्ने निकाय वा अधिकारीले पुष्टि गर्नुपर्दछ ।

Code of Conduct for Law Enforcement Officials, 1979 को धारा ३ मा कानून कार्यान्वयन गर्ने पदाधिकारीले सख्त आवश्यकता परेको बेलामा मात्र बल प्रयोग गर्न सक्छ भन्ने "Law enforcement officials may use force only when strictly necessary and to the extent required for the performance of their duty" भन्ने व्यवस्था र उल्लेखित स्थानीय प्रशासन ऐन, २०२८ को व्यवस्थाको भाव र मर्म समान नै छन् । यि व्यवस्थाहरुबाट अत्यावश्यक भएको अवस्थामा चलाइएको गोली वैध मानिन्छ अन्यथा अनावश्यक रुपमा चलाइएको गोली गैर कानूनी मानिन्छ ।

शान्तिपूर्ण भेला भएका प्रदर्शनकारीहरुको व्यवहार शान्तिपूर्ण नै रहनुपर्ने भन्ने एक अन्तर्राष्ट्रिय निर्देशिका (guideline) मा उल्लेख भएको पाइन्छ । उक्त निर्देशिकामा प्रदर्शनकारीहरुको तवसम्म मात्र संरक्षणको प्रत्याभूती हुने गर्दछ जवसम्म उनीहरुले प्रदर्शन गरेको व्यवहार शान्तिपूर्ण रहन्छ । यो सिद्धान्त अनुसार कुनै हतियार वा कानूनबाट निषेध गरिएका कुनै सामाग्री प्रयोग गर्नु मात्र नभई प्रयोग गर्ने योजना भएमा पनि उक्त प्रदर्शन शान्तिपूर्ण हुँदैनन्  भनी Osmani and Others v. FYR of Macedonia, 2001 को केसमा उल्लेख भएको पाइन्छ ।[१]

कानुन कार्यान्वयन गर्ने अधिकारीले गरेको बल प्रयोग सम्बन्धी कयौं घटनाहरु विवादित नै बनेका छन् । यस्ता घटनाहरु कम विवादित बनाउन विभिन्न समयमा अन्तर्राष्ट्रिय अभ्यासहरु भई संयुक्त राष्ट्रसंघले आचार संहिता तय गरेको पाइन्छ । कानून कार्यान्वयन गर्ने अधिकारीहरुको लागि बनेको आचार संहिता १९७९ को धारा ३ टिप्पणी नं. (ग) मा सामान्यतः आरोपित शंकास्पद पक्षले सशस्त्र प्रतिरोध गर्न वा अरूको ज्यान खतरामा पार्न सक्ने अवस्था र त्यसलाई नियन्त्रण गर्न वा समात्न अन्य कम क्षतिको उपायबाट असम्भव हुने अवस्थामा गोली गट्ठाको प्रयोग गर्न सकिने उल्लेख भएको पाइन्छ । बल तथा गोली गट्ठाको प्रयोग सम्बन्धी आधारभूत सिद्धान्तले कुनै प्रकारको हतियारको प्रयोगलाई घटाउन कानुन कार्यान्वयन गर्ने अधिकारीहरूलाई ढाल (सिल्ड), हेल्मेट, बुलेटप्रुफ ज्याकेट, बुलेटप्रुफ सवारी साधन जस्ता आत्म सुरक्षाकारी उपकरणहरू उपलब्ध गराउनु पर्ने[२]भनी राज्यलाई दायित्व सुम्पेको देखिन्छ । यस सिद्धान्तमा बल तथा गोली गट्ठाको प्रयोग सकेसम्म अहिंसात्मक माध्ययमहरूबाट गर्ने र त्यस्तो माध्यम प्रभावहीन भएमा वा चाहेको परिणाम प्राप्तिका लागि कुनै उपाय नहुने भएमा मात्र बल तथा हतियारको प्रयोग गर्न सक्ने[३]उल्लेख

[१] http://www.osce.org/odihr/73405?download=true

[२] कानुन कार्यान्वयन गर्ने अधिकारीले बल तथा गोली गट्ठाको प्रयोगसम्बन्धी आधारभुत सिद्धान्तको धारा २

[३] ऐ.ऐ. ४

गरेको छ । यस सिद्धान्तको विशेष व्यवस्थामा आत्मसुरक्षा वा मृत्यु वा गम्भीर चोट पटकको नजिकको खतरा विरुद्ध अन्यको बचाउ, जीवनको संगीन खतरा समावेश भएको विशेषतः गम्भीर अपराधको रोकथाम, यस्तो खतरा प्रदर्शन गर्ने र तिनको अधिकारको प्रतिकार गर्ने व्यक्तिलाई पक्राउ गर्न वा भाग्नबाट रोक्ने उद्देश्य प्राप्तिका अन्य माध्यमहरु अपर्याप्त भएमा कानुन कार्यान्वयन गर्ने अधिकारीले व्यक्ति विरूद्ध गोली गट्ठाको प्रयोग गर्न सक्ने[४] उल्लेख छ। तर यस्तो अवस्थामा सूचनाको पर्याप्त समय र स्पष्ट चेतावनी दिनु पर्दछ ।[५]

अर्थात् बल प्रयोग निश्चित मापदण्डका आधारमा मात्र हुन्छ। यस्ता मापदण्डहरुमा कानूनी वैधता (Legality), आवश्यकता (Necessity) र समानुपातिकता (Proportionality) हुन् । सुरक्षा निकायले बल प्रयोग गर्दा विचार यि  विषयवस्तुहरुमा ख्याल गर्नुपर्ने हुन्छ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार छ भनी बाँच्न पाउने अधिकारलाई सुनिश्चित गरेको छ । यस्तै, नागरिक तथा राजनैतिक अधिकार विषयक अभिसन्धि १९६६ को धारा ६ मा जीवनको अधिकार तथा धारा ९ मा प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकारबाट बञ्चित नगराइने भन्ने स्पष्ट प्रावधानहरु रहेको छ।

नेपाल सन्धि ऐन, २०२९ को दफा ९ बमोजिम नेपाल पक्ष भएका सन्धि, सम्झौताहरुको प्रावधान वाध्यकारी हुने भन्ने उल्लेख भएबाट उल्लेखित नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिहरुको कार्यान्वयन गर्ने गराउने दायित्व स्वतः नेपाल सरकारको हुनजान्छ।

यस पश्चात अधिकारमुखी पद्धती अनुसार घटनालाई विवेचना गर्दा निम्न लिखित संवैधानिक हक अधिकारका विषयवस्तुहरु स्वतः सृजित हुने भएकोले त्यसतर्फ विचार गरौं।

माथिनै विवेचना भए अनुसार नेपालको संविधान, २०७२ को धारा १७ को स्वतन्त्रताको हक अन्तर्गत यस घटनासँग सम्बन्धित निम्न लिखित हकहरु उपभोग गर्न पाउने प्रत्येक व्यक्तिको हकको रुपमा स्वीकार गरिएको पाइन्छ । अपितु यस्ता हकहरु पूर्ण रुपमा (absolute) हुँदैनन् ।

---

४ ऐ.ऐ. ४

५ ऐ.ऐ. ४

उल्लेखित मौलीक हकहरुको निर्वाध उपभोग गर्न पाउनु प्रत्येक नागरिकको अधिकारलाई मानव अधिकारकै परिभाषा भित्र राख्न सकिन्छ । २०७३ फाल्गुन २३ गते ने.क.पा. (एमाले) ले मेची महाकाली अभियान अन्तर्गत राजविराजको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र भित्र कार्यक्रम गरेको निर्विवाद तथ्य स्थापित भएकै छ । कार्यक्रम आयोजना हुनुपूर्व सदरमुकामको रंगशालामा गर्ने योजना रहेकोमा सुरक्षा निकाय, एमाले तथा मोर्चाका कार्यकर्ताबिच पटक पटक वार्ता भएको तथ्यमा सबैको समान भनाई रहेको देखिन्छ । रंगशालामा गर्ने भनिएको कार्यक्रम मोर्चाको विरोधका कारण औद्योगिक क्षेत्रमा गर्ने गरी तय भएको पनि खुल्न आएको छ । २२ गते एकाएक औद्योगिक क्षेत्रमा समेत कार्यक्रम गर्न नदिने मोर्चाको अलिखित निर्णय भएपछि स्थिती तनावपूर्ण बन्दै गएको भन्ने सुरक्षा निकायको भनाई रहेको छ । सुरक्षा निकायले एमालेका कार्यकर्तालाई राजमार्ग केन्द्रित कार्यक्रम गर्न दिएको सुझाव एमालेले नमानेको र यसलाई राजनीतिक प्रतिष्ठाको विषय बनाएको देखिन्छ । यस्तै, मोर्चाका कार्यकर्ताले एमालेलाई राजविराजमा प्रवेश गर्न नै नदिने नीतिका कारण सुरक्षा चुनौती थपिएको स्पष्ट छ ।

सम्भावित सुरक्षा खतरालाई मध्यनजर राखी २०७३।११।२३ गते विहानै जिल्ला सुरक्षा समितिको बैठक बसी एकीकृत सुरक्षा योजना बमोजिम सुरक्षाकर्मीको शक्तिमा वृद्धि गर्न माथिल्लो निकायमा अनुरोध गरी हिंसात्मक रुपमा प्रस्तुत हुने भीड तथा समूहको प्रतिकार गर्न सक्ने नेपाल प्रहरी र स.प्र. बलको टोली खटाउने र परिस्थितीलाई मूल्यांकन गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा १ (ख) बमोजिम शुरु देखि अन्तिम सम्मको बल प्रयोग गर्ने निर्णय गरेको देखिन्छ ।

२३ गते विहानैदेखि मोर्चाका कार्यकर्ताहरुले सार्वजनिक स्थलहरु, बाटोघाटो, नाकाहरुमा भेला, जम्मा भएर एमालेको कार्यकर्ताहरुलाई कार्यक्रम स्थलसम्म आउन अवरोध गरेको भन्ने सुरक्षा निकाय र ने.क.पा. (एमाले) का कार्यकर्ताहरुको भनाई रहेको देखिन्छ । मौका, परिस्थितीमा प्रहरीले संकलन गरेको सूचनाहरुमा समेत सोही कुरा उल्लेख भएको पाइन्छ । घटनाको पृष्ठभूमिले समेत उक्त तथ्य विवादयुक्त छैन । यसर्थ मोर्चाका कार्यकर्ताहरुले एमालेको कार्यक्रम विथोल्न वा कार्यक्रम रोक्न हरसम्भव प्रयाश गरेको थियो भन्ने स्पष्ट हुन आयो ।

दुई राजनीतिक शक्तिहरुको हठका कारण उत्पन्न भएको सुरक्षा चुनौतीलाई प्रहरीले जसरी पनि सामना गर्दै धन जन, शान्ति सुरक्षाको प्रत्याभूति दिनैपर्ने हुन्छ । सुरक्षा निकायले उच्च सुरक्षा चुनौती हुनसक्ने पूर्वानुमान गरेरै उल्लेख्य संख्यामा नेपाल प्रहरीलाई अग्रपंक्तिमा र थप मद्दतको लागि सशस्त्र प्रहरी बललाई दोश्रो पंक्तिमा परिचालन गरेको तथ्य खण्डबाट स्पष्ट हुन्छ ।

झडपका क्रममा कयौंपटक प्रहरीहरु पछि हट्न बाध्य भएको दृष्य समेत देखिएको छ । प्रहरीले स्थितीलाई नियन्त्रणमा लिन सशस्त्र प्रहरीबाट ५१ सेल अश्रुग्याँस प्रहार गरेको, कम्तिमा १० राउण्ड हवाई फायर गरेको र १५ ओटा ज्यान जान सक्ने गोली (life bullet) प्रहार गरेको भनी तत्कालीन सशस्त्र प्रहरी उपरिक्षकले आयोगमा उपस्थित भई गरेको बयानमा उल्लेख भएको छ ।

यस्तै, जिल्ला प्रहरी कार्यालय सप्तरीले दिएको विवरणमा प्रहरीको तर्फबाट १२७ सेल अश्रुग्याँस, एसएलआर डोमी २ राउन्ड, सर्टगन रबरबुलेट ९ राउण्ड प्रहार गरिएको, ३ जना व्यक्तिहरुको घटनास्थलमै मृत्यु भएको, १९ जना प्रदर्शनकारीहरु घाइते भएको, ३१ जना प्रहरीहरु घाइते भएको, १० जना प्रदर्शनकारीहरु पक्राउ पश्चात छाडिएको, रायपुर स्थित रुपनी सडक खण्डमा बम फेला परेकोमा निष्कृय बनाइएको भन्ने समेत उल्लेख भएको छ ।

रायपुर गाविस स्थित रुपनी सडक खण्डमा २ ओटा बम फरक फरक समयमा फेला पारी निस्कृय बनाइएको, सशस्त्र प्रहरी बलको दैनिक चेकपोष्ट मोर्चाका कार्यकर्ताहरुले भत्काई आगो लगाई जलाएको, सडकमा टायर बाली पूर्व पश्चिम लोकमार्ग बन्द गरेको, पातो बजारमा पसल बन्द गर्दै हिँडेको भन्ने समेतको लिखित जानकारी सशस्त्र प्रहरी बलबाट प्राप्त भएको छ ।

एमालेको कार्यक्रमस्थलमा भेला भएका सबै व्यक्तिहरु विरोधकर्ता नै हुन् भन्न सकिने अवस्था रहेको देखिँदैन । कार्यक्रम हेर्न भनी सर्वसाधारण तथा पेशागत समूहका व्यक्तिहरु समेत उपस्थित भएको पनि देखिन्छ । मृतक तथा घाइते व्यक्तिहरु प्राय: सर्वसाधारण रहेको भन्ने देखिएको छ ।

चारैतर्फबाट मोर्चाका कार्यकर्ताहरु औद्योगिक क्षेत्रभित्र जान खोज्दथे । प्रहरीले रोकेको थियो । धेरै पटक झडप भयो, धेरै राउन्ड अश्रुग्यास चल्यो । यस्तो परिस्थितीमा दिनभरी संयमता अपनाएको प्रहरीले एक्कासी किन गोली चलाएको भन्ने प्रश्न श्रृजना हुनु स्वभाविकै देखिन्छ । स्वयम् केही प्रहरी कर्मचारीहरुले केही समय धैर्यता लिन सकेको भए मानवीय क्षति हुदैनथ्यो भन्ने अनुमान गरेको पाइएको छ ।

छानविनको क्रममा नेपाल प्रहरीले लाइफ बुलेट चलाएको थिएन भन्ने सूचना प्राप्त भएको छ भने सशस्त्र प्रहरीले चलाएको गोली लागि मानिसहरुको हताहत भएको देखिन्छ । तथापी कोही कसैलाई नियतबस मारौं भन्ने अभिप्राय वा उत्तेजित मनोभावना भएको देखिँदैन । जब कार्यक्रम सकिने अवस्था आयो, त्यस समयमा विरोधमा उत्रिएका मोर्चाका कार्यकर्ताहरु एकतृत भएर औद्योगिक क्षेत्र आसपासमा एक्कासी सभा स्थलतर्फ अगाडी बढ्न लाग्दा सुरक्षाको उच्च चुनौती प्रहरीले महसुष गरेको अवस्था देखिन्छ । यसै समयमा मोर्चाका

कार्यकर्ताहरु ठूलो संख्यामा औद्योगिक क्षेत्रको पर्खाल नाघी सभास्थल भित्र छिर्न थालेको । अन्तिम अवस्थामा सुरक्षाकर्मीहरु आफ्नै आत्मरक्षा र सभामा सहभागी नेता कार्यकर्ताको सुरक्षाको लागि गोली चलाउनु पर्ने परिस्थिती श्रृजना भएको तथ्यहरुबाट देखिन्छ । यस्तो अवस्थामा गोली नचलाएको भए अन्य थुप्रै धन जनको क्षतिहुन सक्ने अनुमान गर्नु अस्वभाविक देखिँदैन । यसर्थ घटना दुःखद भएपनि थोरै क्षतिमा ठूलो क्षति रोकियो भन्ने घटनास्थलमा सुरक्षार्थ खटिएका सुरक्षा अधिकारीहरुको भनाईहरु आधारहीन देखिन आउँदैन ।

गोली लागेका अधिकांश व्यक्तिहरुलाई कम्मरभन्दा माथिकै भागमा गोली लागेको देखिन्छ । मृत्यु भएका ४ जना व्यक्तिहरुलाई पनि छाती र टाउको मै गोली लागेको देखियो । कानून बमोजिम प्रहरीले गोली चलाउने परिस्थिती श्रृजना भएपनि कम्मर भन्दा माथि गोली हानिएकोले उक्त कार्य कानून विपरित भएको भन्ने आरोप प्रहरीलाई लागेको छ ।

यस विषयमा प्रहरीले भौगोलिक परिस्थिती, अश्रुग्यासको कारण प्रहरी नै प्रभावित भएको र अन्तिम अवस्थामा ताकी ताकी गोली हान्न सक्ने परिस्थिती विद्यमान नभएको भन्ने भनाई प्राप्त भयो । प्रहरीको भनाई र स्थलगत अवलोकन गर्दा भौगोलीक अवस्थाको स्वरुप मिल्दो जुल्दो नै देखिन्छन् । तर घाइते भएका अधिकांश व्यक्तिहरुलाई कम्मर भन्दा माथि गोली लाग्नु, मर्ने व्यक्तिहरुलाई छाती र टाउकैमा गोली लाग्नुले प्रहरीले अन्धाधुन्ध गोली चलाएकै हो की भनी अनुमान गर्न सकिन्छ । अन्धाधुन्ध गोली चलाउँदा सर्वसाधारण व्यक्तिहरुको जीउज्यान जान सक्नेतर्फ सशस्त्र प्रहरी सचेत नभएकै हो । कहाँ कहाँबाट सुरक्षा खतरा बढी भईरहेको छ भन्ने राम्रो बिश्लेषण नगरीकनै गोली चलाएबाट प्रहरीहरु हतास भएको जस्तो देखिन्छ ।

श्रव्य दृष्यबाट सशस्त्र प्रहरीले नियन्त्रणमा लिएका केही व्यक्तिहरुलाई कुटपीट गरेको देखिएको छ । सँगै रहेका नेपाल प्रहरीले छुट्याउने प्रयाश पनि गरेको देखिन्छ । उक्त दृष्यबाट अन्तिम क्षणमा सशस्त्र प्रहरीहरु हतास र उत्तेजित अवस्थामा देखिएका छन् ।

सभ्य समाजमा हिंसाले प्रश्रय पाउनु हुँदैन । जस्ले गरेपनि हिंसा हिंसा नै हो । हिंसा प्रजातान्त्रिक समाजको लागि असभ्य र अस्वीकार्य व्यवहार हो ।

यसर्थ पहिलो सवालका सन्दर्भमा प्राप्त भएका तथ्यहरुले सम्भावित धेरै मानवीय क्षतिको अवस्थालाई रोक्न र आत्मरक्षाको लागि समेत गोली चलाएको देखिएकोले प्रहरीले अनावश्यक र अत्यधिक बल प्रयोग गरेको भनी भन्न मिल्ने अवस्था विद्यमान देखिँदैन तर life bullet चलाउने सन्दर्भमा कानूनले निर्धारण गरेको प्रकृया अवलम्बन भने गरेको देखिँदैन ।

## ६.२. घटनाको जिम्मेवारी

आयोजक राजनैतिक दलहरुको कुनै दायित्व सृजना हुन्छ कि हुँदैन? भन्ने सवालतर्फ बिचारगर्दा मलेठ घटनाका जिम्मेवार पक्षको पहिचान गर्नु आवश्यक देखियो । तथ्यगत विवेचना एवम् विश्लेषण र घटना एवम् घटनास्थलको प्रकृती तथा परिस्थितीको विवेचनाबाट घटनाको जिम्मेवारी पनि कस्को हो भन्ने कुरा स्पष्ट भएर आएको छ ।

छिमेकी देश भारत लगायत अनेक प्रजातान्त्रिक मूलुकमा दुई पक्ष बिच मुठभेड हुने स्थितीमा र शान्ति, सुरक्षामाथि गम्भीर खतरा हुने भएमा, कुनै खास दिन वा स्थानमा सभा, जुलूस वा र्‍याली निकाल्ने वा शक्ति प्रदर्शन गर्नेगरी राजनैतिक कार्यक्रम गर्न प्रशासनले स्वीकृती दिन इन्कार गर्दछ वा जिम्मेवार संस्था वा राजनैतिक दल आफैंले संभावित परिणामको विचार गरी पूर्वनिर्धारित कार्यक्रम रद्द गरेको हामी देख्दछौं ।

२०७३ फाल्गुन २३ गतेको पूर्व निर्धारित कार्यक्रम पनि सोझै टकरावको स्थिती र परिस्थितीको गम्भीरतालाई दृष्टिगत गर्दै सभा प्रारम्भ हुनलाग्दा अन्तिम घडीमा पनि सो आयोजनालाई आफ्नो कार्यकर्ता र आफ्नै सुरक्षाको दृष्टिले र पार्टीको दीर्घकालीन हितमा एवम् सम्भावित दुष्परिणामलाई टार्ने व्यापक उद्देश्य प्राप्तिका लागि रद्द गर्नु नै सम्बृद्ध सबै पक्षको हितमा हुने थियो । तर दुर्भाग्यबश मलेठ घटनाको सम्बन्धमा दुई विरोधी राजनैतिक शक्ति आफ्नो शक्ति प्रदर्शन गर्ने अडान र होडबाजीको कारण अनाहकमा ५ जनाको ज्यान जाने र कैयन घाइते हुनेगरी घटना हुन पुगेको हो । यसर्थ यसको मुख्य जिम्मेवारी ने.क.पा. (एमाले) र लोकतान्त्रिक मधेशी मोर्चाले लिनु पर्ने यस समितिको निष्कर्ष रहेको छ । त्यसपछि थोरै मात्रामा सो घटनाको जिम्मेवारी प्रशासन र सुरक्षा निकायको हुन आउने देखिन्छ । जिम्मेवारीका हिसावले निम्न लिखित रुपमा विवेचना गर्न सकिन्छ:

**१. ने.क.पा. (एमाले)** : राष्ट्रिय राजनीतिमा मुख्य भूमिका रहेको र प्रमुख राजनीतिक शक्तिको हैसियतमा रहेको राजनीतिक दल मध्ये ने.क.पा. (एमाले) पनि हो । सुरक्षा निकायहरुको सल्लाह, सुझाव, पृष्ठभूमिलाई समेत मध्यनजर गरी हेर्दा सो ठाउँमा कार्यक्रम गर्ने एमालेको अडानलाई संवैधानिक हक अधिकार र व्यवहारीक दुवै पक्षबाट विचार गर्दा, मुलुकको जिम्मेवार पार्टीले देश र नागरिकको सुरक्षाका खातिर, अरुको मानव अधिकारको सम्मान र सुरक्षामा निश्चित रुपमा संवेदनशील बन्नै पर्दछ । यसर्थ संवैधानिक हक अधिकारको उपभोग गर्दा श्रृजना हुनसक्ने परिस्थितीलाई पूर्वानुमान गरेर भए पनि सो कार्यक्रम नै नगर्नु सर्वोत्तम निर्णय हुने थियो । त्यसो नगरी कार्यक्रम गरेरै छाड्ने एमालेको अडानको कारण दुखद स्थितीको सृजना भएको देखियो ।

एमालेले स्थानीय निर्वाचनलाई लक्षित गरी प्रचार अभियानको अंगको रुपमा मेची महाकाली अभियान संचालन गरेको थियो । सोही क्रममा सप्तरी जिल्लाको राजविराजमा २०७३।११।२३ गते आमसभा गर्ने भनी उक्त पार्टीले घोषणा गरेकोमा सभास्थल राजविराजको रंगशालाबाट ३ किलोमीटर उत्तर तर्फ रहेको औद्योगिक क्षेत्र परिसरलाई बनाएबाट ने.क.पा. एमाले मलेठ घटनाको प्रमुख पक्ष हुन गएको देखिन्छ। लोकतान्त्रिक व्यवस्था भएको देशमा जति ठूलो पार्टी उत्ति ठूलो जिम्मेवारीको अपेक्षा गर्नु स्वभाविक हो । सैद्धान्तिक आधारमा संचालन हुने पार्टीले आफ्नो अधिकार भन्दा आफ्नो जिम्मेवारी र आम जनताको अधिकारको बारेमा बढी सजग रहनु पर्ने हुन्छ। लोकतान्त्रिक अभ्यासमा यस सिद्धान्तलाई उपेक्षा वा बेवास्ता गर्ने हो भने जुनसुकै बेला अनपेक्षित घटना वा अनर्थ हुन सक्ने संभावना रहिरहन्छ। त्यसकारण मलेठ घटना घट्नुको जिम्मेवारी सर्वप्रथम ने.क.पा. एमाले माथि रहेको छ।

**२. आन्दोलनरत मधेशी मोर्चा** : मलेठ घटनाको दोश्रो जिम्मेवारीको पक्ष मधेशी मोर्चा देखियो। शान्तिपूर्ण आन्दोलन गर्ने मोर्चाको घोषित नीति हो। लोकतान्त्रिक मूल्य र मान्यता अनुरुप शान्तिपूर्ण ढंगले कुनै विषयमा आफ्नो समर्थन वा विरोध गर्न पाउने सबै राजनैतिक दलको कानूनी अधिकार हो । तर सो अधिकार प्रयोग गर्दा अर्काको लोकतान्त्रिक अधिकारमाथि आघात पार्ने ढंगले कार्यक्रम गर्ने हो भने त्यसबाट अनपेक्षित र यदाकदा दुःखद परिणाम निस्कन सक्ने सम्भावनालाई इन्कार गर्न सकिँदैन।

२३ गते विहानै देखि राजविराजमा मोर्चाका कार्यकर्ता र प्रहरी बिच झडप भएको स्वयम् मोर्चाका कार्यकर्ताको जिम्मेवार नेताले छानविन समिति समक्ष दिएको बयानमा उल्लेख भएकै छ। मोर्चाका कार्यकर्ताहरुको संख्या एकीन नभएपनि कम्तिमा ३ हजार देखि ८-१० हजार प्रदर्शनकारीहरु उपस्थित भएको, उनीहरुको हातमा लाठी, भाला, रड समेत रहेको भन्ने बुझिएका व्यक्तिहरुको भनाईहरु रहेको छ । यस्तो परिस्थितीलाई शान्तिपूर्ण विरोध कार्यक्रम भनी स्वयम् परिभाषित गरिनु दुःखद पक्ष हो। शान्तिपूर्ण विरोधका कार्यक्रमहरुमा कुनै हात हतियार प्रयोग हुनु, प्रहरीउपर आक्रामक शैलीमा प्रस्तुत हुनु, ढुंगामुढा गर्नु, प्रहरीले निषेध गरेका स्थानहरुमा प्रवेश गर्नु, भीडले नेपाल प्रहरी र सशस्त्र प्रहरीको सञ्चार सेट, पेस्तोल खोस्नु जस्ता क्रियाकलापहरुलाई निश्चय पनि शान्तिपूर्ण मान्न सकिँदैन।

छानविन समितिलाई प्राप्त भएको श्रव्य दृष्य प्रमाणमा मोर्चाका कार्यकर्ताहरुले सर्वसाधारणको घर, रुखमुनी लुकी छिपी प्रहरीलाई ढुंगामुढा गरेको, सडकमा आगो बाली सडक अवरुद्ध गरेको घेरिएको पर्खाल भित्र भई रहेको सभा बिथोल्न जवरजस्ती सो भित्र प्रवेश गर्न खोज्ने समेतका दृष्यहरुले उनीहरुको विरोधको शैली शान्तिपूर्ण मान्नै सकिँदैन । यसर्थ मलेठ घटनामा मधेशी मोर्चा दोश्रो जिम्मेवार पक्षको रुपमा देखियो।

**३. जिल्ला प्रशासन कार्यालय र जिल्ला स्थित सुरक्षा निकायहरुः** जिल्लाको शान्ति, सुरक्षा र सुव्यवस्था कायम राख्ने, सर्वसाधारण जनताको जीऊधन एवम् सार्वजनिक सम्पत्तिको सुरक्षागर्ने र त्यसबाट राष्ट्रिय हितको प्रवर्द्धन गर्ने दायित्व बोकेका उल्लेखित प्रशासनिक र सुरक्षा निकायहरुले आफ्नो दायित्वप्रति अत्यन्त सजग र संवेदनशील रहनुपर्ने हुन्छ। जिल्ला भित्रको प्रत्येक राजनैतिक एवम् सामाजिक गतिविधिहरुलाई गम्भीरतापूर्वक नियाल्दै अवाञ्छित कृयाकलाप र कार्यलाई समयमानै रोक्न सक्नु पर्दछ । त्यसैले हुन गइरहेको कार्यबाट सार्वजनिक शान्ति, सुरक्षा र जनताको जीउधन माथि पर्न सक्ने प्रभावको अनुमान र आंकलनमा यि निकायहरुले गल्ती गर्ने गुन्जायस रहनु हुँदैन । कुनै ठूलो अप्रिय घटना घटी सकेपछी एक अर्का माथि आरोप प्रत्यारोपबाट वा जिम्मेवारी पन्छाउने कार्यबाट पनि सो घटनाबाट पुगेको क्षतिको शोधभर्ना हुन सक्दैन । त्यसमा पनि कसैको जीवनको क्षति हुन गएमा त्यसको क्षतिपूर्ति असम्भव हुन्छ।

सुरक्षालाई चुस्त दुरुस्त बनाइराख्न सरकारले सुरक्षा निकायलाई श्रोत साधनसम्पन्न बनाउनु पर्दछ । अन्यथा सुरक्षा कारवाहीमा अप्रिय परिणाम आउन सक्ने तर्फ सजग रहनु पर्दछ । विगतका तराई आन्दोलनका परिणामहरुले समेत यस्लाई पुष्टि गर्दछन् । यथेष्ठ मात्रामा रवर बुलेट वा घाइते मात्र बनाउने गोलीहरुको प्रयोग गरिएको भए पनि ५ जना व्यक्तिहरुको दुःखद मृत्यु हुने थिएन। कयौं व्यक्तिहरु घाइते हुने थिएनन्। यसका अतिरिक्त सुरक्षा फौजले सदैव तनावपूर्ण अवस्थामै कार्य गर्नुपर्ने हुन्छ । तनावका समयमा समेत धैर्यता पूर्वक कार्य गर्ने सोच, विचार र मानसिकताको विकास गर्नु जरुरी हुन्छ । यसैले तनाव व्यवस्थापनको तालीम सबै प्रहरी कर्मचारीहरुलाई दिइनु पर्दछ।

घटना घट्नुमा उक्त निकायहरुको मुख्य दोष नदेखिएपनि अन्तिम अवस्थामा ज्यान जानसक्ने गोली चलाउँदाको क्षणमा सुरक्षा निकाय चुकेको देखिन्छ । कानूनले निर्धारण गरेको प्रकृयालाई अवलम्वन गरिएको देखिएन । सशस्त्र प्रहरीले अनावश्यक रुपमा केही व्यक्तिहरुलाई  कुटपीट गरेको देखिन्छ। यसर्थ सशस्त्र प्रहरीको भूमिका पनि जिम्मेवार रहेको देखियो ।

यस पश्चात घाइते व्यक्तिहरुको सम्बन्धमा नेपाल सरकारले संबोधन गर्नु पर्छ कि पर्दैन भन्ने सवालमा मानव अधिकारको दृष्टिकोणबाट विवेचना गर्दा राज्य सबै नागरिकको अभिभावक हो। प्रत्येक मृतकका परिवारले नेपाल सरकारबाट रु. १० लाख राहत प्राप्त गर्नु सकरात्मक पक्ष हो । तर सोही घटनामा परी घाइते भएका केही व्यक्तिहरु अझैसम्म शरीरमा गोली बोकी बाँचिरहेका छन् । तत्कालका लागि उनीहरुको निःशुल्क उपचार भएपनि दीर्घकालीन रुपमा उपचार गर्नुपर्ने अवस्थाका घाइतेहरुको भविष्यमा लाग्ने उपचारको व्यवस्था नेपाल सरकारले गरी असल अभिभावकको अनुभूती गराउनु पर्दछ ।

यस्तै घाइते भएकै कारण केही व्यक्तिहरुको शारिरीक सक्षमतामा ह्रास आएको छ । त्यस्ता व्यक्तिहरुलाई समेत नेपाल सरकारले सम्बोधन गर्नुपर्दछ । घाइतेहरुको वर्गीकरण गरी निजहरुको दीर्घकालीन उपचारको लागि व्यवस्था गर्न र घाइतेको गाम्भीर्यतालाई विचार गरी उचित राहत उपलव्ध गराउनु पर्दछ ।

## ६.३. मेडिको लिगल विश्लेषण

मलेठ घटनाका सम्बन्धमा  मेडिको लिगल सम्बन्धी प्रश्नहरु पनि उब्जिएका छन् । मेडिको लिगल सम्बन्धी खाश कार्यहरुमा विवाद आउँदा सत्य कुरा पत्ता लगाउन समस्या हुनसक्छ । सत्यकुरासँग न्याय जोडिएको हुन्छ । यसैले न्याय प्राप्ती गर्ने ढोका नै बन्द हुन सक्छ । यस्तो गम्भीर विषय भएको कारण मेडिको लिगल सम्बन्धी विषयहरु संवेदनशील हुन्छन् । तर धेरै विवादित मुद्दाहरुमा मेडिको लिगल सम्बन्धी समस्याहरु देखिदै आएका छन् । यद्यपी मेडिको लिगलका धेरै विषयहरु सुधारोन्मुख अवस्थामा छन् ।

इनर यादवको देब्रे पटी छातीको तल्लो भागमा गोली लागी दाहिने पटी पेटको माथिल्लो भागबाट निस्केको देखिन्छ । जस्लेगर्दा पेटका अंगहरुमा चोट परेको र उपचारको क्रममा ती चोटहरुको असर कम गर्न प्रयास गरेको समेत देखिन्छ । सबै मृतकहरुको गोली प्रवेश गरेका घाउमा र वरीपरी के कस्तो अवस्था थियो वा कपडामा केही थियो थिएन भनी खुलाएको अवस्था नभएकोले कति टाढाबाट गोली लागेको हुन सक्ने भन्ने तथ्य विश्लेषण गर्न सकिंदैन ।

मृतकहरु ५ जना मध्ये ३ जनाको घटनास्थल वा बाटोमा लैजाँदै गर्दा मृत्यु भई सकेकोले लासजाँच गर्दा शरिरमा कपडाहरु लगाइएकै अवस्थमा हुनु पर्दछ तर कपडाको विश्लेषण केही नभएको प्रतिवेदनबाट देखिन्छ ।

टाउकोमा ठूलो चोट देखिएका एक मृतकको घाउको विश्लेषण विस्तृत रुपमा नगरिएकोले उक्त चोट झट्ट हेर्दा गोली लागेको नभै अन्य धेरै गह्रुङ्गो चिज वस्तुले टाउकोमा पटक पटक प्रहार भएर हुन सक्ने चोटसँग समेत मेल खाने देखिन्छ । तर एक्स रे मा गोली वा अन्य धातुको उपस्थिती देखिएकोले र परिस्थितीजन्य अवस्था भने गोली लागेर नै ढलेकोसँग मेल खाने हुँदा सो चोट गोलीबाटै भएको हुनु पर्दछ । कपाल काटेर राम्रोसँग घाउलाई सफा गरेर नहेरेमा टाउकोमा भएको सानो प्वाल (Intry Wond) छुट्न सक्तछ ।

मेडिकल जाँच गर्दा चाहे शव परिक्षण होस् वा जिउँदो व्यक्तिको जाँच गरी तयार गरिने प्रतिवेदन हुन्, ति सबैमा केशको विगत अवस्था (History of the case), परिस्थितीजन्य प्रमाण र जाँच गर्दा देखिएका लक्षणहरुको विस्तृत रुपमा अभिलेखीकरण (सम्भव भए फोटो समेत

खिच्नु पर्ने) गरिएमा मात्र पूर्ण रुपमा मेडिकल जाँच गरिएको मानिन्छ । यस घटनाका सन्दर्भमा उपलव्ध भएका सबै जाँच प्रतिवेदन अध्ययन गर्दा उक्त पूर्णताको अभाव देखिन्छ । त्यसैकारण पनि गोली लागेका मृतक वा घाइतेहरुलाई कति टाढाबाट गोली लागेको हो भन्न सकिने अवस्था छैन । लाश जाँच प्रतिवेदन अति छोटो देखिन्छ । प्रतिवेदन जम्मा जम्मि एक पक्ति (Paragraph) मात्र रहेको छ ।

यस्तै, प्रहरीहरुको घाउजाँच प्रतिवेदन अध्ययन गर्दा घाउजाँचको क्रममा भएका चोटपटकहरुको विस्तृत रुपमा गर्नुपर्ने अभिलेखीकरण गरेको भन्ने देखिँदैन । यस्ता अभिलेखहरुमा कुन् हतियार वा वस्तुले लागेको चोट, चोटको लम्बाई, चौडाई, गहिराई जस्ता पक्षहरु उल्लेख नहुँदा घटनालाई विश्लेषण गर्न कठिनाई देखियो । पोष्टमार्टम प्रतिवेदनको ढाँचामा समेत त्रुटी रहेको छ । जस्मा चिकित्सकले लेख्नुपर्ने स्थानहरुको समेत अभाव देखिन्छ । यसर्थ पोष्ट मार्टम प्रतिवेदन र घाउ जाँच प्रतिवेदनमा समय सापेक्ष सुधार गर्नुपर्ने देखिन्छ ।

## ६.४. मलेठ घटनाको प्रकृति :

छानविनको क्रममा यस समितिले प्राप्त गरेको तथ्यहरु र तिनको विश्लेषणबाट २०७३।११।२३ गते सप्तरी जिल्लाको मलेठ गाउँ नजिकै रहेको औद्योगिक क्षेत्रमा ने.क.पा. (एमाले) को आम सभा र त्यसको विरोध गर्दै मधेशी मोर्चाबाट गरिएको प्रदर्शनलाई सामान्य घटनाको रुपमा लिन सकिँदैन । किनकी सभास्थल वरिपरिको ठाउँ समग्रमा एक प्रकारको रणभूमि (War zone) को रुपमा परिणत भएको यस समितिले अनुभव गरेको छ । घटनास्थ्लमा कमाण्ड गरी रहेका सशस्त्र प्रहरीका **प्रहरी ९** र नेपाल प्रहरीका **प्रहरी ८**को भनाईलाई नै आधार मान्ने हो भनेपनि क्रमशः ५०० सशस्त्र र ७०६ जना नेपाल प्रहरी घटनास्थलमा खटिएका थिए । यसको अतिरिक्त ने.क.पा. (एमाले) का नेताहरु आउने बाटोको ठाउँ ठाउँमा खटाइएका दुवैतर्फका प्रहरीहरुलाई पनि २३ गते अपरान्हतिर सभास्थल सुरक्षार्थ बालाईएको थियो । यसरी सभास्थल भित्र बढीमा २–३ हजार मानिसहरुलाई पार्टीका नेताहरुले सम्बोधन गरिरहँदा बाहिर ५–७ हजार प्रदर्शनकारीहरुलाई रोक्न कम्तिमा १५००–२००० प्रहरीहरुतैनाथ थिए ।

प्रहरीहरु तैनाथ मात्र थिएनन्, अपितु दिनभरीजसो उग्र प्रदर्शनकारीहरुसँग भीडन्त गरिरहेका दृष्यहरु विभिन्न श्रव्यदृष्य फुटेजहरुबाट देखिन्छ । ठाउँ ठाउँमा नक्कली–सक्कली बमहरु राखिएका थिए । प्रहरीसँग भएको लाठी भन्दा ठूला ठूला लाठीहरु र कसै कसैले फलामे रड समेत लिएर आएको श्रव्यदृष्य फुटेजहरुबाट देखिन्छ । प्रदर्शनकारीहरुबाट व्यापक रुपमा ढुंगा, ईटा प्रहरीतर्फ हानिएको र केही प्रहरीहरुद्वारा पनि सोही ढुंगा, ईंटा प्रदर्शनकारीतर्फ हानिएको देखिन्छ । मूख्य सडक लगायत ठाउँ–ठाउँमा प्रदर्शनकारीद्वारा  खर, पराल समेत

जलाएर आगो लगाएको, प्रहरीले हानेको अश्रुग्याँसको गोला रोकेर प्रहरीतर्फ प्रहार गरेको र यदाकदा स–साना बोतलमा राखिएको पेट्रोल बम जस्तो पदार्थ पनि प्रहरीतर्फ प्रहार गरेको समेत देखिएको छ । प्रहरीको लाठी प्रहार, अश्रुग्याँस, डमी फायर, रबर बुलेटको प्रहारबाट उग्र प्रदर्शनकारी तितर वितर भएको वा धेरै पछि हेटेको देखिएन । बरु तिनीहरुको लाठी, ढुंगा प्रहारबाट प्रहरीहरु पटक पटक पछि हटेको समेत देखिएको छ ।

यस्तो तनावपूर्ण अवस्थामा एमालेको सभास्थल बाहिर सडक र खेतमा समेत कम्तिमा ५–७ हजारको संख्यामा रहेका उग्र प्रदर्शनकारीहरुसँग करिव डेढ दुइ हजार प्रहरीहरु विहान १०–११ बजे देखि अपरान्ह ५ बजेसम्म मुठभेड गरीरहेका थिए । घटनास्थलमा दुवैतर्फबाट लाठी प्रहार, ठूलो आवाजमा हो–हल्ला भईरहेको थियो । कम्तिमा ५१ देखि १२७ राउण्ड अश्रुग्याँस, ९ राउण्ड शर्टगनबाट रबर बुलेट प्हार भएपछि एस.एल.आर. (SLR) राइफलबाट हवाई फायर र मानिसलाई ताकेर गोली फायर हुँदा सम्म पनि एमालेको सभा रोकिएन । चारैतिरको पर्खाल भित्र किल्लाबन्द भएर सभा चलिनै रहेको घटना आफैंमा अभूतपूर्व हो । त्यस्तो अवस्थमा पनि पूर्व प्रधानमन्त्री समेत भई सकेका अत्यन्त महत्वपूर्ण व्यक्तित्वहरु (VVIP) समेतका बरिष्ठनेताहरुले २–३ हजार मानिस वा कार्यकर्ता उपस्थित रहेको सभालाई सम्बोधन गर्नुको औचित्य र सार्थकता पुष्टि गर्न सकिँदैन । यद्यपी सभाका वक्ताहरुले कुनै उत्तेजक भाषण गरेको भन्ने कसैको भनाई छैन । तर उक्त दिन र सो अवस्थामा गरिएको सभा उपलव्धि विहीन र प्रत्युत्पादक हुने सजिलै अनुमान गर्न सक्नुपर्ने थियो ।

### ६.५. घटनापश्चातको वस्तुस्थिति

फाल्गुन २३, २०७३ मा भएको दुःखद घटनाको परिणाम स्वरुप केही दिनसम्म राजविराज अशान्त रहेको थियो । केही प्रतिकारात्मक घटनाहरु पनि भएका थिए । जुलुश, र्‍यालीका साथै प्रतिकारमा केही हिंस्रक घटना पनि भएका थिए । तर हालका दिनहरुसम्म आइपुग्दा राजनीतिक र सरकारी स्तरबाट केही महत्वपूर्ण कार्यहरु भएका छन् । अनेक कारण संवाद र सम्पर्क विहीन अवस्थामा रहेका आन्दोलनरत मधेशी मोर्चा र सरकार पक्ष बिच अनेक स्तरबाट सम्पर्क र संवादहरु भएका छन् । सो घटनाबाट पीडितहरुलाई क्षतिपूर्ति र राहत पुर्‍याउने काममा पनि प्रगति भएको छ । घाइतेहरुलाई सरकारी अस्पतालहरुमा भएको उपचार खर्च सरकारले बेहोर्ने काम भएको छ । सो घटनामा दुःखद मृत्यु भएका व्यक्तिहरुका आश्रित एवम् परिवारलाई प्रति मृतक रु. १० लाखका दरले क्षतिपूर्ति दिइएको छ भने सो घटनाको गम्भीरतालाई मनन् गर्दै सम्मान स्वरुप मृतकहरुलाई नेपाल सरकारबाट शहीद घोषणा गर्ने कार्य सम्पन्न भएको छ । यसबाट पीडितहरुलाई केही हदसम्म भएपनि राहत मिलेको छ । यसका साथै सो घटनाबाट अत्यधिक उत्तेजित सप्तरीको राजनैतिक परिदृष्य पनि धेरै हदसम्म सामान्य हुँदै गएको समितिले अनुभव गरेको

छ । फलस्वरुप मलेठ घटनाबारे कुनै कानूनी वा अदालती कारवाही पनि नभएको भन्ने बुझिन आएको छ । कुनै कसै उपर मुद्दा चलेको छैन र सो सम्बन्धमा कोही थुनामा छैनन् । यसरी अशान्त वातावरण विस्तारै शान्त हुँदै गएको देखिएको छ ।

# भाग–३

## ७. निष्कर्ष

### ७.१. घटनाको कारण

सरसर्ती हेर्दा देशको एउटा प्रमुख राजनितीक पार्टी ने.क.पा. (एमाले) ले आफ्नो चुनाव प्रचार अभियान अन्तर्गत सप्तरीको राजबिराज नजिकै मलेठमा रहेको औद्योगिक क्षेत्रमा आमसभा गरेको र त्यसलाई रोक्ने, बिथोल्ने गरी लोकतान्त्रीक मधेशी मोर्चाका कार्यकर्ताहरुले गरेको बिरोध प्रदर्शन नै मलेठ घटनाको मुख्य कारण देखिन्छ । तर यी दुई राजनितीक दलहरु बिचको द्वन्द्वका साथै स्थानीय स्तरमा हेर्दा ने.क.पा. (एमाले) का **सप्तरी ६** र मधेशी मोर्चाका **सप्तरी १** बिचको व्यक्तिगत द्वन्द्व र अडानले मलेठ घटनाको जग तयार गरेको समितिले अनुभव गरेको छ । जसरी जुन मूल्यमा भएपनि राजबिराजमा एमालेको सभा गराई छाड्ने भन्ने एमालेका **सप्तरी ६** को प्रयास र सो सभा गर्न नदिने भन्ने मोर्चाका **सप्तरी ६** को अडान, यी दुई बिचको द्वन्द्वात्मक अडान थाहा पाउँदा पाउँदै पनि दुवै पक्ष तर्फका शीर्ष नेतृत्व वर्गले संभावित खतराको आंकलन वा अनुमान गर्न नसक्नु पनि आश्चर्य र दुःख लाग्दो छ ।

राजबिराज नगरको बिचमा रहेको रंगशालाबाट सभा स्थल औद्योगिक क्षेत्र भित्र सारेपछि मधेशी मोर्चाले त्यहाँ सम्म गएर सो सभा रोक्नु, बिथोल्नु पर्ने कुनै औचित्य र कारण थिएन । तर एक त औद्योगिक क्षेत्रमा एमाले आफैंले सभास्थल निश्चित् गरेको होईन । सप्तरी प्रशासन र सुरक्षा निकायले औद्योगिक क्षेत्रमा पनि सो सभा नगर्न भनी ने.क.पा. (एमाले) को जिल्ला र केन्द्रीय नेतृत्व सम्मलाई मौखिक भएपनि राम्रोसंग अवगत् गराएको थियो । किनभने मधेशी मोर्चा सप्तरीले त्यहाँ पनि सभा गर्न नदिने भनी हरतवरबाट कटिबद्ध थियो । अर्को तर्फ ने.क.पा. (एमाले) को मेची महाकाली अभियान अन्तर्गतका कार्यक्रमहरु पूर्वमा दमक, ईटहरी, ईनरुवा जस्ता पुर्व पश्चिम लोकमार्गका स्थानहरुमा आयोजना गरिएको थियो भने संभवतः **सप्तरी ६** को निजी अडानले गर्दा सप्तरीमा पर्ने पूर्व पश्चिम लोकमार्गको कुनै उपयुक्त स्थानमा सभा नगरी एमालेले लोकमार्ग भन्दा १० कि.मी. दक्षिण पर्ने राजबिराजमा सो सभा गर्ने भनी कार्यक्रम घोषणा गरेको पाईन्छ । तर त्यहाँ कुनै हालतमा गर्न हुँदैन भनी प्रशासनको अडानको कारण मात्र सभास्थल औद्योगिक क्षेत्रमा सारिएको रहेछ । यद्यपी त्यहाँ पनि सभा गर्नु सुरक्षित नभई खतरापुर्ण (eminentely dangerous) रहेको भन्ने कुरा सभास्थलको तयारी र सुरक्षा व्यबस्थाबाट स्पस्ट अनुमान गर्न सक्नु पर्ने थियो ।

राजबिराज र वरीपरीबाट एमालेको सभामा आफु खुशी सहभागी हुनेहरुलाई सप्तरीको मधेशी मोर्चाले रोकेको र कोशी व्यारेज पार गर्दा देखि नै गरिएको सुरक्षा प्रवन्धले पनि सभा गर्नु खतरापुर्ण रहेको भन्ने कुरा देखाउँछ । सो एक दिन एमालेको सभा कार्यक्रमका लागि सप्तरीका अतिरिक्त झापा, मोरङ्ग, सुनसरी, उदयपुर र सिराहा समेतबाट सशस्त्र/जनपदका गरी हजारौं प्रहरीहरु झिकाईएका छन् । काठमाण्डौबाट पानीको फोहरा फाल्ने ट्यांकर गाडी झिकाईएको छ । त्यस्तै सभामा भाग लिन एमालेको कार्यकर्ताहरु वरिपरीका अनेक जिल्लाबाट सयौं सवारी साधनहरुबाट आएका छन् । तिनिहरुको र तिनका नेताहरुको सुरक्षार्थ ठाउँ ठाउँमा सयौंको संख्यामा प्रहरीहरुलाई तैनाथ गरिएको छ । यस्तो अति संवेदनशील र डरलाग्दो अवस्थामा पनि राजबिराजको औद्योगिक क्षेत्रमा कार्यक्रम गरी छाड्ने अडानलाई कुनै  दृष्टिकोणबाट उचित निर्णय भन्न सक्ने ठाउँ छैन । सभामा सहभागी एमालेका कार्यकर्ता एवम् एमालेको शिर्ष नेतृत्व र लोकतान्त्रिक मधेशी मोर्चा सप्तरी बिचको  प्रत्यक्ष संघर्ष हुन नदिन लाठी, अश्रु ग्याँस, रबर बुलेट, डमी बुलेट र एस.एल.आर जस्तो हतियार (fire-arm) समेत लिएको हजारौं प्रहरीहरु ५-६ घण्टा सम्म मधेशी मोर्चाका हजारौं प्रदर्शनकारीहरु संग संघर्षरत रही तिनीहरुलाई एमालेको सभास्थल भित्र प्रवेश गर्न नदिने साहश देखाएका छन् यो निश्चय नै सुरक्षाकर्मीहरुको ठूलो सफलताको रुपमा लिनु पर्ने समितिको ठहर छ । किनभने एमालेको सभा भित्र सो दिन बिरोधी वा आन्दोलनकारी प्रदर्शनकारीहरु प्रवेश गर्न सकेको भए त्यसबाट निस्कने भयावह दुष्परिणामलाई कसैले अनुमान लगाउन पनि अत्यन्त कठीन छ । तर प्रहरीको उपरोक्त सफलताले प्रहरीकै गोली लागी ५ प्रदर्शनकारीको मृत्यु र कतिपय घाइते भएको घटनाको गम्भीरता कम हुँदैन ।

तसर्थ यस्तो अवस्थामा उपलब्ध तथ्यहरुको बिश्लेषण र घटना क्रमको विवेचनाबाट मलेठ घटनाका निम्न लिखित कारणहरु रहेको भन्ने यस समितिको ठहर रहेको छ :

- राजनैतिक दलहरुले लोकतान्त्रिक मान्यता अनुसारको व्यवहार नगर्नु ।
- आफ्नो अधिकारको प्रयोग गर्न खोज्ने तर अर्काको अधिकारको सुरक्षा प्रति संवेदनशील नहुनु ।
- कानूनको व्यबस्था र संबैधानिक दायित्व प्रति प्रतिवद्ध नहुनु ।
- राजनैतिक दलहरुले कुनै पनि बिरोधका कार्यक्रमहरु गर्दा जनताको जीउ धन र सार्वजनिक शान्ति सुरक्षा प्रति जिम्मेवार नहुनु ।
- प्रशासन र सुरक्षा निकायले कुनै बिशेष परिस्थितीको र कुनै बिशेष कार्यको परिणामको ठीक ढङ्गले पूर्वानुमान गर्न नसक्नु ।

- बिरोध प्रदर्शनगर्दा शान्तिपुर्ण भन्ने तर लाठी, भाटा, फलामे रड जस्ता वस्तुहरुको प्रदर्शन गर्दै कानुनको सीमा नाघी सुरक्षाकर्मीहरुसंग संघर्ष गर्न खोज्ने प्रवृत्ति ।
- प्रदर्शनमा धेरै जसो कम उमेरका बालबालीका वा १६-१८ वर्षका नवयुवकहरुलाई संलग्न गराउने प्रवृत्ति ।
- सुरक्षा निकायले बल प्रयोग गर्दा धैर्य गुमाउँदै कानुनको परिधी नाघेर पनि बल प्रयोग गर्नु । उदाहरणको लागि ताकेर गोली प्रहार गर्दा पनि घुँडा मुनि हान्नुपर्नेमा सोको पर्वाह नगरी हानेको र घटनास्थलबाट भागीसके पछि पनि दौडाएर वा घर भित्र पसेर प्रदर्शनकारीलाई कुटपीट गर्नु ।
- घटनास्थलमा खटिएका सुरक्षावलका कमाण्डरहरुले उचित समयमा उचित निर्णय लिन नसक्नु र सुरक्षा निकायका बिभिन्न यूनिटहरु बिच ठीक ढङ्गले समन्वायत्मक कारवाही हुन नसक्नु ।

## ७.२. घटनाको दोषी

यस्तो स्थितीमा घटनाको खास दोषी को हो भन्ने तर्फ हेर्दा जिल्ला स्तरीय सुरक्षा समितिले मिति २०७३।११।२३ मा कानून बमोजिमको प्रकृया अवलम्वन गरी सुरक्षा निकायलाई २०७३।११।२३ को सुरक्षाको सन्दर्भमा बल प्रयोग गर्न सक्ने अधिकार दिने संस्थागत निर्णय सम्म गरेको देखिन्छ । प्रमुख जिल्ला अधिकारीले छुट्टै बल प्रयोग गर्ने वा गोली चलाउने लिखित आदेश दिएको देखिँदैन र मौखिक आदेश दिएको भन्ने पनि सम्बद्ध पक्षको भनाई छैन ।

यसका साथै जनपद प्रहरी र सशस्त्र प्रहरीका विभिन्न स्थानबाट सयौंको संख्यामा आएका र समष्टिगत रुपमा तिनको संख्या १५ शय देखि २ हजार सम्म रहेको देखिन्छ । घटना स्थलमा कमाण्ड गरीरहेको दुवै तर्फको एस.पी. हरुले विस्तृत प्रतिवेदन पनि माथिल्लो निकायमा पठाउन नपाउँदै घटनाको भोलीपल्टै सप्तरीबाट  दुवै एस.पी. र जम्मा ५ दिन मात्र सप्तरीमा रहेका प्रमुख जिल्ला अधिकारीलाई सप्तरीबाट काठमाडौ झिकाइएको देखिन्छ । घटनासँग सम्बद्ध र सरोकारवालाहरुसँग बुझ्दा जनपद प्रहरीले लाठी, रबर बुलेट, डमी फायर र अश्रु ग्याँससम्म प्रदर्शनकारी माथि प्रहार गरेको छ । हवाई फायर वा मानिस ताकेर गोली फायर गरेको छैन भन्ने देखिन आएको छ । सँगै खटिएको सशस्त्रका प्रहरीले मात्र गोली प्रहार गरेको बुझिन आएको छ ।

त्यसमा पनि कति संख्यामा हवाई फायर र ताकेर फायर भएको भन्ने कुरा एकीन हुन सकेको छैन । तत्काल कमाण्ड गर्ने सशस्त्रका **प्रहरी ९** काअनुसार १५ राउण्ड फायर भएकोमा १० राउण्ड हवाई फायर र ५ राउण्ड मानिसलाई ताकेर घुँडा मुनि फायर भएको

भन्नेछ । तर त्यो भनाई र विवरण विश्वसनीय देखिएन । किनभने ५ जना मानिसको ज्यान गोली प्रहारबाट गएको छ भने दिगम्वर यादव र दिलीप कुमार यादव गरी २ जनाको शरीर भित्र अद्यापी गोली रही रहेको छ । यसका साथै अनेक घाइतेहरुलाई पनि बन्दूकको गोली बाट गम्भीर चोट लागेको देखिएको छ । यस्तो स्थितीमा सप्तरी को एस.पी. को प्रत्यक्ष मातहतका यूनिट बाहेक अन्यत्रबाट आएका सशस्त्र प्रहरीका यूनिट कमाण्डरहरुबाट सप्तरीका तत्कालीन सशस्त्र प्रहरी कमाण्डर एस.पी. ले विस्तृत विवरण र रिपोर्ट लिन नसकेबाट पनि वास्तविक तथ्यांक खुलाउन नसकेको भन्ने देखिन आउँछ ।

गोली फायर वास्तवमा अन्तिम समयमा भएको भन्नेमा पनि विवाद छैन । सशस्त्र प्रहरीका **प्रहरी ९** को भनाई अनुसार दिउँसो ११ बजेदेखि नै सभाको विरोधकर्ता प्रदर्शनकारीहरु माथि अश्रु ग्याँस हान्न थालिएको थियो । एमालेको आम सभामा अपरान्ह ४ बजेर २० मिनेटमा प्रारम्भ भई ५ बजेर ३० मिनेट जाँदा सभाका सहभागी नेताकार्यकर्ता औद्योगिक क्षेत्रबाट बाहिरिई सकेका छन् । यस बिचमा ४:३० मा हवाई फायर र करिव ५ बजे ताकेर गोली फायर भएको हो । यस कथनलाई एकजना प्रत्यक्षदर्शी **सप्तरी २** को भनाईले पनि पुष्टि गर्दछ । ने.क.पा. (एमाले) का अध्यक्ष श्री केपी ओलीको भाषण चल्दा चल्दै बाहिर गोली चल्न थाल्यो । १०–१५ मिनेट सम्म गोली चल्यो अनि त्यसको ४–५ मिनेट पछि सभा सकियो । निजले बाहिर प्रदर्शनकारी १ हजार – १५ शय थिए भन्ने पनि भनेको देखिन्छ । तर निज **सप्तरी २** सभास्थल भित्रै रहेकोले बाहिर प्रदर्शनकारीको संख्या र परिस्थिती बारे ठीक अनुमान लगाउन नसकेको देखिन्छ ।

यस्तो अवस्थामा सशस्त्रका अनेक यूनिट मध्ये कुन् यूनिटको क–कस्ले चलाएको गोलीले ज्यान गएको वा घाइते भएका मध्ये क–कस्लाई लागेको हो सो कुरा यकीन हुन सकेको छैन । त्यस्तै प्रत्यक्षतः ताकेर गोली हान्ने आदेश दिने खाश कमाण्डरको नाम खुल्न नसके पनि सशस्त्रको समग्रमा कमाण्ड गर्ने अधिकारी (Overall commander) **श्री प्रहरी ९** माथि सोको सामान्य जिम्मेवारी अवश्य आउँछ । तर यहींनेर जनपद तर्फका **श्री प्रहरी ८** को भनाई पत्यार लाग्दो देखिन्छ । **प्रहरी ८** को भनाई अनुसार सो दिन सभास्थल भित्रबाट श्री केपी ओलीको भाषण हुन लाग्दा ५–७ हजार प्रदर्शनकारीको भीड एकाएक पर्खाल चढेर भित्र प्रवेश गर्न खोजेको थियो । सोही बेला स्थिती नियन्त्रण बाहिर जानलाग्दा गोली चलाएको भन्ने देखिन्छ । किनभने बाहिरका केही प्रदर्शनकारी पनि भित्र पसेको भए स्थिती अत्यन्त भयावह बन्न सक्दथ्यो र अहिलेको घटना भन्दा धेरै गुणा ठूलो घटना हुन सक्ने थियो । गोली प्रहारबाट मात्र भीड पछि हटेर तितर वितर भएको भन्ने देखिन्छ । यसर्थ मृत्यु हुने वा घाइते बनाउने गरी गोली चलाएको दोष कुनै एक वा केही प्रहरी वा प्रहरी अधिकारी माथि थुपार्ने स्थिती देखिन आउँदैन । घटनाको प्रकृती र परिस्थितीको गम्भीरता हेर्दा मलेठ घटनामा गोली चलाउन परिस्थिती सृजना भएर मात्र गोली चलाएको देखिने

हुनाले यसबाट दण्डहीनताले प्रश्रय पाउने परिस्थिती पक्कै छैन । गर्नुपर्ने एउटा कुरा मात्र हो, त्यो के भने घुँडा मुनि गोली हान्नु पर्नेमा धेरै जसो घुँडा माथि गोली हानिएकोले सो सम्बन्धमा घटना हुँदा सशस्त्र प्रहरीको कमाण्डमा रहेको **प्रहरी ९** लगायत तल्लो दर्जाका सशस्त्र प्रहरी नायव निरिक्षक (सई) अधिकृत कमाण्डरहरुलाई समेत यसतर्फ सचेत गराउनु उचित र न्याय सम्मत हुने यस समितिको निष्कर्ष रहेको छ । सो बाहेक मलेठ घटनासँग संलग्न सबै पक्ष संयुक्त रुपमा यस घटनाका सामान्य अर्थमा दोषी रहेको भन्ने पनि यस समितिको निष्कर्ष रहेको छ ।

## ७.३. पीडित, पीडक र दोषी

यी शव्दहरुबिचको अन्तर सम्झनको लागि कुनै घटनाको पृष्ठभूमि, घटनाको प्रकृती र सो घटनासँग सम्लग्न पक्षहरुको एक अर्का प्रतिको व्यवहार दृष्टिगत गर्नु आवश्यक हुन्छ । दुई वा बढी पक्षहरु संलग्न घटनामा कुनै एक पक्ष आंशिक वा पूरै पीडित हुने वित्तिकै अर्को पक्षलाई दोषी ठहर्‍याउनु मिल्दैन । दुई गाडी बिचको ठक्कर बाट कसैलाई कुनै क्षति पुगेको छ भने त्यो सँधै पीडित र अर्को गाडीवाला पक्षलाई पीडक वा दोषी ठान्नु हुँदैन । अपितु घटना पिच्छे त्यसको प्रकृती र तथ्यको समष्टिगत विश्लेषण एवम् अध्ययनबाट मात्र पीडित र पीडक मध्ये को दोषी भन्ने कुरा छुट्याउनु उचित हुन्छ । जस्लाई बढी क्षति भयो ऊ निर्दोष र क्षति नभएको वा कम क्षति पुगेको पक्ष दोषी ठान्ने कुनै सिद्धान्त वा मान्यता हुँदैन । त्यस्तो ठान्ने मानसिकता पनि ठिक होइन । अपितु, गल्ती कसको हो र गल्ती कसले कति गरेको छ? कानूनको पालन कसले कति गरेको छ, सामान्य अवस्थामा अपनाउनै पर्ने सावधानी र आत्मसंयम कसले कति अपनाएको छ र प्रचलित कानूनको अवलम्वन कसले कति गरेको छ? यी र यस्ता कुराहरुको सूक्ष्म विवेचना र प्रत्येक घटनाको तथ्यगत विश्लेषणबाट मात्र वास्तविक पीडित र दोषी ठहर गर्नु पर्ने हुन्छ ।

मलेठ घटनाको पनि सर्वपक्षीय विश्लेषण गर्दा फागुन २३ मा स्थानीय प्रशासन र सुरक्षा निकायको सुझाव विपरित औद्योगिक क्षेत्रमा सभा गर्ने ने.क.पा. (एमाले), त्यसलाई जुन् मूल्य चुकाएर भएपनि हुन नदिने वा विथोल्ने कटिबद्ध भई त्यहाँ जाई लाग्ने प्रदर्शनकारीहरुको अगुवाई गर्ने सप्तरी जिल्लाको मधेशी मोर्चा नै मुख्य दोषी रहेको भन्ने यस समितिको निष्कर्ष रहेको छ । यी दुवै पक्षबाट सुरक्षा निकाय, प्रशासनलाई निरीह बनाइएको छ । तर त्यसरी निरीह नबनेर प्रशासन र सुरक्षा निकायले त्यहाँ कुनै हालतमा पनि सभा गर्न दिनुपर्ने थिएन । औद्योगिक क्षेत्रमा सभा गर्नदिनु र त्यसकोलागि दुरुपयोगको हदसम्म व्यापक संख्यामा सुरक्षा फौज परिचालन गर्नु प्रशासन र सुरक्षा अधिकारीहरुको कमजोरी र दोष दुवै रहेको भन्ने यस समितिको निष्कर्ष रहेको छ । तर प्रशासन एवम्

सुरक्षा निकायको दोष तिनीहरुको जिम्मेवारीको अनुपातमा मात्र रहेको भन्ने बुझिन आएको छ ।

## ८. सुझाव

मलेठ घटनालाई एउटा बिशेष घटनाको रुपमा लिन सकिन्छ किनभने त्यहाँ कुनै स्थानीय वा राष्ट्रिय विवादित बिषयमा एकतर्फी वा दुई पक्षीय जुलुस छैन । प्रदर्शनकारीहरुले राज्य वा सरकारसंग कुनै माग राखेको र त्यो पुरा नभएबाट जुलुस निस्केको पनि छैन । अर्थात् मधेशी मोर्चाको प्रदर्शन राज्य वा सरकारको बिरोधमा वा स्थानीय प्रशासनको बिरोधमा वा नेपाल सरकारले नेपालको कुनै भागमा कुनै कारवाही गरेको वा कुनै नीति वा कार्यक्रमको बिरोधमा छैन । त्यो प्रदर्शन शुद्ध र स्पस्ट रुपले एउटा राजनैतिक दल बिरुद्धको प्रदर्शन मात्र हो । यसकारण पनि यस घटनाको बिशेष महत्व छ । यसबाट शिक्षा लिएर भविष्यमा यस्तो घटना हुन नदिनेतर्फ सरकार, स्थानीय प्रशासन र सम्बद्ध राजनैतिक दलहरु पुर्ण रुपले प्रतिवद्ध हुनु जरुरी छ । दुई राजनैतिक पक्ष बिच व्यर्थको शक्ति प्रदर्शन बाट कहिले क्षतिपूर्ति नहुने गरी ५ जनाको जीवन गएको छ भने अनेक सर्वसाधारण जनता र सुरक्षाकर्मी घाइते भएका छन् । यसर्थ माथि बिभिन्न उपशिर्षक अन्तर्गत विवेचना र बिश्लेषण गरिएबाट यस समितिले भविष्यमा त्यस्तो घटनाको पुनरावृत्ति रोक्नका लागि बिभिन्न निकायका लागि निम्न अनुसारको सुझाव दिने निर्णय गरेको छ ।

### १. नेपाल सरकारका लागि

**१.१ स्थानीय प्रशासन ऐन, २०२८ मा परिमार्जन** : यस समिति संगको कुराकानीमा हामीले राजनैतिक दललाई कुनै खास दिन वा स्थानमा सभा गर्न बाट रोक्न मिल्दैन सो व्यहोराको सुझाव, सल्लाह सम्म दिने हो नमानेमा सुरक्षाको प्रवन्ध गर्नैपर्ने हुन्छ भन्ने समेत प्रमुख जिल्ला अधिकारीबाट बिचार व्यक्त भएको देखिन्छ ।

स्थानीय प्रशासन ऐन, २०२८ हेर्दा कुनै राजनैतिक दलले भविष्यमा गर्ने भनिएको कुनै सभा, जुलूस वा शैली नगर्नु भनी निषेध गर्न सक्ने स्पस्ट अधिकार स्थानीय प्रशासनलाई प्रदान गरेको देखिदैन । अपितु भईरहेको त्यस्तो प्रदर्शनबाट शान्ति सुरक्षामा खलल पर्न नदिनेतर्फ कारवाही गर्नुपर्ने सम्म देखिन्छ । यसर्थ स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा (१) मा खण्ड (१ ख) थप गरी "कुनै राजनैतिक दलले कुनै खास दिन र स्थानमा आयोजना गर्न लागेको सभा, जुलुश वा र्‍याली वा अन्य कार्यक्रमबाट शान्ति सुरक्षा, व्यबस्था र सामाजिक वा साम्प्रदायीक सद्भावमा गंभीर असर पर्ने देखिएमा जिल्ला सुरक्षा समितिको सल्लाहमा प्रमुख जिल्ला अधिकारी आफैले त्यस्तो सभा, जुलुश, र्‍याली वा अन्य कार्यक्रम गर्न बाट लिखित आदेश जारी गरी रोक्न सक्नेछ । त्यस्तो आदेशको जानकारी कम्तीमा २४ घण्टा अगावै सम्बन्धित राजनैतिक दल, क्षेत्रिय प्रशासन कार्यालय र गृह

मन्त्रालयलाई दिनु पर्नेछ ” भन्ने स्पष्ट कानूनी व्यवस्था गर्न गराउन नेपाल सरकारले तत्काल पहल गर्नु जरुरी देखिन्छ ।

**१.२ घाइतेको श्रेणी विभाजन गरी आवश्यक राहत उपलव्ध गराउने:** अहिलेसम्म सुरक्षा कारवाहीबाट वा अन्य कारण बाट मृत्यु भएको आश्रित वा परिवारलाई मात्र क्षतिपूर्ति वा राहत दिने प्रचलन रहेको पाइन्छ । तर प्रहरी कारवाहीको क्रममा घाइते भएकालाई सामान्यतया सरकारी अस्पतालबाट तत्काल निःशुल्क औषधी उपचार गराउने बाहेक अरु कुनै राहत वा क्षतिपूर्ति दिने गरिएको छैन । यसर्थ अब आईन्दा सुरक्षा कारवाहीमा घाइते भएकाहरुलाई निम्नानुसार चार श्रेणीमा बिभाजन गरी निम्नानुसारको क्षतिपूर्ति वा राहत दिनेतर्फ नेपाल सरकारले तत्काल पहल गर्नुपर्ने देखिन्छ ।

**घाइतेहरुको श्रेणी विभाजन तथा क्षतिपूर्ति राहत सम्बन्धि हुनुपर्ने व्यवस्था**

| **घाइतेको श्रेणी** | | **क्षतिपूर्ति वा राहत** |
|---|---|---|
| क | सामान्य घाइते | निःशुल्क उपचार वा उपचारमा लागेको खर्चको शोध भर्ना |
| ख | गम्भीर घाइते | निःशुल्क उपचार वा उपचार खर्चको अतिरिक्त क्षतिपूर्ति वापत एक लाख रुपैया |
| ग | आंशीक अङ्गभङ्ग हुनेगरी भएको घाइते | निशुल्क उपचार वा उपचार खर्चको अतिरिक्त क्षतिपूर्ति वापत दुई लाख रुपैया |
| घ | पूर्णरुपले अङ्गभङ्ग हुनेगरी भएको घाइते | निःशुल्क उपचार वा उपचार खर्च बाहेक क्षतिपूर्ति वापत ५ लाख रुपैया |

### औचित्य

सप्तरीको मलेठ घटनाका पीडित घाइते हरुसंग सोधपुछ गर्ने क्रममा दुई जनाको बाहिरी घाउ निको भएको देखिएपनि अहिलेसम्म बन्दुकको गोली शरीर भित्रै रहेको पाईएको छ । तिनीहरु शारिरीक र मानसीक रुपले ठीकसंग आफ्नो पेशा व्यवसाय गर्न सक्दैनन् । साथै केही पीडित घाइतेको हात वा खुट्टामा गोलीको घाउ लागी अझैपनि निको हुने पर्खाइमा छन् । तिनीहरुको जीविकोपार्जन गर्न रोजगारी वा  व्यबसायमा गम्भीर असर पुगेको छ । त्यसकारण सबै घाइतेलाई घाउको प्रकृती अनुसार बर्गीकरण गरी उपचार गर्नु एवम् उपचार खर्च दिनुको अतिरिक्त ती सबैलाई न्युनतम क्षतिपूर्ति दिने तर्फ तत्काल नीति निर्माण हुनु एकदम आवश्यक छ । यसको लागि नेपाल सरकारले तत्काल कारवाही अघि बढाउनु जरुरी छ ।

**१.३. जीवीकोपार्जन तथा परिपूरणको व्यवस्थाः** मलेठ घटनाजस्तो घटनामा मृतकको आश्रित वा परिवारलाई एकमुष्ठ क्षतिपूर्ति वा राहत दिएर पुग्ने अवस्था छैन । मृत्यु भएकाको आश्रित वा पूरै परिवारको जीवीकोपार्जनको श्रोत नै समाप्त भएको हुन्छ । तिनीहरुमा जीवनभरी मानसिक तनाव र जीवीकोपार्जनको समस्या देखिन आएको छ । तसर्थ एकमुष्ठ क्षतिपूर्ति बाहेक पनि अन्य जीविकोपार्जनको पर्याप्त श्रोत नभएका मृतकको आश्रित वा परिवारको एकजना सदस्यलाई रोजगारीको व्यवस्था गर्नु मानवीय र मानव अधिकारको रक्षागर्ने दृष्टिकोणले आवश्यक देखिन्छ । यसतर्फ पनि नेपाल सरकाले पहल गर्नु जरुरी छ ।

## २. स्थानीय प्रशासन र सुरक्षा निकायका लागि

भनिन्छ “उपचार गर्नु भन्दा रोग लाग्न नदिनु नै उत्तम (Prevention is better than cure)" हो । यो शारिरीक वा मानसिक रोगको सम्बन्धमा मात्र लागू हुने मान्यता होइन । अपितु जीवनको अनेक पक्ष र राज्य संचालनको अनेक चरणमा पनि लागू हुने मान्यता हो । सुरक्षा निकाय र स्थानीय प्रशासनले राम्रोसँग मलेठ घटनाको व्यवस्थापन र त्यसको संभावित परिणामको समयमा नै पूर्वानुमान गर्न सकेको भए त्यस्तो क्षति हुनेगरी घटना हुने थिएन । सुरक्षा निकाय र स्थानीय प्रशासनले सामाजिक सदभाव, शान्ति सुरक्षा र व्यवस्था कायम गरी राख्नुपर्ने आफ्नो प्रमुख दायित्व भएको बुझ्नु पर्दछ । यस सन्दर्भमा सानो ठूलो राजनैतिक दल वा व्यक्तिसँग मोल–मालाहिजा वा सौदावाजी गर्न मिल्ने हुँदैन । कुनै समूह वा राजनैतिक दलले संविधान वा कानूनको आड लिएर शान्ति र सुरक्षा भंग गर्न पाउने होइन । त्यस कारण भोली हुन गई रहेको कुनै कार्यक्रमको जानकारी मात्र प्रशासन र सुरक्षा निकायले राख्ने होइन । अपितु आफ्नो श्रोत, साधन र जनशक्तिको अधिकतम परिचालनबाट सो कार्यक्रमको प्रकृती र परिणामको सही पूर्वानुमान लगाउन सक्नु पर्दछ ।

सामाजिक शान्ति, सुरक्षा र साम्प्रदायिक सदभाव माथि गम्भीर असर पर्ने देखिएमा त्यस्तो कार्यक्रम कुनै हालतमा पनि हुन दिनु हुँदैन । पहिले नै रोक्नु पर्दछ ।

२.१. स्थानीय निकाय र सुरक्षाकर्मीले एकै दिन एकै साथ हुने दुई विरोधी वा प्रतिष्पर्धी राजनैतिक दल वा समूहलाई एकै स्थानमा कुनै कार्यक्रम कुनै हालतमा पनि गर्न दिनु हुँदैन । यसतर्फ सुरक्षा निकाय र स्थानीय प्रशासन सँधै सजग रहनु पर्दछ । कुनै एक राजनैतिक दलको सभाको सुरक्षाका लागि असिमित वा हजारौंको संख्यामा सुरक्षा बलको परिचालन गर्नुपर्ने बाध्यता वा निरिहताको स्थितीबाट माथि उठ्नु पर्दछ । आफ्नो जिल्लाको र जिल्लावासीको सुरक्षाको रणनीतिक योजना बनाउनु पर्दछ । साथै राजैतिक दलहरुले गर्ने कार्यक्रमहरुमा सुरक्षार्थ खटाइने सुरक्षाकर्मीको संख्या र प्रयोग हुन सक्ने हतियार र उपकरण समेतको मापदण्ड बनाउनेतर्फ पनि पहल गर्नु आवश्यक छ ।

२.२. धेरै घटनाहरु हेर्दा बल प्रयोग गर्दा आवश्यक परे घुँडा मुनि गोली हान्ने कानूनी व्यवस्था भएपनि व्यवहारमा त्यसको पालन भएको पाईंदैन । त्यसकारण यसतर्फ बढी सजग हुनु आवश्यक छ ।

२.३. घटनाको र त्यसको परिणामको एवम् घटनाको सुरक्षार्थ प्रयोग भएको बन्दूक (Fire arm) को सही विवरण युक्त प्रतिवेदन पनि प्रायः दिने गरिएको पाईंदैन । मलेठ घटनाको सन्दर्भमा हेर्दा जम्मा १५ राउण्ड फायर भएको र त्यसमा पनि १० राउण्ड हवाई फायर र ५ राउण्ड ताकेर फायर भएको भनिएको छ । तर ५ जना मानिस बुलेट प्रहारबाट मृत्यु र कयौं बुलेट प्रहारबाट घाइते भएका छन् । दुई जनाको जीउमा यद्यपी गोली मौजूद छ । त्यसकारण सशस्त्र प्रहरीको उक्त विवरण विश्वसनीय छैन । यसर्थ घटनाको र घटनामा प्रयोग भएका गोलीको वास्तविक विवरण सहितको लिखित प्रतिवेदन दिनु, राख्नु आवश्यक छ ।

२.४. सुरक्षाकर्मीहरुको मनोवल उच्च राख्ने खालका कार्यक्रम सञ्चालन गर्न मनासिव देखिने साथै प्राविधिक उपकरणहरु चलाउने सुरक्षाकर्मीहरुको दक्षता बढाउनुका साथै भीड नियन्त्रणको क्रममा कम भन्दा कम क्षति पुर्‍याउने खालका हातहतियारको आपूर्तिमा विशेष ध्यान दिईनुपर्ने ।

## ३. अस्पताल र चिकित्सकका लागि

प्रहरीको कारवाही वा सुरक्षा सम्बन्धी कारवाहीको क्रममा मारिएका वा घाइते भएकाहरुको चिकित्सकीय विवरण र अभिलेख पनि पूर्ण र उचित ढंगले राखिएको देखिंदैन । उदाहरणको लागि मलेठ घटनामा मृत्यु भएको २५ बर्षिय सञ्जन मेहताको पोष्ट मार्टम प्रतिवेदनमा

मृत्युको कारण बुलेट इन्जूरी लेखिए तापनि उनको टाउकोको गिदी बाहिर आएको भित्री भागका हड्डीहरु पनि कुच्चिएको देखिएकोले घाउको प्रकृतीसँग मृत्युको उल्लिखित कारण पूर्ण रुपले मेल खाँदैन । यसर्थ मृतकको पोष्ट मार्टम गर्दा सूक्ष्म ढंगले घाउको प्रकृतीको अध्ययन गरी मृत्युको कारण उल्लेख गर्नुका साथै घाइतेलाई लागेको चोटको प्रकृती पनि विस्तारमा खुलाउनु पर्दछ । निको हुने, नहुने, निको भएपनि कुनै अंगले पहिला जस्तो काम गर्न सक्ने वा नसक्ने वा आंशिक वा पूर्ण अंग भंग भएको भए सो समेत विस्तृत रुपले र बुझिने ढंगले घाउको वास्तविक प्रकृती चिकित्सकले खुलाउनु र खोलाउन लगाउनु पर्दछ । यसका साथै घाउको प्रकृतीबाट लाठी, ढुंगाले लागेको (Blunt Injury) हो वा बन्दूक (Fire arem) बाट लागेको भए कस्तो किसिमको बन्दूकबाट लागेको हो, कति नजिक वा टाढाबाट लागेको हो सो समेत खुल्ने गरी मेडिकल प्रतिवेदन तयार गर्नु, गर्न लगाउनु पर्ने देखिन्छ । मेडिको लिगल जाँच प्रतिवेदन तयार गर्दा हालै संशोधित ढाँचाहरुको प्रयोग भएमा विस्तृत विवरण आउन सक्ने हुँदा सो तर्फ ध्यान दिन आवश्यक देखिन्छ ।

## ४. राजनैतिक दलहरुका लागि

४.१. सर्वप्रथम आफ्नो राजनैतिक अधिकार प्रयोग गर्दा अरु दलको र आम जनमानसको अधिकार माथि आघात नहुने गरी प्रयोग गर्नु पर्दछ भन्ने सोच, मानसिकता र प्रतिवद्धता प्रत्येक राजनैतिक दल वा समूहमा हुनु आवश्यक छ । बहुदलीय प्रजातान्त्रिक व्यवस्था अन्तर्गत एक अर्काको अधिकारको सम्मान गर्नु पर्ने नै हुन्छ । राजनैतिक प्रतिष्पर्धा गर्ने हो तर प्रत्यक्ष मुठभेड वा द्विपक्षीय वा बहुपक्षीय भौतीक संघर्ष गर्नु प्रजातान्त्रिक सिद्धान्त र मान्यताको विपरीत हो । यस तथ्यलाई राजनैतिक अभ्यासमा अंगीकार गरेको भन्ने कुरा व्यवहारबाट देखिनु पर्दछ । साथै विचार अभिव्यक्त गर्दा एवम् कुनै कार्यक्रम गर्दा अर्काको अस्तित्व, सम्मान र प्रतिष्ठामा आँच वा आघात पुग्ने कृयाबाट पनि राजनैतिक दलले आफूलाई जोगाउनु र आत्म नियन्त्रण गर्नु पर्ने जरुरी देखिन्छ ।

४.२. प्रत्येक राजनैतिक दलहरुको शान्तिपुर्ण रुपमा आफ्ना बिचार अभिव्यक्त गर्ने संबैधानिक स्वतन्त्रता भएतापनि शान्तिपूर्ण प्रदर्शनको नाउँमा मसाल जुलुश र लाठी जुलुश प्रदर्शनगर्ने कार्यका साथै प्रदर्शनमा बालबालीकाको प्रयोगलाई निरुत्साहित गर्नेतर्फ दलहरु प्रतिवद्ध हुनुपर्ने ।

## ५. राष्ट्रिय मानव अधिकार आयोगका लागि

यस समितिले मलेठ घटनाको अध्ययन, छानविनबाट देखेको तथ्यको आधारमा राष्ट्रिय मानव अधिकार आयोगको लागि पनि देहाय बमोजिमका सुझाव दिने निर्णय गरेको छ । जुन् यसप्रकार छः

५.१. कार्यवाहीको लागि लेखी पठाउनुपर्ने : मलेठ घटनामा २०७३।११।२३ गते मेधेशी मोर्चाका प्रदर्शनकारीहरु माथि त्यहाँ खटिएका सशस्त्र प्रहरी बलको सुरक्षाकर्मीका तर्फबाट गोली चलेको स्पष्ट भई सकेको छ । त्यस कारण जिल्ला सुरक्षा समितिको निर्णय र कानूनको विपरित धेरै जस्तो घुँडा माथि नै गोली प्रहार गरिएकोले सो सम्बन्धमा त्यहाँ खटिएका र गोली प्रहार गर्ने सशस्त्र प्रहरीका बिभिन्न दर्जाका कमाण्डरहरु र सशस्त्र तर्फका सम्पूर्ण सुरक्षा बललाई कमाण्ड गरी रहेका **प्रहरी ९** लाई यसतर्फ सचेत गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाउनुपर्ने देखिन्छ ।

५.२. निर्देशन दिनुपर्ने: यस प्रतिवेदनको सुझाव खण्डको दफा ३ मा अस्पताल र चिकित्सकका लागि दिइएको सुझाव अनुसार गर्नु गराउनु भनी देशका सबै सरकारी अस्पताललाई निर्देशन दिनु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाउनु पर्ने देखिन्छ ।

५.३. यस प्रतिवेदनको सुझाव खण्डको दफा १ र २ मा उल्लिखित सुझावहरु कार्यान्वयनका लागि पनि राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयलाई लेखी पठाउनुपर्ने देखिन्छ ।

## ५.४. राष्ट्रिय मानव अधिकार आयोग आफैंले गर्नुपर्ने :

(क) राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार सम्बन्धी आफ्नो अनुगमन प्रणालीलाई बढी विश्वसनीय र प्रभावकारी बनाउने प्रयोजनले एउटा छुट्टै कार्यदल बनाई उसले दिएको सल्लाह अनुसार समेत आफ्नो काम कारवाहीको प्रकृयालाई बढी सुदृढ र पारदर्शी बनाउनु आवश्यक देखिन्छ । यसबाट पटक पटक हुने राष्ट्रिय मानव अधिकार आयोगको मानवीय श्रोत एवम् सम्पत्ति माथिको आक्रमण र क्षतिबाट समेत आफूलाई जोगाउनु र आयोग एवम् आयोगको कार्यप्रति राज्य सञ्चालनका बिभिन्न निकाय एवम जनमानसमा सम्मान र सर्वस्विकार्यता अभिवृद्धि गर्नु जरुरी देखिन्छ ।

(ख) आयोगले कम्तिमा ३ महीनामा १ पटक भएपनि संसदमा प्रतिनिधित्व गरेको राजनैतिक दलका शीर्ष नेतृत्व, केही सुरक्षा प्रमुख र प्रशासक एवम् केही मानव अधिकार सम्बन्धी विज्ञहरुलाई बोलाई एक दिने अन्तरकृयात्मक कार्यक्रम गर्दै राजनैतिक दलहरुमा एक अर्काको अधिकारको सम्मान गर्ने र सार्वजनिक सम्पत्ति माथि क्षति नपुर्‍याउने लगायत संविधानको धारा ४८ ले निर्धारित गरेको नागरिकको मौलीक कर्तव्यतर्फ सचेत एवम् जागरुक गराउन निरन्तर प्रयाश जारी राख्नु पर्ने आवश्यक देखिन्छ ।

## प्रतिवेदन प्रस्तुतकर्ताहरु

द. ताहिर अली अन्सारी (पूर्व न्यायाधीश) – संयोजक
द. डा. हरीहर वस्ती (फरेन्सीक विशेषज्ञ) – सदस्य
द. मञ्जु खतिवडा (मानव अधिकार अधिकृत) – सदस्य
द. जीवन न्यौपाने (मानव अधिकार अधिकृत) – सदस्य